मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्रान्ती

संचेतना द्वैमासिक

पूर्णाङ्क २५
२०५५, कार्तिक/मंसिर

- राष्ट्रिय सभाको औचित्य र भूमिका
- के संविधान संशोधन हुनु पर्छ ?
- वर्तमान संविधान र महिला सशक्तिकरण
- संवैधानिक अधिकार: सिद्धान्त र व्यवहार



प्रयोगको कसीमा संविधानका आठ वर्ष

मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची
संचेतना द्वैमासिक

वर्ष ६, पूर्णाङ्क २५, कार्तिक - मंसिर ०५५

प्राची डबली २
प्रस्तुति /समवेत ३
पोखिएको अत्तर / राजव ४
प्रयोगको कसीमा संविधानका आठ वर्ष/रघुनाथ लामिछाने ...५
संवैधानिक व्यवहार : सिद्धान्त र अधिकार/सुशील प्याकुरेल...८
प्रजातन्त्रको स्थायित्वको लागि .../प्रा.डा. राजेश गौतम ...१०
यथार्थभन्दा पर ..../ पवनकुमार ओझा १३
नेपाल अधिराज्यको संविधान .../ गुणनिधि न्यौपाने १६
वर्तमान संविधान र महिला .../ इन्दिरा भट्टराई २०
राष्ट्रिय सभाको औचित्य र .../ हरिप्रसाद उप्रेती २२
उपलब्धी र क्षतिबीच घोषणापत्रका .../ मुकुन्द कट्टेल २५
नेपाल अधिराज्यको संविधान..../ कमला पराजुली २७
संवैधानिक परिषद्को भूमिका ..../ हरिकृष्ण कार्की २८
युवा अधिकार र राष्ट्रिय..../ प्रकाश ज्ञवाली.....३०
मेरो कथाको पात्र / आत्माराम शर्मा ३२
अभियुक्त अभिभावकको छायाँ / कुन्दन अर्याल ३४
विहे : एक विहंगावलोकन / नरनाथ लुइँटेल.....३५

संस्थापक : सुशील-प्रकाश

सल्लाहकार :
सुशील प्याकुरेल
डा. राजेश गौतम
कुन्दन अर्याल

सम्पादन : नरनाथ लुइँटेल/देविका तिमिल्सिना

सह-सम्पादक : आत्माराम शर्मा

आवरण : गोविन्द थापा, कलाकेन्द्र

ले-आउट : गोविन्द त्रिपाठी

फोटो : विमलचन्द्र शर्मा

व्यवस्थापन : समीर नेपाल

अन्य सहयोगी
गीता माली, वासु क्षितिज, हरिप्रसाद शर्मा

मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

पत्राचार
पत्र मञ्जुषा २७२६, काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित



फोटो : प्रजातन्त्रको उदय

प्रयोगको कसीमा संविधानका आठ वर्ष

संविधानका सम्बन्धमा विभिन्न क्षेत्रका व्यक्तिहरूको धारणालगायत् कविता, कथा र अन्य स्थायी स्तम्भहरू

प्राची डबली



सम्पादकज्यू,
प्राची द्वैमासिक

"प्राची" को हरेक अङ्क खोजी खोजी पढ्ने क्रममा यसको २४ औं अंक हात पर्‍यो। वर्तमान अवस्थामा नेपालको "प्रजातन्त्र र निरीह जनता" विषयक आवरण चित्र मन छुने खालको छ भने डा. राजेश गौतमले प्रस्तुत गर्नु भएको लेखमा प्रजातन्त्रका नाउँमा राजनीतिक क्षेत्रमा हाल देखा परेका विकृति र विसंगति सम्बन्धी विवेचना साह्रै सान्दर्भिक लाग्यो। अन्नपूर्ण राणाको बहुचर्चित मुद्दामा सर्वोच्च अदालतको निर्णय र त्यस सम्बन्धमा विभिन्न व्यक्तित्वहरूको फरक मत तथा न्याय र मानवअधिकार अनि यसको सामाजिक प्रभावका सम्बन्धमा गरिएका अडकलवाजी रोचक, समय सापेक्ष तथा ज्ञानबर्धक छन्। निश्वार्थ राजनेता एवं लौह पुरूष स्व. गणेशमान सिंहको सम्बन्धमा आत्माराम शर्माले प्रस्तुत गर्नु भएको लेखले प्रजातन्त्रवादी नेताको उचाइको यथार्थ मूल्यांकन गरेको छ। साथै अन्य स्तम्भहरू पनि पठनीय छन्।

"प्राची" को बिगतका अंकहरूका आधारमा निष्पक्ष मूल्यांकन गर्ने हो भने मानवअधिकार सम्बन्धमा चासो राख्ने जो कसैको लागि पनि यो एक प्रभावकारी खुराक साबित भएको छ। क्रमिक रूपमा हरेक अङ्कहरूका प्रस्तुती नौलो तथा थप आयामका रूपमा रहेकाले संग्रहनीय छन्।

विद्यार्थी वर्ग भनेका भविष्यका मार्गदर्शक हुन् भन्ने कुरामा दुई मत छैन। प्रजातन्त्र तथा मानवअधिकारका विषयमा विद्यार्थी जगतलाई बेलैदेखि समेट्दै जानु पर्ने अवस्था छ। शुद्ध मानवअधिकार विषयक पुस्तक स्वभावैले विद्यार्थीहरू अध्ययन गर्न रूचाउँदैनन्। त्यसर्थ रोचक सामग्रीहरू समावेश गरी विद्यार्थी वर्गका लागि स्थायी स्तम्भ राख्ने कसो होला?

प्रजातन्त्र र मानवअधिकारको रक्षार्थ "प्राची" ले उठाउँदै आएका आवाजहरू सबैका सामु छर्लङ्ग छ। भविष्यमा अझ बढी रोचक ज्ञानबर्द्धक र सान्दर्भिक सामग्री थप गर्दै देशका हरेक वर्गसम्म प्रभावकारी ढंगले पुग्न सकोस्। मेरो शुभकामना "प्राची" लाई।

- बासु ढुंगेल
हेटौंडा, सानोपोखरा

प्राचीका बिगत तीन चार अङ्कहरू मैले पढ्न अवसर पाएँ। बजारमा देखिएका अन्य पत्रपत्रिका भन्दा यसले आफ्नो छुट्टै परिचय कायम गरेको रहेछ। विशुद्ध मानवअधिकारवादी पत्रिकाको रूपमा पत्रिकाको परिचय खोज्दा त्यस किसिमको पाउन पनि सकिन्छ। संक्षेपमा मानवअधिकारका कुरालाई केही हदसम्म समेट्न सफल नै भएको देखिन्छ।

पछिल्लो पटक मैले प्राचीको २४ औं अंक हात परें। यो अंक पढिसकेपछि सम्पादकज्यूलाई केही सुझाव दिन मन लाग्यो। मूलतः पत्रिकालाई सबैले पढ्ने खालको बनाउनु पर्‍यो। त्यसको लागि यसमा खेलकुद, मनोरञ्जन र विश्वका उल्लेख्य समसामयिक घटनाहरू आदि स्तम्भ पत्रिकामा थप्नु भयो भने यो अति नै उपयोगी हुने थियो। पत्रिकामा उल्लेख गरिएका पाठक पत्रहरू पढ्दा पनि त्यसै खालको सुझाव दिएको पाइन्छ। यसर्थ म आशा गर्दछु। यसका आउँदा अङ्कहरू थप सामग्री बोकेर अवश्य आउने छन्।

- रामकृष्ण वि.क.
रोल्पा

म प्राची पत्रिकाको नियमित पाठक नै हुँ। प्राप्त भएसम्म यसका हरेक अङ्कहरू पढ्दै आएको छु। पत्रिका पढिसकेपछि यसमा के नपुगेको केही छुटेको अनुभव हुने गर्छ। किनकी यसमा समसामयिक घटना र विषयवस्तु हुँदाहुँदै पनि ती सामग्रीहरूले पूर्ण रूपमा त्यस्ता विषयवस्तुलाई राम्रोसंग समेट्न सकेको छैन। त्यसतर्फ तपाईहरूको ध्यान जाओस् भन्ने मेरो सुझाव छ।

प्राचीको २४ औं अंकमा अन्नपूर्ण राणाको बहुचर्चित मुद्दाको सन्दर्भमा पत्रकार सूर्य थापा र अधिवक्ता टिकाराम भट्टराईको लेख र विभिन्न व्यक्तिका विचार अत्यन्त रोचक र ज्ञानबर्द्धक छ। डा. राजेश गौतमको आलेख र सुशील प्याकुरेलको मानवअधिकारको चुनौती संकलन गर्न योग्य लेखहरू छन्। रघुनाथ लामिछाने, प्रकाश ज्ञवाली, सुरेश आचार्यका लेख रचना जानकारीमूलक हुनाका साथै सुक्ष्म विश्लेषण गरिएको पाइन्छ। देविका तिमिल्सिनाको कविता, कणाद महर्षिको कथा र नरनाथ लुइँटेलको व्यंग्यले साहित्यको क्षेत्रमा आफ्नै स्थान कायम गरेको देखिन्छ। आत्माराम शर्मा, कविता अर्याल, मनोज गजुरेलका लेख, संस्मरण र नाटिका जानकारीमूलक छन्। मुकुन्द कट्टेलको सीमाना पारी र कुन्दन अर्यालको संस्मरणले पत्रिकाको उचाइ थपिएको छ।

- सुरेश पोखरेल
विराटनगर

यस प्राची पत्रिकाको लागि मैले एउटा कविता सहित पाठक पत्र पठाएको थिएँ। तर न कविता छापियो न त पाठक पत्र नै पत्रिकामा देखियो। किन यसरी मेरो दुवै रचनालाई पक्षपात गरेको। मेरो कविता त ठीकै छ प्राचीको स्तर अनुसार भएन होला तर पाठक पत्र नि? जे होस् तपाईहरूले मेरो रचनालाई स्थान नदिए पनि म यस पत्रिकाको नियमित पाठक भएकोले पत्रिका पढेर आफूलाई लागेका कुरा आगामी दिनमा म लेखि नै रहने छु।

- रमिला अधिकारी
मलेखु, धादिङ

पच्चीसौं अंकसम्मको यात्रा

"प्राची" को पुनर्प्रकाशनको पहिलो अंक ०४९ भदौ-असोजमा इन्सेकद्वारा पहिलो पटक संस्थागत रूपमा प्रकाशित भएको हो । "शुरूवातमा केही कुरा" अन्तरगत हामीले भनेको थियौं- "अढाइ दशकअघि स्व. प्रकाश काफलेले थाल्नु भएको "प्राची" साहित्यिक संकलन त्यसबेला प्रगतिशील साहित्यको क्षेत्रमा संकल्पबद्ध र संघर्षरत युवा समुदायको प्रकाशन मानिन्थ्यो । अराजकता र आतंकवादलाई क्रान्तिकारी मान्ने एकपक्ष र कोरा आदर्श अनि भावुकतालाई प्रगतिशीलता ठान्ने अर्को पक्षका बीचमा सही जनपक्षीय साहित्यको पक्ष पोषण गर्न प्राचीले अप्ठेरो कदम चाल्नु परेको थियो ।" अझ अगाडि हाम्रो अलि भावुक अभिव्यक्ति यसरी व्यक्त भएको थियो- "प्रकाश अब हामी बीच सशरीर हुनुहुन्न । तर उहाँको आदर्श, मूल्य, मान्यता र व्यवहारका कारण उहाँ एउटा अभियान बनिसक्नु भएको छ। हामी उहाँको अभियानका सहयोद्धा पथिकहरू, मानवअधिकारका वास्तविक मर्मज्ञ जुझारू साथीहरूको संकल्पबद्ध सक्रियताको ढाडस पाएर "प्राची" प्रकाशनको लालिमाका साथ तपाईहरू समक्ष पुनः पोखिएका छौं ।"

यसरी शुरू भएको "प्राची" को पुनर्जीवित यात्रा ६ वर्षको संघार टेक्दै पच्चीसौं अंकसम्म आइपुगेको छ । यो यात्रा मानवअधिकारको जगेर्ना तथा संरक्षणका निम्ति सततः समर्पित हुँदै आएको छ । प्रजातन्त्रको पुनरप्राप्ति पछि पनि जनादेश प्राप्त सरकारहरूको स्वेच्छाचारिताको मात्रामा कमी रहेन र मानवअधिकारप्रति गम्भीर भएको पाइएन । अनाहके अनेक निहुँ र नाममा नागरिकहरूले ज्यान गुमाउनु पर्ने स्थिति कायम रहेको यथार्थप्रति "प्राची" कहिले सहमत भएन । असहमतिको यो स्वरलाई नै "प्राची" ले पछिल्ला २४ अंकसम्म उरालेर आयो, आइरहेको छ ।

आम पत्रपत्रिका जस्ते "प्राची" ले पनि कतिपय बेला अप्ठ्याराहरू घुम्ती र मोडहरू पार गर्नु पर्‍यो । कुनै कुनै बेला ६ महिनासम्म निरन्तर उनु परेको पनि छ र कुनै अंक खप्टिएर आउनु परेको पनि । तर फेरि उठेर आफ्नो गन्तव्य पहिल्याउंदै यात्रा चलाउँदै आएको छ । यसरी पच्चीसौं अंकमा आइपुगेको "प्राची" ले यस पटक नेपाली जनताको साढे ठूलो त्याग र बलिदानबाट प्राप्त नेपालको संविधान २०४७ लाई ओल्टाइ पल्टाइ हेर्ने जमर्को गरेको छ । संविधान प्रदत्त हक अधिकारको कार्यान्वयनका सम्बन्धमा या अन्य कतिपय बेला केही संवैधानिक जटिलताहरू पनि उत्पन्न हुने गरेको वर्तमान स्थितिमा केही पहल र पक्षहरू खोतल्न यो अंक के कति सफल भयो विज्ञ पाठकहरूले पर्गेल्नु नै हुनेछ । पच्चीसौं अंकसम्मको निरन्तरतामा लेखक, पाठक र यसको शुभचिन्तकहरूको सहयोग र सुभेच्छाप्रति साधुवाद ।

समवेत

वर्तमान संविधान जन्माउन आफनो कुनै भूमिका नरहेको तर यो संविधान जन्मिएको आठ वर्ष पूरा भएको छ । जन्मिएको संविधानलाई पालन पोषण गर्ने जिम्मेवारी मैले पनि लिएको छु ।

– अध्यक्ष राजेश्वर देवकोटा
राप्रपा (चन्द)

देशमा केही अव्यवस्था र राजनीतिक अनिश्चितता छ, तर यसलाई प्रयोग गरेर प्रजातान्त्रिक परिवर्तन नरूचाउने तत्वहरूले प्रजातन्त्र र संविधान विरूद्ध राजसंस्थालाई गुहार्न थालेका छन् ।

– सि.पी. मैनाली
नेकपा (माले)

संविधानप्रति जिम्मेवारी संविधान बनाउनेहरूको हो, विरोध गर्नेहरूको होइन, आजको प्रश्न संविधान र प्रजातन्त्रले उल्जाएको होइन, हाम्रो व्यवहारले उब्जाएको हो ।

– सुवास नेम्वाङ्ग
सांसद नेकपा (एमाले)

संविधान अत्यन्त राम्रो छ, अहिलेको कमजोरी संविधानको होइन, कार्यान्वयनकर्ताको हो, अहिले प्रजातन्त्र विरोधीहरू दुस्वप्न देख्दैछन् ।

– दमननाथ ढुंगाना
पूर्व सभामुख

राजनीतिक पार्टीका नेताहरूमा निर्दलीयताको चिन्तन बसेकोले देशमा राजनीतिक, आर्थिक, सामाजिक आदि क्षेत्रमा समस्याहरू उत्पन्न भएको हो ।

– लक्ष्यमण प्रसाद अर्याल
न्यायाधीश सर्वोच्च अदालत

संसदीय व्यवस्थाप्रति आस्था राख्ने पार्टीहरूले सैद्धान्तिक र व्यवहारिक आधारमा स्पष्ट भएमा संविधानमा देखिएका कठिनाइहरू स्वतः समाधान भएर जान सक्ने छ ।

– प्रा. डा. लोकराज बराल

संसदको अधिकार बढ्नु पर्छ अनि मात्र प्रजातन्त्रको जग बलियो हुन्छ। कठिन परिस्थितिमा संविधान तयार भई लागु भएका कारण यसमा केही त्रुटि रहनु स्वभाविकै हो ।

– कृष्णप्रसाद भट्टराई
पूर्व प्रधानमन्त्री

पोखिएको अत्तर

राजव

अनेक आदरणीयहरूबाट
झरिरहेछन् आदर्श
कोरीको शरीरबाट
अङ्गहरूझैं ।

बाँकी केही छैन
उनीहरूको अंगमा
हाड, मासु, रगत, सिंगान र दिसाबाहेक
सब आदर्श झरिसकेको छ
उनीहरूको शरीरबाट ।

उनीहरूसंग छैन
उनीहरू जन्मेको सिद्धान्त
सब झरिसकेको छ
उनीहरूको दिमागबाट
तालुका रौं झैं ।

उनीहरूसंग छैन
उनीहरूको बचन
सब उडिसकेको छ
पोखिएको अत्तर झैं ।



प्रयोगको कसीमा संविधानका आठ वर्ष

रघुनाथ लामिछाने

नेपालको इतिहासमा सबैभन्दा प्रगतिशील र समुन्नत संविधानका रूपमा सबैबाट स्वीकार्य नेपाल अधिराज्यको संविधान २०४७ को आठ वर्षको प्रयोग आम जनताको दृष्टिमा कस्तो रह्यो ? ख्याल-ख्यालको उपज नभएर जनताको बलिदानी संघर्षको परिणामबाट प्राप्त यो संविधान अति उत्कृष्ट हुँदाहुँदै पनि जनतामा निराशा किन छाइरहेको छ ?

रामायण, कौटिल्यको अर्थशास्त्र, चिनियाँ कन्फ्युसियस आदिमा उल्लेखित प्रशासनिक व्यवस्था, तिनका समस्या तथा समाधानका उपायबाट धेरै हदसम्म प्रभावित आधुनिक संविधानहरूका जननी भने मेसोपोटेमिया, प्राचीन मिश्र र चीनका घाँटीहरू नै मानिन्छन्। राज्यलाई सुचारूरूपले संचालन गर्ने तथा निरंकुश हुनबाट बचाउन यस्ता नीति नियम विकासको सिँढी चढ्दै गरेको मान्छेले अनुभूत गर्न थालेकै कारण आज संविधान यो स्थितिसम्म पुगेर राजयन्त्रका हरेक अंगमा आफ्नो प्रभाव जमाउन सफल भएको हो।

विश्वमा यसरी विस्तारै संविधानहरू बलिया बन्दै गइरहेका थिए भने नेपालमा चाहिँ यो "कुन चराको नाम हो" भन्नेसमेत थाहा थिएन। राणा शासनअघि सम्पूर्ण नीति, नियम र आदेश केन्द्रीय राजा तथा तिनका भारदारहरूद्वारा निर्देशित हुन्थे र यो कुरालाई गर्वका साथ पालना गर्नु रैतीहरू आफ्नो कर्तव्य ठान्दथे। यस्तो अवस्थामा संविधान भन्नु नै राजा र भारदारहरूको विवेक र मुखमा भर पर्थ्यो, जसलाई जतिखेर जे उचित लाग्थ्यो, त्यही निर्णय गरिन्थ्यो। अर्थात्, सार्वभौम शक्ति जनताद्वारा अगाध विश्वास गरिएका राजामा र उनका सल्लाहकारहरूमा रहन्थ्यो।

त्यसपछि देशमा १०४ वर्षसम्म एक छत्ररूपमा राणा शासन छायो। राणाहरूले बोलेका कुरा नै सर्वशक्तिमान हुने हुँदा त्यतिखेर लिखित कानून, नियम आदिको भूमिका नगण्य नै थियो। उनीहरूले नै जंगबहादुरलाई कुँवरबाट राणा बनाइदिने अधिकारदेखि कसैको सर्वस्वहरण गरिदिनेसम्मका निर्णय गर्थे। श्री ५ महाराजाधिराज सुरेन्द्र वीर विक्रम शाहदेवबाट सम्पूर्ण राजकाजसम्बन्धी अधिकार र श्री ३ समेत लिएका जंगबहादुरको आदेश नमान्नेलाई मृत्युदण्ड दिनेसमेतको अधिकारले त्यस बेलाको नेपाली नियम कानून बुझ्न जो कोहीलाई पनि महाभारत पर्दैन। जतिखेर जनताको खाने बस्नेदेखि लिएर बाँच्नेसमेतको अधिकार हरण गरिएको थियो, त्यस्तो बेलामा

संविधान, ऐन र अधिकारका कुरा स्वतः पछाडि धकेलिनु कुनै विडम्बनाकै विषय पनि थिएन।

२००७ साल नेपालमा प्रजातन्त्र भित्रिएको सालका रूपमा नेपाली इतिहासमा चित्रित छ। तत्पश्चात् नेपालको अन्तरिम शासन विधान-२००७ को निर्माण गरियो। हुन त यसअघि नै नेपाल सरकारको वैधानिक कानून-२००४ को घोषणा भइसकेको थियो। तर पद्म शमशेरविरूद्ध चन्द्र शमशेरका छोराहरूको षडयन्त्र र पद्म शमशेरको कायरतापूर्ण स्वभावका कारण यो लागू हुन सकेन। २०१५ सालमा नेपालको तेस्रो संविधानका रूपमा नेपाल अधिराज्यको संविधान-२०१५ घोषणा भयो। तर २०१७ साल पुस १ गते तत्कालीन प्रधानमन्त्री वी. पी. कोइरालालाई व्यक्तिगत, दलगत स्वार्थमा लागेको र भ्रष्टाचार गरी अधिकार दुरूपयोग गरेको जस्ता आरोप लगाई श्री ५ महेन्द्रद्वारा पंचायती व्यवस्थाको सूत्रपात गरिएपछि सो संविधान मृतप्रायः भयो। यसरी ३ वटा संविधान पारवा लागिसकेपछि पुनः नेपालको संविधान-२०१९ पंचायती शासनको मेरूदण्डका रूपमा घोषणा भयो, जुन संविधान २०४७ को संविधान लागू नहुञ्जेलसम्म निर्वाधरूपमा चालू पनि रह्यो।

२०४६ सालको फागुन ७ गतेदेखि ४९ दिनसम्म जनताले देशमा विद्यमान निर्दलीय व्यवस्थाविरूद्ध आन्दोलन गरेपश्चात् सफलताको सबभन्दा गतिलो र ज्वलन्त प्रतिफलका रूपमा आएको नेपाल अधिराज्यको संविधान २०४७ नेपाली जनतासमक्ष प्राप्त हुन सक्यो। मानवअधिकारको सुनिश्चितता, मौलिक अधिकारको रक्षा र वाक तथा प्रकाशन स्वतन्त्रता जस्ता विषयमा प्रष्ट वकालत गरेको यो संविधानले सार्वभौमसत्ता जनतामा सुम्पिएर राज्यको सबभन्दा ठूलो शक्ति भनेको जनता नै हो भन्ने पुष्ट्याई गरिदिएको छ। कानूनी राज्यको अवधारणालाई साकार पार्ने र संवैधानिक राजतन्त्र तथा बहुदलीय व्यवस्थालाई अपरिवर्तनीय रूपमा अंकित यो संविधान विश्वकै उत्कृष्ट संविधानमध्ये मानिन्छ।

विश्वकै उत्कृष्ट संविधानमध्ये मानिने यो संविधान बेलायतमा प्रचलित वेष्ट मिनिष्टर शैलीको मानिन्छ। तल्लो र माथिल्लो सभा, संवैधानिक राजतन्त्रात्मक व्यवस्था जस्ता विशेषताहरू विद्यमान बेलायती संविधानको ढाँचाकाँचा मिलेको नेपाली वर्तमान संविधान दक्षिण एशियाकै सबैभन्दा राम्रो संविधानका रूपमा पनि बेलाबेलामा चर्चामा आउने गरेको छ।

यो संविधान नेपालमा लागू भएको ८ वर्ष पूरा भएको छ, यसबीचमा थुप्रै प्रयोगहरू भइसकेका छन् तर यो संविधानबारेमा नेपाली जनताको अभिमत एकै खालको छैन। संविधानप्रति आफ्नो धारणा पेश गर्दै वरिष्ठ पत्रकार एवं लेखक श्रीरामसिंह बस्नेत भन्नुहुन्छ- सैद्धान्तिकरूपमा कुनै पनि संविधान राम्रो हुँदैन, संविधानको सफलता यसको व्यावहारिकता र कार्यान्वयनमा भर पर्छ, सैद्धान्तिक दृष्टिकोणले हाम्रो संविधान जति राम्रो भए पनि व्यावहारिकरूपमा विवादास्पद छ। तर महेन्द्रनगर, सुनसरीका चन्द्रबहादुर सापकोटा यो संविधानको बारेमा विभिन्न टीका-टिपण्णी देखा परे पनि यो साह्रै उत्कृष्ट खालको रहेको बताउनुहुन्छ।

"बहुदलीय शासन प्रणालीमा आधारित जुनसुकै संविधान देशको मूल कानून हुने र यसद्वारा प्रदत्त मौलिक हक, अधिकार कानूनी राज्यको मूल अवधारणामा निहित हुनुपर्नेमा नेपालमा त्यस्तो हुन नसकेको हो कि भन्ने लाग्न थालेको छ"- ललितपुर झम्सिखेलका अर्जुन बिष्ट बताउनुहुन्छ। तर अधिवक्ता गणेश अधिकारीको विचार भने बेग्लै छ। उहाँको विचारमा जनताले ज्यानको बलिदान दिएर प्राप्त गरेको यो संविधान साह्रै राम्रो छ। तर सम्बन्धित पक्षबाट यसको अक्षरशः पालना हुन नसकेको र राजनीति गर्नेहरूले सत्ता लिप्साको दौडमा संवैधानिक मर्महरूलाई गलहत्याएका कारण संविधान बदनाम हुन पुगेको छ।

जनप्रशासन क्याम्पसका विद्यार्थी कुमार केसी संविधान प्रयोगका सन्दर्भमा निराशाजनक परिवृत्तहरू प्रवल देखिँदै जानु सार्वभौम नागरिकको मनमा चिसो पस्ने कुरा हो भन्नुहुन्छ। संविधानमा उल्लेखित मौलिक हकहरू कतिपय प्रयोगहीन प्रतीत भएकामा चिन्तित केसी वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने र मृत्युदण्ड दिने गरी कानून नबनाउने भनिए तापनि सरकारी पक्षबाट त्यसको पालना हुन सकेन, जसले गर्दा संविधानमै प्रश्न उठाउने वातावरण पनि सिर्जना हुन पुग्यो भन्नुहुन्छ। संसारमै राम्रोमध्ये भनिएको यो संविधान किन त्यति लोकप्रिय हुन सकेन त ? न्यूक्लियस ल फर्म, त्रिपुरेश्वरका अभिवक्ता विनोद फुयाल भन्नुहुन्छ- कुनचाहिँ संविधान राम्रो थिएन र ?, त्यसलाई प्रयोग गर्नेले आफूखुशी गरिदिएपछि संविधानप्रति जनताको सोचाइ नकारात्मक हुनु ठूलो विषय होइन।

"संविधानबारे मलाई खासै थाहा त छैन तैपनि सर्सती संविधान अध्ययन गर्दा र संविधानविद्हरूले गरेको व्याख्या पढ्दा हाम्रो संविधान विश्वकै उत्कृष्ट हो भन्ने लाग्छ"- जनक शिक्षा सामाग्री केन्द्रकी कर्मचारी धना वानियाँ बताउनुहुन्छ। तर यस्तो संविधानको कार्यान्वयन पक्षचाहिँ सन्तोषजनक हुन सकिरहेको छैन। यसो हुनुमा राजनीतिक नेताहरूले आफूखुशी संविधानको व्याख्या गर्ने प्रवृत्ति बढ्दै जानु हो। मलाई संविधानबारे खासै थाहा छैन भनी बताउने गौतम हार्डवेयर, तीनकुनेका गोविन्द गौतम आफूलाई यसमा खासै थाहा नभए पनि वर्तमान नेता र पहुँचवालाको चाला हेर्दा यो संविधान जसले बजाउन जान्यो र सक्यो उसकै डम्फू हो भन्ने लागेको बताउनुहुन्छ। देशमा शान्ति व्यवस्था राम्रो नहुनुमा कतै संविधानकै पनि कमी-कमजोरी त छैनन् भन्ने पनि उहाँको शंका रहेको छ।

संविधान प्रयोगका ८ वर्ष बितिसक्दा पनि यो संविधान सम्बन्धमा निर्धक्क हुन सकिने वातावरण किन तयार भएन त ? यो प्रश्नले संविधानवेत्ता मात्र हैन, सर्वसाधारण

नेपाल अधिराज्यको संविधान-२०४७ हत्पतको बेलामा बनेको भए पनि ज्यादै सम्वेदनशील, अति महत्वपूर्ण दस्तावेजका रूपमा बहुदलीय, संसदीय प्रजातन्त्रको संस्कार, मूल्य र मान्यताअनुरूप बनेको कारण यो उत्कृष्ट छ । केही त्रुटि र कमी-कमजोरी भए पनि संविधान साध्य नभई साधनमात्र भएका कारण यसमा समयानुकूल संशोधन पनि गर्न सकिने हुँदा त्यससँग डराइहाल्नु आवश्यक छैन ।

संविधान बनाउनका लागि त्यसमा रहने व्यक्तिहरू त्यसै प्रयोजनको चुनावद्धारा चुनिए अझ वेश हुन्थ्यो कि ? ८ वर्षमै संविधानप्रति जुन नकारात्मक टीका-टिप्पणी आएका छन्, यसलाई दीर्घकालसम्म लम्बिन नदिन यसका कारण र समाधानको बाटो पहिल्याइहाल्नु आवश्यक छ ।

संविधानको अक्षरशः पालनाले मात्र यसको गरिमा बढ्ने र संविधानको मर्म चल्न-खेल्न पाउने हुँदा यसलाई प्रभावकारी बनाइनु आवश्यक छ । एक शिक्षाविद्को हैसियतले यो संविधान प्रभावकारी बनाउन सर्वप्रथम सम्पूर्ण व्यक्तिलाई शिक्षाको खुराकद्धारा सुसज्जित पार्नुपर्ने र त्यसपछि स्वतः प्रभावकारी हुने धारणा व्यक्त गर्न चाहन्छु ।

- डा. गंगाप्रसाद आचार्य
लेखक, कन्सल्टेण्ट

प्रजातन्त्रप्रेमीहरूलाई समेत घोत्ल्याउन बाध्य पारेको छ। अदालत, न्यायमूर्तिहरू र राजनीतिक पार्टीका नेताप्रति नै वितृष्णा उत्पन्न गराउने के त्यस्तो तत्व छ यो संविधानमा ? भनेर आज सबैले प्रश्न गर्न थालेका छन्। जसका लागि गोष्ठी, छलफल र अन्तरक्रियाका क्रमहरू पनि शुरू भइसकेका देखिएका छन्। बिष्ट भन्नुहुन्छ- यसमा देखिएका कमी-कमजोरीहरूलाई हटाई अझै राम्रो र सुपाच्य बनाउन समयसापेक्ष सुधारको खाँचो देखिइसकेको छ।

संविधान बनाउँदा नेपाली जनतालाई कसरी शक्ति सम्पन्न बनाउनेभन्दा पनि कसरी राजालाई शक्तिहीन बनाउने भन्ने सोचाइ बढी हावी भएको रहेछ भन्ने बताउँदै पत्रकार बस्नेत भन्नुहुन्छ- कुशल प्रजातन्त्रमा राज्यका सबै अंगबीच सन्तुलन कायम हुनुपर्छ, तर हाम्रो संविधानमा यो पक्ष कमजोर देखिएको छ। संविधान जलाउने, च्यात्ने काम गरेर अराजकता निम्त्याउने होइन, संशोधन गर्नुपर्दछ। विद्यार्थी केसीको विचारमा विधायक र सरकारी प्रतिनिधिसमेत किनमेलमा सरिक भएर आर्थिक स्वार्थप्रेरित भएका र आफ्नो परिस्थितिअनुकूल संविधानको अर्थ लगाउने गर्नाले पनि यो संविधानले त्यसलाई तह लगाउने कुनै सीमा तोक्न सकेको पाइन्न।

"संविधानलाई आफूखुशी व्याख्या गर्ने परिपाटीले संविधान नै गलत हो कि भन्ने जनतामा परेको छ", अधिवक्ता अधिकारीको भनाइ छ- "सम्पूर्ण राजनीतिक दलहरू मिली यसलाई एक भएर कसरी सुधार गर्दै लग्ने भन्नेबारेमा सोच्नु जरूरी छ, ताकि बदनाम गराउन खोज्नेहरू सतर्क होउन् ।" अभिवक्ता फुयाल भने यो संविधानले बाठालाई बढी सजिलो र सोझालाई बढी अप्ठ्यारो पारेको महसुस भएको बताउनुहुन्छ।

कर्मचारी बानियाँ बताउनुहुन्छ- नेताहरूमा रहेको नेतृत्व क्षमताको अभाव र कमजोरीका कारण संविधानप्रति शंका उब्जेको हो, संविधान र व्यवस्था आफैंमा खराब होइनन्, यो संविधान संशोधन गर्नु आवश्यक छैन, पार्टीहरूबाट त्यस्ता नेताहरू निस्कनु पर्‍यो, जसले संविधानको मर्मअनुरूप ठोस विचार, दर्शन र योजना लिएर पार्टी, सरकार र मुलुकलाई सही बाटो दिन सकोस्, त्यति हुन सक्यो भने बन्दूकको नालबाट सत्ता खोज्ने र राजाको नामबाट देशलाई बर्बादीतिर धकेल्न खोज्ने निर्दलवादीहरूको सपना सपनामात्र हुनेछ र यही संविधानको परिधिभित्रैबाट देश समृद्धितिर अगाडि बढ्नेछ।

सापकोटाको विचारमा सम्बन्धित

मानवअधिकारको सुनिश्चितता, मौलिक अधिकारको रक्षा र वाक तथा प्रकाशन स्वतन्त्रता जस्ता विषयमा प्रष्ट वकालत गरेको यो संविधानले सार्वभौमसत्ता जनतामा सुम्पिएर राज्यको सबभन्दा ठूलो शक्ति भनेको जनता नै हो भन्ने पुष्ट्याई गरिदिएको छ । कानूनी राज्यको अवधारणालाई साकार पार्ने र संवैधानिक राजतन्त्र तथा बहुदलीय व्यवस्थालाई अपरिवर्तनीय रूपमा अंकित यो संविधान विश्वकै उत्कृष्ट संविधानमध्ये मानिन्छ ।

पक्षहरूले आ-आफ्नो क्षेत्रबाट संविधानको पालना गरिदिने हो भने यसमा हाल देखा परेको संकट दर्नेछ र संविधानलाई गाली गर्नेहरू देखिने छैनन्। गौतम भन्नुहुन्छ- सरकारी कर्मचारी, प्रहरी, न्यायिक क्षेत्र जतातते भ्रष्टाचार बढेको र शक्तिको फूर्ति देखाउने प्रवृत्तिलाई कसैले पनि रोक्न नसकेको देख्दा यस्ता प्रवृत्ति निरूत्साहित गर्न यो संविधान असफल भएको हो कि भन्ने आफ्नो काँचो बुद्धिले सोचेको छु।

देशमा व्याप्त भ्रष्टाचार, कर्मचारीमा बढेको अराजकता, व्यापारी-उद्योगीमा देखिएको मनोमानी, सरकार स्वयं यस्ता घटनाको संरक्षक रहनु जस्ता घटनाले वर्तमान संविधान आलोच्य बन्न गएको रिक्सा चालकदेखि प्राध्यापकसम्मको भनाइले पुष्टि गर्दछ। यस्ता घटनाका मतियारहरूलाई कारबाही गर्न संविधान असमर्थ भएको, उल्टै न्याय क्षेत्रमाथि नै कलंकका छिटाहरू पर्न थालेको गुनासो पनि जनमानसमा फैलिएको पाइन्छ।

समग्रमा भन्नुपर्दा यस्ता विकृति र विडम्बना रोक्न क्रियाशील हुनुपर्ने अदालत किन आफैं सुस्त छ ? कतै प्रयोगकर्ता र जिम्मेवार व्यक्तिहरू नै यस कार्यप्रति सम्वेदनशील नभएका त हैनन् ? भन्ने प्रश्न जनताले उठाउन थालेका छन्। तसर्थ यस्ता प्रश्नको जवाफ सम्बन्धित निकायबाट नआउन्जेल जनताको मनमा निराशाले बास गरिनै रहनेछ।



श्रीरामसिंह बस्नेत



अर्जुन विष्ट



गणेश अधिकारी



गोविन्द गौतम



कुमार के.सी.

धना बानियाँ

संवैधानिक अधिकार : सिद्धान्त र व्यवहार

सुशील प्याकुरेल



नेपालको संविधान २०४७ जारी भै लागु गरिएको सात वर्ष पुरा भएको छ। संविधान जारी भए यता यसबारेमा निकै टिका टिप्पणीहरू भएका छन्। नेपालको संविधान २०४७ लाई विश्वमै उत्कृष्ट संविधान देखि जनअधिकारको ग्यारेण्टी गर्न नसकेको संविधानको रूपमा पनि चित्रित गरिएको छ।

जुनसुकै वस्तुलाई हेर्ने दृष्टिकोण आफ्नै राजनैतिक सोच र चेतना अनुरूप फरक-फरक हुन सक्छ। नेपालको संविधानलाई पनि यसै कसीमा हेर्दा बेग्लै दृष्टिकोण अभिव्यक्त हुन सक्छ। पूर्वाग्रही सोच नराखी विवेकी भएर सोच्ने हो भने नेपालको संविधानले जनतालाई सार्वभौमको रूपमा प्रस्तुत गरेको मात्र हैन जनताले आफू शक्तिशाली हुने क्रममा गर्ने क्रियाकलापलाई यसले अवरोध पनि गरेको छैन।

संविधान एउटा मूल कानून हो र अझ भन्ने हो भने यसले समाजलाई अगाडि बढाउन खोज्ने सिद्धान्त मात्र प्रस्तुत गरेको हुन्छ। यो स्वयंमा व्यवहार होइन। तर सिद्धान्त पनि कस्को लागि र कसरी प्रस्तुत गरिएको छ भन्ने प्रश्न नै अहं हो।

नेपालको संविधानको प्रमुख पक्ष यो आर्थिक एवं राजनैतिक न्याय प्राप्त गर्ने उद्देश्यले अभिप्रेरित छ। यद्यपि न्याय कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारेमा संविधान मौन छ। तर पनि "प्रत्येक नेपाली जनताको आधारभूत मानवअधिकार सुरक्षित गरी ....." भन्ने वाक्य संविधानको प्रस्तावनामै उल्लेख गरिएको छ। अब प्रश्न उठ्न सक्छ नेपाली जनताको आधारभूत मानवअधिकार भनेको के हो? कसरी पूर्ण गर्न सकिन्छ त्यो आधारभूत मानवअधिकार। प्रस्तावनामै सामाजिक र राजनैतिक न्याय प्राप्तिको इच्छा पनि व्यक्त गरिएको छ। एउटा वर्गीय समाजमा सामाजिक र राजनैतिक न्याय कतिखेर प्राप्त हुन्छ? यो विचारणीय कुरो हो। यहाँ संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू शीर्षकको दफा २५ को २ मा उल्लेख गरेको वाक्यलाई उधृत गर्नु सान्दर्भिक हुनेछ। यहाँ भनिएको छ- "देशको उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी स्वेदशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउनु राज्यको मुलभूत आर्थिक उद्देश्य हुनेछ।"

संविधानले एकातिर सबै वर्गको समान अधिकार र अवसरको वकालत गरेको छ भने यसैभित्र वर्गीय शोषणको अन्त र सामाजिक न्यायको अवधारणा अघि सारिएको छ। सम्पत्तिको अधिकारलाई परिभाषित गरिएको छैन। त्यसैले भूमिको असमान वितरणलाई रोक लगाउने, शोषणका माध्यमको अन्त गर्ने कुनै प्रावधान पनि संविधानमा पाइदैन। गरीब, निमुखा, अशक्त वा विपन्न वर्गको उत्थानलाई सरकारको दायित्वको रूपमा भन्दा पनि सरकारले चाहेको समयमा वा उसको क्षमता अनुरूप गर्ने इच्छाधीन विषय भित्र राखिएको छ।

यसरी यो अशंले नेपाली समाजको वर्तमान संरचना र त्यसप्रतिको संविधानको प्रतिक्रिया स्पष्ट अभिव्यक्त गरेको छ। संविधानले देशमा सामाजिक न्यायको लागि कुनै पनि वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नहुने कुरो अगाडि सारेको छ। स्पष्ट छ नेपालमा सामाजिक न्याय कस्को लागि चाहिएको छ र कुन वर्ग माथि आर्थिक शोषण हुने खतरा छ। नेपाल एउटा कृषि प्रधान मुलुक मात्र हैन यहाँका करीब ९० प्रतिशत जनता भूमिमा आश्रित छन् तर ६० प्रतिशत भूमि २० प्रतिशत सामन्त र धनी किसानको हातमा केन्द्रित छ। यहाँ भूमिहीन र गरीब किसानको हातमा भूमि छँदैछैन वा एकदमै कम छ। देशमा ७० प्रतिशत भन्दा बढी जनता निरपेक्ष गरीवी भन्दा तल्लो स्तरको जीवन धान्न बाध्य छन्। गाउँले जनता करीब ८ महिनादेखि १० महिना श्रम गरेतापनि बेरोजगार हुने अर्थव्यवस्थाभित्र बाँच्न बाध्य छन्। यद्यपि एउटै धर्म मान्ने समूदाय बीचमै धार्मिक स्थल प्रवेश गर्न पाउने र छुवाछूत समेत व्यापक प्रचलनमा छ। यस्तो स्थितिमा कसको लागि सामाजिक न्याय भन्ने प्रश्न अहं भएर हाम्रो अगाडि आउँछ। नेपालको संविधानले नेपालमा विद्यमान असमान वितरण प्रणालीलाई परिर्वतन गर्नुपर्ने इशारा दिएको मात्र हैन व्यापक जनताको जीवनस्तर उक्सनु पर्ने र यसको लागि सामाजिक न्यायको सिद्धान्तलाई लागू गर्नुपर्ने विचार अघि सारेको छ।

संविधान आफैमा लक्ष्य होइन यो त मात्र लक्ष्यमा पुग्ने माध्यम हो। नेपालको

नेपाल अधिराज्यको संविधान

२०४७

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

कानून किताब व्यवस्था समिति

संविधानले निर्दिष्ट गरेको लक्ष्यलाई हेर्ने हो भने यसले सामाजिक न्याय र न्यायसंगत वितरण प्रणालीलाई अंगिकार गर्ने प्रयास गरेको पाइन्छ। तर तीन पृथक शक्तिका बीचको शक्ति सन्तुलनको दस्तावेजको रूपमा आएकोले संविधानमा प्रशस्त विरोधाभाष पनि पाइन्छ।

संविधानले एकातिर सबै वर्गको समान अधिकार र अवसरको वकालत गरेको छ भने यसैभित्र वर्गीय शोषणको अन्त र सामाजिक न्यायको अवधारणा अघि सारिएको छ। सम्पत्तिको अधिकारलाई परिभाषित गरिएको छैन। त्यसैले भूमिको असमान वितरणलाई रोक लगाउने, शोषणका माध्यमको अन्त गर्ने कुनै प्रावधान पनि संविधानमा पाइँदैन। गरीब, निमुखा, अशक्त वा विपन्न वर्गको उत्थानलाई सरकारको दायित्वको रूपमा भन्दा पनि सरकारले चाहेको समयमा वा उसको क्षमता अनुरूप गर्ने इच्छाधीन .विषय भित्र राखिएको छ। संविधानले गरीबिलाई सामाजिक संरचनाको परिणाम भन्दा पनि समाजमा विद्यमान हुने एउटा सहज प्रक्रियाको रूपमा स्वीकारेको छ। यसैले नेपालको संविधानले स्वयं नै समाजको आमूल परिवर्तन गर्ने तर्फ समाज व्यवस्थालाई डोऱ्याउन सक्दैन।

यति भएतापनि नेपालको संविधानले जनतालाई सशक्तिकरण तर्फ जान भने रोक लगाएको छैन। जनतालाई नै "सर्वोच्च" को रूपमा स्वीकार्नु र जनतालाई सार्वभौम सत्ता सम्पन्न मान्नु नै यसको प्रमुख विशेषता हो। संविधानको यसै विशेषतालाई जनताको पक्षमा प्रयोग गर्न सक्दा वर्तमान संविधानबाट पनि जनताको हक अधिकारको ग्यारेण्टी गर्न/गराउन सकिन्छ तर नेपालमा यस्तो भएको छैन। राजनैतिक दलहरूले संविधानको आशय बुझ्ने त परै जाओस् संविधानमा उल्लेख बुँदाहरू जनताको पक्षमा लागू गर्नेसम्म प्रयास गरेका छैनन्। निर्देशक सिद्धान्तलाई सत्ताले लागू गर्ने प्रयत्न नगरेको मात्र हैन त्यसतर्फ ध्यान समेत दिएको छैन। दुःखद् स्थिति के हो भने संविधानलाई आफ्नो नीहित र संकीर्ण स्वार्थमा दुरूपयोग गर्न थालिएको छ।

यस्तो स्थितिमा संविधान एउटा आदर्श सिद्धान्तको दस्तावेजको रूपमा प्रस्तुत भएको छ जसको व्यवहारिक पक्ष ज्यादै कमजोर बनाइएको छ। एउटा दस्तावेज सजिव त्यतिखेर हुन्छ जब त्यो व्यवहारमा उपयोग गरिन्छ। नेपालको संविधानलाई "उत्कृष्ट" हैन जनताको पक्षमा उपयोग गरेर व्यवहारिक स्वरूप दिनु आवश्यक छ।

के तपाई मानवअधिकारप्रति रुची राख्नु हुन्छ ?

हरेक शनिवार विहान ८।३० बजे रेडियो नेपालबाट प्रशारण गरिने मानवअधिकार शिक्षा कार्यक्रम सुन्न नभुलौं ।

प्रजातन्त्रको स्थायित्वको लागि संविधान संशोधन गर्नै पर्छ

प्रा. (डा.) राजेश गौतम

सत्तामा रहिरहेका वर्गले सत्तामा रहिरहनको निम्ति जे जस्तो कार्य पनि गर्न सक्दछन् भन्ने धारणा अहिले जनतामा व्यापक हुँदै गइरहेको छ। सत्तामा नरहेका विपक्षीहरूमा पनि त्यस स्थितिलाई रोक्न सक्ने कुनै शक्ति नै छैन। किनभने सत्ता र विपक्षी दुवैका अधिकांश नेताहरूलाई अहिले विश्वास गर्न सक्ने स्थितिको क्रमशः अन्त हुँदै गएको छ। जे थिए ती पनि अयोग्य र भ्रष्ट, सत्ता र शक्तिको लोभीको रूपमा दर्ता भइसकेका छन्। अहिलेसम्म हामीले अन्तरिम सरकार बाहेक चारवटा सरकार देखिसकेका छौं। तर तिनीहरूबाट न देशको राजनैतिक ढाँचामा, न राष्ट्रको विकासमा नै कुनै उल्लेखनीय परिवर्तन भएको छ। त्यसैले आज कैयौं व्यक्तिहरूले अहिलेको वर्तमान राजनैतिक पद्धतिको उपादेयतामाथि नै प्रश्न चिन्ह लगाउन थालेका मात्र छैनन् उनीहरूले जुन संविधानबाट यो व्यवस्था प्राप्त भयो त्यसको नै सार्थकतामाथि पनि औंला उठाउन थालेका छन्। संविधानमा त्यस्तो कुनै गडबड छैन भन्ने व्यक्तिहरू पनि नभएका हैनन्। तर तथ्य यो हो कि प्रत्येक चोटी संवैधानिक संकट पर्ने र प्रत्येक चोटी त्यसलाई व्याख्या गर्न अदालतलाई नै गुहार्नु पर्ने स्थितिले भने हालको संविधान केही बढी जटिल वा संविधान अपुरो र अप्रष्ट भएको नै बढी पुष्टि हुन्छ र यसले संविधानको बारेमा हामीलाई सोच्ने पर्ने बनाएको छ। संविधानमा त्यस्तो संशोधन हुनु नै पर्दछ जसले देशको अगाडि रहेको समस्याहरूलाई समाधान गर्न बाटो खुल्ला गर्दछ। तर सत्ता वा शक्तिशाली बन्नेहरूको लागि भने यो पक्षधर हुँदै नहुन पनि सक्छ। तर यो स्थितिले गर्दा प्रजातन्त्रप्रति नै नकारात्मक धारणाको विकास क्रमिक रूपमा झन् बढ्दै जान सहयोग नै पुऱ्याउने छ/ पुऱ्याएको छ।

हामीले भनेको खोजेको प्रजातन्त्रको अर्थ के हो? यसको सोझो र स्पष्ट अर्थ हो



एउटा कडा, प्रष्ट र सरल संविधान जसको माध्यमबाट आजको जटिल समस्या र राजनैतिक अन्योलबाट बाहिर निस्कने वा मुक्त हुने उपायको वा बाटोको प्राप्ति हो। जसमा त्यस्ता धाराहरू व्यवस्थित होस्, जसले एक अर्कालाई व्यवस्थित गर्ने काम गर्न सकोस्, जसले सामाजिक न्याय र एउटा न्यायपूर्ण र प्रजातान्त्रिक संस्कारयुक्त सरकारको ग्यारेन्टी दिन सकोस् आदि। तर एउटा कुरा यहाँ के बुझ्नु पर्दछ भने पटक-पटक गरेर गरिएको परिवर्तनको कुनै अर्थ हुँदैन, त्यो ढिलो हुनेछ। त्यसैले सम्पूर्ण परिवर्तन एकै चोटी गरिनु पर्दछ। यस विषयमा सरकार र प्रतिपक्षीय दृष्टिकोण के कस्तो रहेको छ भनेर हेर्दा उनीहरूले संविधानको इज्जत र सम्मान गर्नुभन्दा बढी खिल्ली नै उडाएको देखिन्छ। यसकारण पनि राजनैतिक दलहरूको सत्ता र शक्ति प्राप्तिको मोहलाई कम गर्न र संविधानलाई बढी प्रजातान्त्रिकरण बनाउन संविधानलाई संशोधन नै गर्नुपर्छ। संविधान संशोधन नै गर्नुपर्ने कारण के हो त प्रश्न उठ्न सक्छ।

संविधान संशोधनका कुराहरु

आज नेपाललाई उच्च र मध्यमवर्गका राजनैतिक नेताहरूले आफनो लागि चलाइरहेका छन्। उनीहरूको दृष्टि केही विकसित क्षेत्रहरूतर्फ नै लागेको छ । आजको संविधान पनि यही वर्गका नेताहरूले हिजो आफना लागि बनाएका थिए । त्यसैले धेरै ढिला गर्नु संसदीय व्यवस्थाको लागि अनि देश र जनताको लागि पनि अब खतरा हुन सक्दछ। वर्तमान संविधानको सबैभन्दा नराम्रो र उरलाग्दो पक्ष सायद् यो हो कि यस संविधानका कयौं धाराहरू त्यस्ता छन् जसले स्वयं त्यसको उल्लंघन गर्दछन् ।

हामीले हाम्रो प्रजातन्त्र, संसदीय व्यवस्था र हाम्रा नेताहरूलाई बढी राम्रो, व्यवस्थित र संस्कारपूर्ण बनाउनको निम्ति पनि समयमा नै संविधान संशोधन गर्नुपर्दछ । यदि यो गरेनौं भने संसदीय व्यवस्था संगसंगै हामीले प्रजातन्त्रलाई पनि गुमाउने छौं । यो भयो भने यतिखेर यसको दोष राजा र जनतालाई हैन वर्तमान संविधान र त्यसलाई परिचालन गर्ने नेताहरूलाई नै जानेछ ।

यसको मुख्य कारण हाम्रो यो संविधान भलै २०४७ वि.सं. (१९९१ इ.सं.) मा निर्माण भएको भएता पनि यो संविधान १९९१ वि.सं (१९३५ इ.सं.) तिर विश्वका प्रजातान्त्रिक संविधान भनिने संविधानहरूको केही परिवर्तन गरिएको नक्कल थियो। त्यसैले त्यसले प्रजातन्त्रको नाममा दास मनोवृत्ति रहेको राजनैतिक संस्कारको स्थापना हुन पुग्यो र यसले प्रजातन्त्रको नाममा अन्यौलपूर्ण स्थितिको सृजना गऱ्यो। यस संविधानमा व्यवस्थित राजनैतिक प्रक्रियामा जनताको सोझै सहभागी हुने भएतापनि सरकार र नेताहरू जनताप्रति पूर्ण रूपले उत्तरदायी भएको देखिंदैन। हाम्रो जस्ता अशिक्षित र गरीबीले सताइएका जनता संविधानको यस व्यवस्था

अन्तरगत सरकार र नेताहरूबाट बढी शोषित हुन पुग्नु अस्वाभाविक पनि हैन। त्यसैले संविधानको संशोधन देशको स्थिति, गरीवी र अशिक्षित समाजलाई नै हेरेर गरिनुपर्छ। यद्यपि हाम्रो संविधानमा हामीले हाम्रो लागि एउटा समाजवादी र प्रजातान्त्रिक राजनीतिलाई स्वीकार गरेका छौं। तर हाम्रो राजनीति न त समाजवादी नै रहेको छ न त पूर्ण प्रजातन्त्रवादी नै रहेको छ। अहिले हाम्रो संविधानको आधारमा प्रजातन्त्रको व्याख्या गर्नुपर्‍यो भने "जनतालाई, जनताको निम्ति, जनताबाट" भन्ने भनाइको ठीक उल्टो "नेतालाई, नेताको निम्ति, नेताबाट" भन्नुपर्ने भएको छ।

हाम्रा नेताहरू प्रजातान्त्रिक हुन नसक्नुको दोष, सत्ता र शक्तिको लोभमा फस्नुको दोष पनि आजभन्दा ५५-५६ वर्ष अगाडि विश्वमा तयार गरिएका संविधानहरूको नक्कलरूपी यस संविधानलाई नै दिनुपर्छ। संविधान, देशको यथार्थ वस्तुस्थिति र वातावरणको बीच सामाञ्जस्य हुन नसक्नुले पनि नेताहरू यस किसिमबाट स्वेच्छाचारी बन्न पुगेका हुन्। यसरी संविधान र नेताहरूको बीच ठूलो खाडल देखा परेको छ।

यहीनेर अर्को प्रश्न पनि उठ्न सक्दछ कि संविधानमा जनताको अधिकार ज्यादा महत्वपूर्ण हुन्छ कि राज्यको नीति निर्देशक तत्व? संसद् सार्वभौमसत्ता हो कि संविधानको केही मूल चरित्र? जसलाई संसदले पनि छुन सक्दैनन्। के संविधानले मूलरूपमा सही प्रजातान्त्रिक संस्कारको ग्यारेण्टी दिन सक्छ? यी सबै बौद्धिक बहसहरू अहिले देशमा चलिरहेका छन्। तर जुन कुरा माथि बहस चलेको छैन त्यो यो हो कि यस संविधानको शपथ खानेहरूले यसको धारा धाराको खिल्ली उडाएका छन् र त्यस्तो स्थिति सिर्जेका छन् कि राजनैतिक सुविधाको बाटोमा संविधान नामको कुनै कुरा नै बचेको छैन। संविधानको आत्मालाई लागू गर्ने स्पष्ट व्यवस्था छैंदै छैन भने लागू गरिरहेको कुराको कुनै पुष्टि नै छैन। यस्तो ढलपल स्थिति एकैपटक देखा पर्नुको कारण संविधान प्रष्ट नहुनु, नेताहरूले संविधानको व्याख्या आफ्नो स्थिति अनुकूल गराउने कार्य गर्नु र पटक-पटक अदालतले गरेको विभेदपूर्ण निर्णयहरू नै यसका कारण र परिणामहरू हुन्। यही कारणले गर्दा नै आज धेरै योग्य व्यक्ति नेता आफ्नो अधिकारको बारेमा आफ्नो योग्यताको चिनारीको बारेमा अँध्यारोमा नै भट्किरहेका देखिन्छन्। संविधानको नै आधारमा प्रधानमन्त्री र अन्य मन्त्रीहरू एकातिर तानाशाही, भ्रष्टाचारी हुँदै गइरहेका छन्। राजनीतिक अपराधीकरण र प्रशासन राजनीतिकरण हुँदै गइरहेको छ भने अर्कोतिर यिनै कारणहरूले गर्दा नेता, राजनैतिक दल र यहाँसम्म कि प्रजातन्त्र नै जनताको आँखामा बदनाम हुँदै गइरहेको छ। यद्यपि नेताहरू आफ्ना यी सम्पूर्ण गलत र अप्रजातान्त्रिक गतिविधिहरूलाई एकातिर प्रजातान्त्रिक अभ्यास भन्दै प्रजातन्त्रको नै अपमान र धज्जी उडाइरहेका छन् भने यिनै कारणहरूबाट उनीहरू जनताको आँखाबाट गिर्दै गइरहेका पनि छन्। आज प्रजातन्त्रमाथि नै प्रश्नचिन्ह उठाइ बहस हुन थाल्नुका कारणहरू पनि यिनै हुन्। त्यसैले यी गतिविधिहरूलाई रोक्ने राजनैतिक हतियारलाई संविधान संशोधन गरी बडी धारिलो बनाउनु पर्दछ। संविधानको त्यस धारलाई धारिलो नबनाएमा प्रजातन्त्रको नै अन्त हुन सक्दछ। त्यसैले संविधान संशोधन गर्नु हुँदैन भनी कराउने नेताहरू पनि देखापरेका छन्। किनभने त्यही आधारमा नै नेताहरूले/मन्त्रीहरूले मनपरी गर्न पाइरहेका छन्। त्यसैले यो परिवर्तनको आवाज प्रजातन्त्रको नै विरोधीमा दर्ता हुन पनि सक्दछ। किनभने जनता र प्रजातन्त्रको हित गर्ने, सुरक्षा गर्ने नाममा अदालतले पनि त्यस्ता फैसलाहरू गरेको छ। एउटै प्रवृत्तिका घटनाहरूमा बेग्लाबेग्लै निर्णयहरू गरी सरकार र नेताहरूलाई स्वेच्छाचारी बन्न सहयोग पुऱ्याएको पनि हामीले देखिसकेका छौं।

संविधान संशोधन कस्तो हुनुपर्दछ ती सबै कुराको वर्णन यहाँ गर्न सम्भव छैन। तर संविधानमा संशोधन गरी मुख्य रूपमा व्यवस्थित गर्नुपर्ने केही कुराहरूको चर्चा भने यहाँ गर्ने प्रयास गरेको छु।

१. कुनै पनि नेता दुई पटकभन्दा बढी प्रधानमन्त्री वा मन्त्री हुन नपाउने व्यवस्था गरिनु पर्दछ। आफ्नो उमेरको अन्तिम समयसम्म सत्तासंग टाँस्सिरहने जुन प्रवृत्ति अहिले देखा परेको छ त्यसको परिणाम स्वरूप नै यहाँ राजनैतिक अन्यौल, परिवारवाद र भ्रष्टाचार बढ्दै गएको हो।

२. नेपाल र अन्य विकसित देशहरूको प्रजातन्त्रमा सबैभन्दा ठूलो भिन्नता रहेको छ। उनीहरूले आफ्नो प्रजातन्त्रको विकासको लामो प्रक्रियामा त्यस्ता अनेकौं संस्थाहरू र प्रणालीहरूको विकास गरेर त्यसलाई स्थापित पनि गरेका छन्। जसले भ्रष्टाचारलाई एक हदसम्म अगाडि बढ्न रोक्दछ। उदाहरणको लागि इग्लैण्डको प्रधानमन्त्री या अमेरिकाको राष्ट्रपतिले त्यति मनमानी गर्न सक्दैनन् जति मनमानी नेपालको प्रधानमन्त्रीले गर्न सक्दछन्। त्यस्तै भ्रष्टाचार र प्रधानमन्त्रीको मनमानीलाई रोक्नको निम्ति हामीले हाम्रा प्रजातान्त्रिक इकाई/संस्थाहरूलाई पूर्ण स्वायत्तता पनि दिनै पर्दछ तर आजको संविधानको माध्यमबाट त्यस्ता संस्थाहरूलाई स्वायत्तता दिन र बनाउन सकिदैन। संसारभरिका विकसित प्रजातन्त्रहरूमा अपराध सम्बन्धी छानविन र फैसला गर्ने संस्थाहरू सरकारबाट पूर्ण स्वतन्त्र हुन्छन् र त्यो हदसम्म स्वतन्त्र हुन्छन् कि देशको सर्वोच्च राजनैतिक व्यक्तिलाई पनि यदि कानून तोडेको खण्डमा उसलाई गिरफ्तार गर्न सक्दछन्। यसै वर्ष पनि विश्वमा त्यस्ता कयौं घटनाहरू घटेको हामीले सुनेका पनि छौं। उनीहरूकहाँ कुनै किसिमको भ्रष्टाचार हुँदै हुँदैन भन्न सकिदैन। तर त्यसमाथि नियन्त्रण गर्ने पद्धतिको विकास पनि गरेका छन्। उनीहरूको राजनैतिक व्यवस्थामा त्यस्ता संवैधानिक व्यवस्थाहरू गरिएका छन् जसले उनीहरूको राजनीतिको नैतिकस्तर उठाउने काममा सदैव संलग्न रहिरहन्छ।

३. अर्को कुरा नेपालका राजनैतिक दलहरूको चरित्र। राजनैतिक दलहरूको विशाल संख्याले हामीहरू कहाँ अराजकता नै ल्याइदिएका छन्। यदि प्रजातन्त्रलाई बचाउने हो भने, राजनैतिक अस्थिरताको अन्त गर्ने हो भने राजनैतिक दलहरूको संख्या कम गराउने व्यवस्था गर्नुपर्दछ। निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवार र एउटा निश्चित प्रतिशतभन्दा कम मत पाउने राजनैतिक दललाई चुनाव प्रक्रियाबाट बाहिर निकाल्ने व्यवस्था गरिनु पर्दछ। वर्तमान संविधानले त्यस्तो गर्न पाउने अनुमति दिदैन। त्यसैले चुनावसंग सम्बन्धित नयाँ कानूनको आवश्यकता पर्दछ। त्यस्तो कानूनको निर्माण विना उक्त योजना कार्यान्वयन पनि हुन सक्दैन।

४. अर्को कुरा सरकारी खर्चको सीमा निर्धारण गरिनुपर्दछ। त्यो पनि अहिलेको संविधान अन्तरगत रहेर गर्न सकिदैन। त्यसको लागि पनि संविधानको संशोधन नै गर्नुपर्दछ। त्यसरी निर्धारण नगरिएको खर्चमा राजनैतिक व्यक्तिहरू र प्रशासनिक अधिकारीहरूको निहित स्वार्थ जोडिएको हुन्छ। एउटा धेरै संख्या भएको ठूलो सरकार खाली प्रजातन्त्रको लागि मात्र खतरा प्रमाणित हुनसक्दछ। आज विश्वभरि सरकारका गतिविधिहरूलाई सीमित गर्ने प्रयास चलिरहेको छ। बजेटको घाटामा, सरकारको ऋणमा र गैर विकासको खर्चमा पनि सीमा तोकिनु पर्दछ। आर्थिक प्रतिबन्धबारे यहाँ पूर्ण रूपले चर्चा त गर्न सकिदैन। तर मुख्य कुरा के हो भने आपतकाल र सुरक्षाको खर्चहरू बाहेक अरू सबै किसिमको खर्चहरूमाथि संवैधानिक प्रतिबन्ध लगाउन जरूरी छ। अहिलेको संविधानमा सरकारको कार्यहरूको जुन सीमा

छ त्यसलाई आर्थिक क्षेत्रमा ज्यादै नै सीमित गर्नुपर्ने आवश्यकता रहेको छ। यदि यस विषयमा संविधान संशोधन नगर्ने हो भने यो निश्चित छ कि केही वर्ष पछि हामी आर्थिक निरंकुशताले घेरिने छौं।

५. श्री ५ को सरकारको स्वामित्व र अर्धस्वामित्व रहेका कार्यालय र संस्थानहरूमा राजनैतिक दलहरूले आ-आफ्ना संगठनहरू खोल्न नपाउने व्यवस्था पनि गरिनु पर्दछ। तर यो कार्य पनि वर्तमान संविधान अन्तरगत सम्भव छैन। किनभने प्रजातन्त्रको नाममा वर्तमान संविधानले यस प्रकारको संघ संस्थाहरू खोल्ने स्वतन्त्रता दिएको त छ तर संविधानले त्यसबाट निम्ताइएको अन्यौल स्थिति र त्यसबाट आम जनताले भोग्नु परेको स्थितिबारे कुनै उपचारको बारेमा बोलेको छैन। यद्यपि "निजामति सेवा कानूनको" व्यवस्था भएको छ तापनि त्यसको दुरूपयोग स्वयं श्री ५ को सरकारले नै गर्ने गरेको कुरा सर्वविदित छ। अहिले त त्यसमा राजनैतिक दलहरू समेत पनि संलग्न भएका छन्। यो स्थितिको अन्त्य नगरेको खण्डमा त्यस्ता इकाइहरूमा श्री ५ को सरकार र अन्य दलहरूले गर्ने गरेको राजनैतिक निरंकुशताको अन्त हुन सक्दैन। तर एउटा कुरा के ख्याल गर्नुपर्दछ भने त्यस किसिमको राजनैतिक निरंकुशताको अन्त गर्नुको साथसाथै श्री ५ को सरकारका कार्यालयहरू र अन्य संघ संस्थानमा कार्यरत् कर्मचारीहरूले प्राप्त गर्ने पारिश्रमिक (तलब, भत्ता, अन्य सुविधाहरू) मा एकरूपता कायम गरिनु पर्दछ। अन्यथा संस्थानहरूमा कर्मचारीहरूले गर्ने गरेको "सुविधाको लुट र राजनीति" अनि श्री ५ को सरकारको कर्मचारीहरूले गर्ने गरेको "भ्रष्टाचार राजनीति र अल्छीपनाको" पनि अन्त हुँदैन/हुन सक्दैन।

६. वर्तमान हाम्रा ७५ जिल्लाहरूलाई नयाँ किसिमबाट पुनर्गठन गरिनुपर्दछ। अहिले रहेको ७५ जिल्लालाई परिवर्तन गरी देशलाई २०५ भागमा विभाजित गरिनुपर्दछ। यो किनभने हामीले गएको आमनिर्वाचन र मध्यावधि निर्वाचनलाई ध्यान दिएर हेरेको खण्डमा, आमनिर्वाचन र पहाडमा २ वा ३ निर्वाचन क्षेत्र रहेकोमा पछि मध्यावधि निर्वाचनमा सो ठाउँ घटी १ मा पुगेको र सो संख्या तराई भागमा बढ्न गएको देखिन्छ। हामीले निर्वाचन क्षेत्र जनसंख्याको आधारमा नगरी नेपालको भौगोलिक र प्रशासनिक स्थितिलाई आधार बनाउनु पर्दछ। जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तोकिने व्यवस्थाले तराईतिर बसाइ सर्ने प्रवृत्ति बढिरहेको र प्रोत्साहित हुँदै गइरहेको देखिन्छ भने विकास निर्माणका कार्यहरू पनि बढी यिनै क्षेत्रमा नै एकत्रित हुँदै गइरहेका छन्। त्यसैले देशलाई २०५ भागमा अर्थात् भौगोलिक र प्रशासनिक स्थितिको आधारमा विभाजित गरी त्यसैको आधारमा निर्वाचन गर्ने व्यवस्था गरेको खण्डमा थुप्रै सुविधाहरू ती क्षेत्रहरूले प्राप्त गर्न सक्दछन् र विकासको गति पनि अघि बढ्न सक्दछ।

अर्को कुरा के हो भने तराईको राजनीतिक जसले जे भने पनि यथार्थमा भारतीय राजनीति अझ भन्ने हो भने विहारी गुण्डा र अपराधमुखी राजनीतिबाट प्रभावित छ र प्रभावित हुँदै गइरहेको प्रष्ट छ। निर्वाचनमा यहाँको जुनसुकै राजनैतिक दलका उम्मेदवारले पनि भारतीय विहारी नेता वा गुण्डाहरूको सहयोग लिएकै हुन्छन् र त्यो विना निर्वाचनमा विजयी हुने स्थिति क्रमशः कम हुँदै गइरहेको छ। उनीहरूको सहयोगमा निर्वाचन जित्नु भनेको हाम्रो देशको प्रतिनिधिसभामा भारतीय नेता वा राजनीतिको वा भारतीय गुण्डाहरूको प्रभाव बढ्दै जानु हो। यस्तो स्थितिमा नेपालको राजनीति भारतीय प्रभावबाट मुक्त हुन सक्दैन। यस स्थितिबाट देशलाई र हाम्रो राजनीतिलाई मुक्त गर्न पनि देशको निर्वाचन क्षेत्रलाई जनसंख्याको आधारमा विभाजित नगरी भौगोलिक स्थितिको आधारमा नै गरिनु पर्दछ। यो गर्न पनि वर्तमान संविधानबाट संभव छैन।

७. आज राजनीति र अर्थतन्त्र कयौं समस्याहरूले घेरिएका छन्। यी सम्पूर्ण समस्याहरू आजको संविधानको ढाँचाले गर्दा नै उत्पन्न भएको हो। त्यसैले यही ढाँचाभित्र यसको समाधानको प्रयास गर्नु भनेको या त कामको लागि उचित नै छैन या हुँदैन या आजको भन्दा पनि बढी नराम्रो परिणाम निम्त्याउन सक्दछ। हाम्रो संविधानको संकटको केन्द्रविन्दु पनि यही नै हो। यसले एकैचोटी विरोधी प्रक्रियाहरूलाई जन्म दिन्छ/जन्माउँदछ। तपाई जुन नीतिको पालना गर्नुहुन्छ त्यसले एकै पटक आरक्षण विरोधी र आरक्षण समर्थक प्रतिक्रिया उत्पन्न गर्दछ। अर्को उदाहरणलाई लिऔं- शिक्षा र स्वास्थ्यमाथि आज जति पैसा सरकारले खर्च गरेको छ, गरीवि र रोगीको अवस्था त्यति नै बिग्रँदै गइरहेको छ। अर्थतन्त्रमा जति ठूलो पूँजी लगानी गरेको छ, त्यति नै थोरै फिर्ता आएको छ। आउँदछ। यी सम्पूर्ण त्यो ढाँचाका खाल्टाहरू हुन जसको तहमा बसेर संविधानले काम गर्दछ/गरिरहेको छ।

८. हाम्रो वर्तमान संविधान सामाजिक र आर्थिक रूपले विकासमुखी हुनुभन्दा राजनीतिमुखी बढी भएको छ। देशको स्थिति, जनताको अवस्था अनुरूप संविधानलाई राजनीतिमुखीबाट मुक्त गरी सामाजिक र आर्थिक रूपले नै विकासमुखी बनाउनुपर्दछ। किनभने देशको बहुसंख्यक (९५ प्रतिशत) जनतालाई "राजनैतिक अधिकारको कुनै अर्थ छैन। यसको अर्थ राजनैतिक अधिकारको अबमूल्यन गर्न खोजेको पनि हैन। तर प्रजातन्त्र पुनर्स्थापनापछि सामाजिक र आर्थिक विकासको आशा गरेर बसेका जनता क्रमिक रूपमा असन्तुष्ट हुँदै गइरहेका छन् भने त्यसमाथि घ्यू थप्ने काम नेताहरूको गतिविधिहरूले गरिरहेको छ। यस्तो स्थितिमा तिनै असन्तुष्ट जनताबाट राजनैतिक अधिकारमाथि चुनौति आउन सक्दैन भनेर भन्न पनि सकिदैन। किनभने यी तिनै जनता हुन् जसले २००७ सालमा पनि बत्ति बालेका थिए। २०१७ सालमा पनि बत्ति बाले र २०४६ सालमा पनि बत्ती बाले भने मौका पाए फेरि बाल्दैनन् भनेर भन्न सकिदैन। त्यसैले संविधानलाई सामाजिक र आर्थिक रूपले बढी विकासमुखी बनाउनु पर्दछ।

आज नेपाललाई उच्च र मध्यमवर्गका राजनैतिक नेताहरूले आफ्नो लागि चलाइरहेका छन्। उनीहरूको दृष्टि केही विकसित क्षेत्रहरूतर्फ नै लागेको छ। आजको संविधान पनि यही वर्गका नेताहरूले हिजो आफ्ना लागि बनाएका थिए। त्यसैले घेरै ढिला गर्नु संसदीय व्यवस्थाको लागि अनि देश र जनताको लागि पनि अब खतरा हुन सक्दछ। वर्तमान संविधानको सबैभन्दा नराम्रो र डरलाग्दो पक्ष सायद् यो हो कि यस संविधानका कयौं धाराहरू त्यस्ता छन् जसले स्वयं त्यसको उल्लंघन गर्दछन्। साम्प्रदायिकता, जातियता, अपराधीहरूको पकड, हिंसात्मक गतिविधि, राजनीतिकरण, भ्रष्टाचार र सुविधाभोगी यी सम्पूर्ण रोगहरूले हाम्रो देशमा गहिरो रूपमा जरा गाडिसकेको छ, वर्तमान संविधानबाट यसको निराकरण असम्भव छ। यी नकारात्मक प्रवृत्तिहरूमाथि अंकुश लगाउनको लागि वर्तमान संविधान भन्दा घेरै कडा, प्रष्ट र सरल संविधान चाहिन्छ।

अन्तमा माथिका कुराहरूको साथसाथै हामीले हाम्रो प्रजातन्त्र, संसदीय व्यवस्था र हाम्रा नेताहरूलाई बढी राम्रो, व्यवस्थित र संस्कारपूर्ण बनाउनको निम्ति पनि समयमा नै संविधान संशोधन गर्नुपर्दछ। यदि यो गरेनौं भने संसदीय व्यवस्था संगसंगै हामीले प्रजातन्त्रलाई पनि गुमाउने छौं। यो भयो भने यतिखेर यसको दोष राजा र जनतालाई हैन वर्तमान संविधान र त्यसलाई परिचालन गर्ने नेताहरूलाई नै जानेछ।

यथार्थ भन्दा पर नेपाल अधिराज्यको संविधान २०४७

पवनकुमार ओझा

विश्वको सबैभन्दा गरीब मुलुकको रूपमा रहेको नेपालमा विश्वका सबै संविधानभन्दा उन्नत संविधान प्राप्त गर्नु, बनाउनु पनि गौरवकै कुरा मानिन सक्तछ। धेरैले यसलाई प्रगतिको रूपमा लिन सक्तछन्। तर के कागजमा लेखिएका कुराहरू व्यवहारमा आफै उत्रने हुन् ? कुरा र कामका बीच जति अन्तर हुन्छ र जति सो अन्तर भित्र लुकेको यथार्थता, पीडा, दुःख, समस्या, अभाव, अकर्मण्यता तर्फ चिन्तन गर्नेले मात्र थाहा पाउँदछ कि नेपालको संवैधानिक स्थिति कति काल्पनिक उचाइमा छ र यथार्थ कति तल छ भन्ने कुरा। संवैधानिक आदर्श, उद्देश्य, सिद्धान्तहरू र नेपाली जनजीवनको यथार्थ धरातलका बीच यति ठूलो कहालि लाग्दो अन्तर रहेको छ कि यी दुई हातेमालो गरेर हिड्न सक्ने कुरामा यस बेलामा त कल्पनामात्र पनि गर्न सकिदैन। यथार्थत विश्वास, भरोसा हुन सक्तै सक्तैन। जबसम्म यी दुईको गतिमा तालमेल हुन सक्तैन तबसम्म संविधान अनुरूपको समाज, व्यवस्था कायम हुन सक्तैन। नेपाल अधिराज्यको संविधान २०४७ लागु भएको मिति २०४७/७/२३/६ देखि आजसम्म नेपाल र नेपालीका बहुमुल्य आठ वर्ष बिति सकेका छन्। यस बीचमा संवैधानिक व्यवस्था र मुलुकको समग्र जनजीवनको धरातल बीचको अन्तर कम भएको छैन नत यसतर्फ कुनै संकेत पाइन्छ। यसको साटो सो अन्तर बढ्ने क्रम भने बढेको देखिन सक्तछ। मुलुकका समग्र पक्षहरू राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, बौद्धिक, शैक्षिक लगायतका पक्षहरूका सम्बन्धमा पाइने तथ्यांकहरूलाई विश्लेषण गरेर हेर्ने हो भने यो कुरा सिद्ध हुन सक्ने छ। यदि यस्तो हो भने यसले के कुराको संकेत गरिरहेको छ? मुलुकका जिम्मेवारहरूले गम्भीरताका साथ लिन जरूरी छ। मुलुकका जिम्मेवारहरू यति गैर जिम्मेवार छन् कि उनीहरू यसबारेमा प्रशस्त चिन्ता गर्दछन्, काम गर्दैनन्। हामी गैर जिम्मेवारहरूबाट हाँकिएका छौं। यसले मुलुकलाई कता धकेल्दै छ भन्ने कुराहरू सम्झदा कहालि लाग्दछ, कतै आफ्नो अस्तित्व गुमाइने त होइन? यी सबको पहिलो नतिजा संवैधानिक संक्रमण र संकट नै देख्न सकिने छ।

संविधानका असल पक्षहरू धेरै छन् जसका कारण यस संविधानलाई "उत्कृष्ट" (अझ विश्वकै उत्कृष्ट पनि भन्नेहरूले भन्दछन्) संविधान भन्ने गरिन्छ। यस संविधानले सार्वभौम सत्ता सर्वशक्तिमान राजाबाट जनतामा ल्याएको छ। यसले मानव अधिकारको बहालीलाई आधारभूत सिद्धान्त मानेको छ। स्वतन्त्रता, समानता, भातृत्व जस्ता न्यायका मूल पक्षलाई सिरान राखेको छ। वालिग मताधिकार संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, स्वतन्त्र एवं सक्षम न्याय प्रणाली, कानूनी राज जस्ता एक से एक मानव समाज र मानवीय गुण र सभ्यता विकसित गर्न आवश्यक पर्ने उत्कृष्ट तत्वहरूलाई लक्ष्य निर्धारण गरेको छ। यी चरित्रहरू अशंशोधनीय बनाइएको छ। नेपालीमात्रका लागि सामाजिक, आर्थिक एवं राजनैतिक न्याय संविधानको साध्य रहेका छन्। खुल्ला समाज, खुल्ला उदार अर्थतन्त्र, खुल्ला पारदर्शी, निर्णय पद्धति, जिम्मेवार सरकार, सशक्त प्रतिपक्ष र शक्ति सन्तुलनलाई अंगीकार गरिएको छ। मुलुकमा रहेको बहुमतले अल्पमतका भाषा, भेष, संस्कृतिलाई हस्तक्षेप गर्न नपाउने गरिएको छ। मानवअधिकार घोषणापत्रद्वारा निर्धारित अधिकांश मानवअधिकारलाई संकटकालमा समेत उपलब्ध हुन सक्ने गरी मौलिक हकको रूपमा संरक्षित गरिएका छन्। मुलुकको बिगतको पाठबाट सिकेर संगठन (खासगरी राजनैतिक संस्कृतिको अधिकार) लाई संविधानले छुट्टै सुरक्षण गरेको छ भने संकटकाल घोषणा गर्ने अधिकारलाई सित्तीमित्ती दुरूपयोग गर्न नसकिने गरी बलियोसंग राखिएको छ। सर्वशक्तिमानको रूपमा रहेको राजतन्त्रलाई संवैधानिक राजतन्त्रको रूपमा राखी मन्त्री परिषद्को भनाइ अनुरूप संवैधानिक राष्ट्र प्रमुखको काम गर्ने गरी नियन्त्रित गरिएको छ।

नेपाल अधिराज्यको संविधानमा लेखिएको भाषा पढ्नेहरूले यो संविधान अमेरिकन संविधान भन्दा उत्कृष्ट पाउन सक्तछन्, बेलायती प्रजातन्त्रभन्दा एक कदम अगाडि हुने प्रजातन्त्र देख्न सक्तछन्, भारतीय भन्दा त कता हो कता माथिको अवस्थामा यसलाई पाउन सक्तछन्। नेपाल अधिराज्यको संविधान र नेपाली जनजीवनको बीच यथोचित सम्बन्ध रहेकै छैन। रहेको भए मानव अधिकारलाई आत्मसात गर्ने यस मुलुकमा मानवअधिकार कहाँबाट शुरू हुन्छ र कहाँ समाप्त हुन्छ? भनेर बारम्बार प्रधानमन्त्रीले जनतातर्फ औंलो ठड्याएर प्रश्न एकातर्फ गर्ने, अर्कोतर्फ संविधान र कानूनी राजको पद निमित्त राखेर मानिस मार्ने हुन सक्ने थिएन। संसदले गाईजात्रा देखाउन पर्ने थिएन, अख्तियार दुरूपयोग जस्ता संस्थाले भ्रष्टाचारीहरूलाई औपचारिक रूपमा शुद्ध पारिदिन मुद्दा चलाउन पर्ने थिएन। यसरी भन्ने हो भने अनगिन्ती संवैधानिक स्थितिहरू छन् जस्लाई संविधानले एक थोक भनेको छ र व्यवहारमा अर्कै थोक भै राखेको छ। यहाँ उल्लेख गरेर साध्य छैन नेपाली जनजीवनमा सबैका सामु सबै कुरा खुल्ला छ।

इतिहासको अनन्त कालदेखि सार्वभौम स्वतन्त्र र एक पूर्ण राष्ट्रको रूपमा रही आएको

नेपाल अधिराज्यको संविधान र नेपाली जनजीवनको बीच यथोचित सम्बन्ध रहेकै छैन। रहेको भए मानव अधिकारलाई आत्मसात गर्ने यस मुलुकमा मानवअधिकार कहाँबाट शुरु हुन्छ र कहाँ समाप्त हुन्छ ? भनेर बारम्बार प्रधानमन्त्रीले जनतातर्फ औंलो ठड्याएर प्रश्न एकातर्फ गर्ने, अर्कोतर्फ संविधान र कानूनी राजको पद निमित्त राखेर मानिस मार्ने हुन सक्ने थिएन। संसदले गाईजात्रा देखाउन पर्ने थिएन, अख्तियार दुरुपयोग जस्ता संस्थाले भ्रष्टाचारीहरुलाई औपचारिक रुपमा शुद्ध पारिदिन मुद्दा चलाउन पर्ने थिएन।

नेपाल अधिराज्य यो संविधान प्रारम्भ भएपछि उपनिवेशतर्फ क्रमशः उन्मुख भएको देखिन्छ। आर्थिक रूपमा हेर्ने हो भने क्रमशः भारतीय आर्थिक राज्यभित्र विलय हुँदै गइरहेको कुरा हामी मध्ये कतिले बुझेका छौं कतिले बुझेका छैनौं। विदेशी विनिमय भारतीय मुद्रासंग गाँसिपछि यो प्रक्रियाले तिब्रता लिन थालेको छ। अर्कोतर्फ अन्तर्राष्ट्रिय संस्थाहरूले आर्थिक नियन्त्रण गर्न थालेका मात्र छैनन् मुलुकका सन्दर्भमा उनीहरूको निर्णय अकाट्य हुनुले के संकेत गर्दछ त? धार्मिक र सांस्कृतिक क्षेत्रमा विज्ञहरूको कुरा मुलुकमा भैरहेको क्रियाकलाप, परिवेश र यथार्थलाई गम्भीर विश्लेषण गर्ने हो भने आउँदो ५ वर्ष भित्रमा झण्डै पचास प्रतिशत मानिस प्रभु यशुको शरणमा जाने छन्। यसले धार्मिक औपनिवेशको नजिक मुलुकलाई पुऱ्याउने कुरामा विश्वास गर्ने परिस्थिति सृजना गरेको छ। राजनैतिक सार्वभौम पनि मुलुकका मुर्धन्य नेताहरूले छिमेकतर्फ विस्तारै ओसार्ने क्रम शुरू गरेका छन्। मुलुकमा कुन सरकार कति टिक्नु पर्दछ, सरकारमा को को रहनु पर्दछ, कुनै पार्टी कसरी फुटाउनु पर्दछ वा रोल के हुनु पर्दछ भन्ने कुराहरू छिमेकबाट तय हुन थालेपछि मुलुकको अखण्डता, सार्वभौमिकता, के हुने भए वा के हुँदैछन्। विचारणीय मात्र छैन गम्भीर चासोका विषय बनेका छन्।

संविधानको प्रयोग पश्चात् मुलुकमा उदार व्यवस्थाहरू, उदार राजनीति, उदार अर्थतन्त्र, उदार सामाजिक-सांस्कृतिक, धार्मिक लगायत आदी शुरू भएका छन्। यसको उदारपनको असर यो हुँदैछ कि डलरको भाउ गएको एक वर्ष भित्र ५०-५५ बाट बढेर ७० तिर पुगेको छ। खाद्य पदार्थको भाउको कुरै गर्न परेन, अन्य वस्तुको लेखाजोखा गरेर साध्य पनि नहुने भयो। यो संविधान अन्तर्गत शासन व्यवस्था चलाउने सरकारले महंगी बृद्धि रोक्ने तर्फ कदम चाल्न सकेन, किनकि संविधानको उदार प्रयोग गर्न पऱ्यो कसैलाई कार्वाही गर्नु भएन। अन्य पक्षहरू उदार भएकाले मुलुकको कानून, व्यवस्थाको स्थिति नियन्त्रण बाहिर हुँदै गरेको देखिदै छ। सामाजिक मूल्य, मान्यता, संरचनाहरू भत्किदै गएका छन्। विभिन्न वर्ग, सम्प्रदाय, जातजाति बीच सामाजिक, सांस्कृतिक सन्तुलन लगायतका पक्षहरूको ह्रासको स्थिति छ। मुलुकमा विखण्डनका स्वरहरू गुन्जिरहेका छन्। राष्ट्र कमजोर हुँदै जाँदो छ। नेपाल जस्तो मुलुकमा भाषा, धर्म, संस्कृति र माओवाद जस्ता समस्या उत्पन्न हुनुको कारक के होला? पहिल्याउन कठिन पर्ने छैन।

हरेक मुलुकले आफ्नो क्षमता आँकेर, क्षमताले भ्याउने सम्मका कुराहरू पुग्ने पुऱ्याउने हिसाबले मुलुकमा संविधान बनाउँदछन् र संवैधानिक सुरक्षण प्रदान गर्दछन् तर हामीले बनाएको संविधानमा यो पक्षतर्फ संविधान निर्माताहरूको ध्यान पुगेको पाउन सकिदैन। अन्य मुलुकका उच्चतम आदर्शहरू थाहा पाएजति सबै संविधानमा राखिए। ती मुलुकले ती आदर्शहरू कति वर्षको अनवरत मेहनत, सफलता असफलता, कष्टका बाबजुद प्राप्त गरेका हुन् त्यसतर्फ लेखाजोखा गरी आफ्नो मुलुकको जनजीवनको स्थिति, हैसियत, दृष्टिकोण, आचरण व्यवहारसंग तुलना गर्ने तर्फ ध्यान पुगेको भए कुरा अर्कै हुन्थ्यो होला। यसबारेमा

संविधानले लिएका लक्ष्यहरू प्राप्ति तर्फको गति किन मन्द छ ? एक किसिमबाट हेर्ने हो भने संविधानका सबै पक्ष सिथिल भएका छन् । हरेक अंगले आफनो प्रतिरक्षा गर्न सकिरहेका छैनन् । जुन संस्थाको कुरा गर्नुहोस् त्यो आफै विसंगतिको घेरोमा परिरहेको छ । किन यस्तो छ ?

संविधानले गति लिन नसक्नुमा संविधानको दोष हो वा संविधान अनुरूप चल्ने चलाउनेको दोष हो ? विचारणीय छ । कतिले संविधानलाई दोष दिन्छन् त कतिले संविधान चलाउनेलाई । के लाग्दछ भने दोष दुवैमा देखिन्छ ।

एक दुइवटा [illegible] ठीक हुनेछ। अमेरिकन संविधानले संकटकालका बखत मुलभूत अधिकारहरू निलम्बन गरिने व्यवस्था हालसम्म कायम राखेको छ। तर हाम्रो संविधान अनुसार मौलिक हक निलम्बन गर्न सकिदैन। भारतीय संविधानले सूचना हक, गोप्यता सम्बन्धी हक, छापाखाना, पत्रपत्रिकाको हकको बारेमा कुनै चर्चै गरेको छैन। तर हामीले मौलिक हकको रूपमा सुरक्षित गरिदिएका छौं। के यी हकहरू सुरक्षण गर्न/प्रत्याभूत गर्न मुलुक सक्षम छ? मौलिक हकको रूपमा व्यवस्थित गर्नसाथ यी हकहरू नागरिकले निर्वाध उपभोग गर्न पाइरहेका छन् त? वा सरकारले गर्न सघाइ राखेको छ र? तसर्थ संविधानमा लेखिनु मात्र पर्याप्त हुने रहेनछ त्यसको प्रयोग उपभोग र प्रचलन मुल कुरा रहेछन्। प्रयोग, उपभोग जस्ता कुराहरू मुलुकको सम्पूर्ण क्षमतामा भर पर्ने कुरा हुन्। संविधानमा जे जति व्यवस्था गरिएको छ वा छन् तिनलाई बेठिक वा गलत भन्ने वा संविधान बेठिक भन्ने प्रयास होइन, भन्न खोजिएको होइन। केवल क्षमता हिनले ठुल-ठूला काम कुरा गर्न खोज्दा ढल्न गए जस्तो भयो भन्न खोजिएको मात्र हो। संविधान निर्माताहरूको दुरदृष्टि पनि यसले स्पष्ट पार्दछ।

संविधानको आलोचना गर्नेहरू संविधानका धेरै कमि कमजोरी औंल्याउने गर्दछन्। ती सबैमा तुक पनि छ, कुरा पनि छन्। ती मध्ये एकमात्र कुरा यहाँ राख्ने प्रयत्न गरिएको छ। त्यो हो यो संविधानले किन गतिलिन सकिरहेको छैन? भन्ने प्रश्न। यसको उत्तर संभवत त्यति सजिलो छैन। हेर्ने हो भने संविधान अनुसारका सबै अंग प्रत्यंगहरू प्रयोगमा छन्, कार्यरत छन्, कुनै व्यवधान पनि छैन। तर संविधानले लिएका लक्ष्यहरू प्राप्ति तर्फको गति किन मन्द छ? एक किसिमबाट हेर्ने हो भने संविधानका सबै पक्ष सिथिल भएका छन्। हरेक अंगले आफ्नो प्रतिरक्षा गर्न सकिरहेका छैनन्। जुन संस्थाको कुरा गर्नुहोस् त्यो आफै विसंगतिको घेरोमा परिरहेको छ। किन यस्तो छ? तर्क दिनेहरूले यस्तो स्थिति उत्पन्न हुनुको कारण "सम्झौताबाट संविधान आउनु हो" भन्ने गरेको पाइन्छ। संविधानले गति लिन नसक्नुमा संविधानको दोष हो वा संविधान अनुरूप चल्ने चलाउनेको दोष हो? विचारणीय छ। कतिले संविधानलाई दोष दिन्छन् त कतिले संविधान चलाउनेलाई। के लाग्दछ भने दोष दुवैमा देखिन्छ। संविधान राम्रो भएर मात्र के गर्ने? संविधान चलाउनेहरू विदेशबाट आयात गरिएका त होइनन्? मुलुक

गो स्थिति परिस्थिति, मानसिकता, अकर्मण्यता

लगायतका [illegible] मुक्त हुन सक्तछन्? प्रजातन्त्र नामाकरण गरिएका आदर्शवादीहरू सबै मुखका ढ्याङ्ग्रा रहेछन्, देखिने र देखाउने कुरामा कति ठूलो भिन्नता रहेछ भन्ने कुरा अब आएर सबैका सामु खुल्दैछ।

संविधानका कमि कमजोरीको धेरै चर्चा गर्न पर्दैन भन्ने लाग्दछ। केही माथिका चर्चाबाट थाहा लाग्दछ। केही संविधान अन्तर्गतका संस्थाहरूको क्रियाकलापबाट थाहा लाग्दछ। सबभन्दा ठूलो उदाहरण संसद रहेको छ। संसद विघटन तथा सरकार गठनका मुद्दाहरूले संविधानको लेखाजोखा गर्न मद्दत पुऱ्याउन सक्तछन्। श्री ५ को भूमिका बारे संविधान विवादास्पद हुन पुगेको सहजै देखिएको छ। लोकसेवा आयोगको कार्य क्षेत्रमा प्रतिकूलता पारिएको छ। अख्तियार दुरूपयोग आयोगलाई असक्षम पारिएको छ। यस्ता अन्य थुप्रै उदाहरण पाउन सकिन्छ।

यो संविधान प्रचलन पश्चात्का वर्षहरूमा मुलुकको समग्र स्थितिको लेखाजोखा सुत्रवत रूपमा गरिएको खण्डमा यस उदार संविधानको खातामा कस्ता कस्ता उपलब्धीहरू लेखिने हुन् भन्ने कुराको सानो झलक पाउन सकिनेछ।

मुलुकको विकासका सुचाङ्कहरू उत्साहप्रद रहेका छैनन्। बुहदलीयतालाई पुष्टि र प्रबर्द्धन गर्ने खालका सामूहिक मानसिकता, सो अनुरूप राष्ट्रिय आदत बन्नुको सट्टा व्यक्तिगत लाभको सोच, व्यक्तिवादी चरित्र हावी रहेकै छन्। आन्दोलन गर्नेहरूले आफ्नो जिम्मेवारी सम्झन सकेनन्। आन्दोलन पश्चात् स्वार्थ सिद्धिको आन्दोलनतर्फ अघि बढिरहेका छन्। लाग्छ, फाइदाको सिद्धान्त यसैगरी "दिन दुना रात चौगुना" बृद्धि हुँदै जाने हो भने मुलुक मात्र रहने छ। त्यसभित्र केही भेटिने छैन। मुलुक अहिले कुनै निर्दिष्ट गन्तव्यतर्फ गैरहेको छैन, गन्तव्य अलमलिएको पाइदै छ। समाज अग्रतातर्फ नभै विकृतितर्फ धकेलिएको छ। मुलुकलाई अग्रतातर्फ लैजाने राजनीति, पार्टी, नेता तथा कार्यकर्ताहरू अल्मलिएका छन्, दृष्टि विहिन पाइन्छन्। नेताहरू लाचार छन्। सरकार दृढ र सक्षम हुन सकेको छैन। कर्मचारीतन्त्रको मनोवल गिरेको छ। मुलुकमा प्रणाली विनाको प्रणाली चलिरहेको पाइन्छ। यस प्रणालीमा सक्नेले जे जसो गरे पनि ठिक हुने र नसक्नेले हरेक प्रकारका दण्डहरू भोग्नु पर्ने हुन्छ। सामाजिक तनाव बढेर जाँदैछ। उदार अर्थतन्त्रले धनीहरू निर्वाधरूपमा धनी भएका

छन् र धनी गरीबको अन्तर बढ्ने क्रमले बेग लिएको छ। भाषा, धर्म, संस्कृति जस्ता मुलुकलाई एक दिक्कामा राख्ने कुराहरू

विवादग्रस्त भएर समाज विखण्डन तर्फ उन्मुख देखिएको छ। सक्षम, प्रतिबद्ध र चिन्तनशील नेतृत्व पाउन नसकेको हुँदा मुलुकमा व्याप्त सबै नकारात्मक पक्षहरू विरूद्धको लडाइँ शुरू हुन सकिरहेको छैन।

कुरो र कुलो जता पनि जान सक्तछ भन्ने उखान अनुसार राम्रा कुराहरू सुन्नका लागि खरावजति भोग्नु पर्ने परिस्थिति सृजना भएको छ। कुरा र काममा तालमेल छैन। दोगलापन नै मुख्य चरित्र स्थापित भैरहेको छ। भ्रष्टाचारी, तस्करहरूको हातमाथि पर्न गएको छ र सरकारमा यस्ता मान्छेहरूको प्रभाव तथा नियन्त्रणमा बाहुल्यता रहेको सबैले सुन्दै बुझ्दै आइरहेका छन्।

सहमति बनाउनु पर्ने कुरामा सहमति हुन सक्तैन। तटस्थ रहने कुराहरू राजनैतिक रूपमा विभाजित छन्। कर्मचारी, बौद्धिक समुदाय माथि देखि तलसम्म राजनैतिक छन्। संस्थाहरू सक्षम हुन सकिरहेका छैनन्। सक्षम पार्नेतर्फ ध्यान पनि जान सकेको देखिदैन। कानूनको शासन, मानवअधिकार, समानता जस्ता पक्षहरूका आत्माहरू तर्सन थालेका छन्।

मुलुकको समग्रतामा मूल्यांकन गर्नेले निराशा मात्र हात लागी गर्दछ, गरिरहेछ। वातावरण उत्साहप्रद बन्न सकिराखेको छैन। यसो भनेर हिड्नेले कुनै सकारात्मक कुरा नै पाउँदैन त मुलुकमा? बिगतका बहुमुल्य समय भित्र मुलुकले "बिग्रेको" कुराको पत्तो पाउन थालेको छ। यसैलाई सकारात्मक मान्नु पर्दछ। बिग्रेको मान्छेले म बिग्रेछु भनेर जुनबेला महसुस गर्दछ त्यो नै उसको ठूलो जित हो। मान्छेको जीवन भनेको केही निश्चित वर्षको हुन्छ तर राष्ट्रको जीवन धेरै लामो हुन्छ। यसर्थमा आठ वर्ष केही होइन। संभावनाहरू प्रशस्त छन्। हाम्रा नेताहरूले महसुस गर्नु हाम्रो दृष्टिबाट ठूलो कुरा हो? महसुस गरेपछि पनि चेतेनन् भने कुरा अर्कै हो।

समग्र मुलुकलाई तहस नहस पार्ने, भावी पिढीलाई नोक्सान पार्ने, उनीहरूको भविष्य बिगार्ने अधिकार कसैलाई छैन। हामीले भविष्यलाई प्रतिकूल अरू पार्ने गरी हाम्रो वर्तमान बिगार्न पाउँदैनौं। वर्तमान र भविष्य बनाउने कुरामा संविधान सकारात्मक छ प्रतिकूल छैन।

नेपाल अधिराज्यको संविधान, २०४७ को प्रयोगको सन्दर्भमा : एक समालोचनात्मक विवेचना

- गुणनिधि न्यौपाने
सह प्राध्यापक
कानून

पृष्ठभूमि

नेपालमा जंगबहादुरले शुरू गरेको राणा शासन १०४ वर्षसम्म चल्यो। २००७ सालमा यस राणा शासनको अन्त्य भई प्रजातन्त्रको घोषणा भए पनि २०१५ सालसम्म निर्वाचन हुन सकेन र अस्थिर सरकारको गठन श्री ५ बाट भइ नै रह्यो। त्यस अवधिमा धेरै प्रधानमन्त्रीहरू श्री ५ बाट नियुक्त भए। २०१५ सालमा आम निर्वाचन भएपछि १०९ सिटमा ७४ सिट जित्ने पार्टीका अध्यक्ष विशेश्वरप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको सरकार गठन भयो। यस सरकारलाई पनि २०१७ साल पुस १ गते विघटन गरी निर्दलीय व्यवस्थाको सूत्रपात गरियो र २०१९ सालमा नेपालको संविधानको घोषणा भयो। यस संविधानले नेपालमा निर्दलीय पंचायती व्यवस्था लागू गऱ्यो। जुन व्यवस्थाले २०४६ साल चैतसम्म शासन गऱ्यो। २०४६ सालमा भएको ऐतिहासिक जनआन्दोलनको सफलता पछि नेपालमा बहुदलीय शासन व्यवस्थाको पुनर्स्थापना भयो। यस बहुदलीय शासन व्यवस्थाको संचालनका लागि नेपालमा लिखित दस्तावेजका रूपमा नेपाल अधिराज्यको संविधान, २०४७ को घोषणा भै लागू भएको छ।

नेपाल अधिराज्यको यस संविधानले अन्य कुराहरूका अलावा मुख्य रूपमा कानूनको शासन, संवैधानिक राजतन्त्र, संसदीय शासन प्रणाली, वालिग मताधिकार, बहुदलीय प्रजातन्त्र र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको संचालन र प्रत्याभूति गरेको छ। यस संविधानले यी उपरोक्त वर्णित व्यवस्थालाई आधारभूत संरचना (Basic Structure) का रूपमा अपरिवर्तनीय बनाएको छ। साथै यस संविधानको धारा २७ (३) मा "श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि यो संविधानको पालना र संरक्षण गरिबक्सने छ" भन्ने कुरा उल्लेख गरी श्री ५ बाट पनि नेपाल

अधिराज्यको संविधानको पालना र संरक्षण गर्नु पर्ने संवैधानिक व्यवस्था गरिएको छ। यसले नेपालको हालको व्यवस्था संवैधानिक राजतन्त्रात्मक सिद्धान्तमा आधारित भएको पुष्टि हुन्छ। यस संविधानको पालना गर्नु प्रत्येक नेपालीको कर्तव्य हो। यस संविधानको धारा ३ मा "नेपालको सार्वभौम सत्ता नेपाली जनतामा नीहित रहने छ जसको प्रयोग यस संविधानमा व्यवस्था भए बमोजिम हुनेछ" भन्ने उल्लेख भएकाले यस संवैधानिक व्यवस्थाले नेपाली नागरिकमा सार्वभौम सत्ता रहने हुनाले नेपालीहरू सार्वभौम भएका छन्। सार्वभौम सत्ता कसरी नेपाली जनताबाट प्रयोग हुन्छ भन्ने प्रश्न पनि त्यत्तिकै महत्वपूर्ण प्रश्न भए पनि यस विषयमा यस लेखमा प्रवेश गरिएको छैन। छुट्टै आगामी दिनहरूमा विवेचनात्मक लेखहरू प्रस्तुत गरिनेछ।

यस लेखमा विवेचना गर्न खोजेको विषय "नेपालमा जनउत्तरदायी शासन व्यवस्था" रहेको छ। नेपाली जनताले बहुचर्चित ऐतिहासिक जनआन्दोलनको माध्यमद्वारा पुनर्स्थापना गरेको बहुदलीय व्यवस्थाले जनचाहना अनुकूल उत्तरदायित्व बहन गर्न सकेको छ कि छैन, सकेको छैन भने यसका निराकरणका उपायहरू के-के छन्? आदि कुराहरू आज हाम्रा सामु अवश्य पनि विचारणीय विषयका रूपमा आएका छन्। देशको शासन व्यवस्था संचालन गर्ने संवैधानिक संरचना भित्र मन्टेस्क्यूले प्रतिपादन गरेको "शक्तिपृथकीकरण" को सिद्धान्तका आधारमा विधायिका, कार्यपालिका र न्यायपालिका राज्यका तीनै अंगहरूका अधिकारहरूको सीमा रेखा कोरिएको हुन्छ। प्रत्येकले आफ्ना सीमाभित्र रहेर आफ्नो कार्यको प्रारम्भ गर्नुपर्ने हुन्छ। यसरी कार्य गर्दा एउटाले अर्काका अधिकारमाथि अतिक्रमण गर्न हुँदैन। त्यसरी अतिक्रमण गर्दै जाने हो भने सन्तुलन हराएर जान्छ। यस्तो सन्तुलन कायम राख्ने कार्यमा सदैव संयमताको आवश्यकता पर्दछ। यस संविधानको प्रयोगपछि देश विकासमा समान जिम्मेवारी भएका अंगहरूको अधिकारको प्रयोग र त्यसमा भएको जनधारणा र जनउत्तरदायित्वका सम्बन्धमा संक्षेपमा निम्न बमोजिम चर्चा गरिन्छ।

१.व्यवस्थापिकाको कार्य, अधिकारको प्रयोग र जनउत्तरदायित्वको प्रश्न :

विधायकहरू (सांसदहरू) लाई कानून निर्माता (Law maker) पनि भनिन्छ। यिनीहरू प्रजातान्त्रिक व्यवस्थामा प्रत्यक्ष मतदानद्वारा निर्वाचित भएका हुन्छन्। नेपालमा राष्ट्रिय सभा र प्रतिनिधि सभा गरी दुई सदन छन्। प्रतिनिधि सभामा ७५ जिल्लाबाट २०५ जना र राष्ट्रिय सभामा ६० जना सांसद अप्रत्यक्ष निर्वाचनद्वारा र श्री ५ बाट मनोनित गरी राष्ट्रिय सभाको गठन हुन्छ। श्री ५, राष्ट्रिय सभा र प्रतिनिधि सभा सहितको व्यवस्थापिकाको परिकल्पना नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४४ ले गरेको छ। यही संयुक्त रूपनै संसद (व्यवस्थापिका) हो। यसले नै देशमा कानून

निर्माण गर्ने कार्य गर्दछ। प्रजातान्त्रिक व्यवस्थामा जनताको शासन हुन्छ भन्नु नै जनताद्वारा प्रत्यक्ष रूपमा निर्वाचित व्यक्ति नै प्रधानमन्त्री हुन्छ। यस्तो कुराको प्रयोग श्री ५ बाट संसदमा बहुमत प्राप्त दलको नेतालाई प्रधानमन्त्री नियुक्ति गर्नुपर्ने संवैधानिक व्यवस्था धारा ३६ ले गरेबाट प्रष्ट हुन्छ। यसरी नियुक्त प्रधानमन्त्रीकै सिफारिसमा मन्त्री मण्डलको गठन हुन्छ। नेपालमा प्रधानमन्त्री प्रतिनिधि सभाको सदस्यमात्र हुन सक्तछ भने भारत लगायत अन्य मुलुकमा यो बन्देज छैन। मन्त्रीहरू भने जुनसुकै सदनको सदस्य भए पनि हुन सक्तछ र ६ महिनासम्म कुनै पनि सदनको सदस्य नभएको मानिस पनि मन्त्री बन्न सक्तछ।

व्यवस्थापिकाको कार्य कानूनको निर्माण गर्नु हो तापनि सरकारको निर्माण पनि यसैबाट गरिन्छ। कानून निर्माण गर्ने कार्य अवस्य पनि सजिलो कार्य होइन। त्यसकारण यस्ता कार्यमा लागेका व्यक्तिहरू निपूर्ण, तार्किक, अध्ययनशील र स्वच्छ हुन आवश्यक छ। भ्रष्ट व्यक्तिले सम्पूर्ण समाजलाई नै भ्रष्ट पार्दछ। देशमा विद्यमान समस्याको पहिचान गर्न सक्ने क्षमता नभएमा त्यस्ता जनप्रतिनिधिले केही पनि गर्न सक्तैनन् र ती निरर्थक सावित हुन्छन्। कानूनमा जनचाहना अभिव्यक्त भएको हुनुपर्दछ। कानून समाजलाई व्यवस्थित र अनुशासित बनाउन आवश्यक हुन्छ। समाजमा लागू गर्न नसकिने र अव्यवहारिक कानूनको निर्माण निरर्थक हुन्छ। उदाहरणका लागि सामाजिक व्यवहार सुधार ऐनलाई लिन सकिन्छ। नेपालमा यस ऐनको प्रयोग र पालना भएको छैन। यस ऐनको निर्माण नै भावुकतामा भएको सबैले महसुस गरेका छन्। "जनताको शासन" र जन उत्तरदायी शासन व्यवस्था एउटै खाले अवधारणा हुन्। जनता स्वयंले आफू मध्येबाटनै नेतृत्व चयन गरी प्रतिनिधिको चयन गरेको हुन्छ। त्यसकारण उसलाई यस कुरामा पूर्ण विश्वास हुन्छ कि जनचाहना अनुकूल शासन संचालन हुन्छ। जहिले पनि जनताले आफ्ना प्रतिनिधिले उनीहरूको हित गर्दछन् भन्ने सोचेका हुन्छन्। तर जनप्रतिनिधिहरू जब सामाजिक स्वार्थभन्दा व्यक्तिगत स्वार्थमा, राष्ट्रिय स्वार्थभन्दा पार्टीका स्वार्थमा, समूच्च पार्टीगत स्वार्थभन्दा नाताकुटुम्बको स्वार्थमा लाग्दछन् तब देशको शासन संचालन नीतिमा आधारित नभई नेतामा मात्र आधारित हुन्छ। नेताको स्वार्थ र बचाउका लागि पार्टीको परिचालन भएको खण्डमा यसले जनमानसमा व्यवस्थाप्रति नै वितृष्णा पैदा गरी नकारात्मक धारणाको सृजना गर्दछ। जनविश्वास जित्ने

व्यवस्थापिकाको कार्य कानूनको निर्माण गर्नु हो तापनि सरकारको निर्माण पनि यसैबाट गरिन्छ । कानून निर्माण गर्ने कार्य अवस्य पनि सजिलो कार्य होइन । त्यसकारण यस्ता कार्यमा लागेका व्यक्तिहरू निपूर्ण, तार्किक, अध्ययनशील र स्वच्छ हुन आवश्यक छ। भ्रष्ट व्यक्तिले सम्पूर्ण समाजलाई नै भ्रष्ट पार्दछ । देशमा विद्यमान समस्याको पहिचान गर्न सक्ने क्षमता नभएमा त्यस्ता जनप्रतिनिधिले केही पनि गर्न सक्तैनन् र ती निरर्थक सावित हुन्छन् ।

कुरा जनताका सरोकारका विषयमा कार्य गर्नले र जनताले नरूचाउने कार्य गर्नबाट रोक्नाले प्राप्त हुन्छ। जन प्रतिनिधिहरूलाई जनताले विश्वास गर्ने वातावरणको समाप्ति उनीहरूले अनपेक्षित कार्य गर्नले हुन्छ। नेपालमा २०४८ सालमा भएको आम निर्वाचनद्वारा पहिलो पटक ०४६ साल पछि जनताले प्रतिनिधिको चयन गरी पाँच वर्षका लागि प्रतिनिधि छानेका थिए तर त्यसले आफ्नो पूरा आयु काम गर्न सकेन र तीन वर्षमै विघटन गरियो। यसमा जनताको कुनै दोष देखिदैन बरू जनप्रतिनिधि तथा उनका नेताहरूका कारणबाट यसो हुन गएको निष्कर्ष जनताको छ। त्यस्तै त्यसपछि २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा पनि जनताका कारणबाट भन्दा पनि यिनीहरूका प्रतिनिधि तथा नेताहरूका अदूरदर्शी तथा अकर्मन्यताका कारणबाट नै कुनै एक पार्टीलेमात्र संसदमा बहुमत ल्याउन नसकेको हो। जन प्रतिनिधिहरू जनविश्वास प्राप्त गर्ने कार्यहरूमा भन्दा व्यक्तिगत स्वार्थमा बढी लाग्दछन् (केही अपवादलाई छाडेर) भन्ने कुराको सन्देश जनतामा पुग्न गएको छ। पजेरो संस्कृतिको विकास, सांसद सुविधाको दुरूपयोग इत्यादी जस्ता कार्यले वास्तवमा चप्पल र सुरूवाल लगाएर दुःख पाएका राजनीतिज्ञहरूको त्यागमा प्रश्न चिन्ह खडा गरेको छ। यस्ता कुराले व्यक्ति भन्दा पनि समग्र व्यवस्था प्रति नै प्रश्न चिन्ह खडा गराउने वातावरणको सृजना हुनमा केही न केही रूपमा जनप्रतिनिधिहरू नै जिम्मेवार छन्। हुन त यस व्यवस्थालाई देख्न नसक्ने तत्वको पनि यस्ता कुराहरूलाई अतिसयोक्ति बनाई प्रचार गर्नमा हात छैन भन्न मिल्दैन।

जनविश्वास र उत्तरदायी शासनको आभाष जनतामा पुऱ्याउन र त्यसको सूचनाको संचार गर्न सांसदहरूले संसदमा निर्वाह गरेको भूमिका र तिनीहरूले संसदमा गर्ने कार्यका आधारमा निर्धारण गरिन्छ। खासगरी व्यवस्थाप्रति जनविश्वास बढाउने र जनउत्तरदायित्व बहन गर्ने तर्फ उनीहरूले देश, जनता र जनसरोकारका विषयमा उपलब्धीमूलक प्रतिस्पर्धाका आधारमा कार्य गर्नले बढ्दछ। तर उनीहरू उक्त कुरामा भन्दा सरकार निर्माणका लागि अस्वस्थ गुटबन्दी र अमर्यादित तथा मूल्यहीन कुरामा लाग्नाले त्यसका परिणामहरूबाट विस्तृत विकृतिहरूले जनचाहनाको प्रतिनिधित्वमा न्यूनता आएको छ। त्यस्तै सरकारमा बस्ने पार्टीले निर्वाचन गराउँदा स्वतन्त्र तथा निष्पक्ष निर्वाचन हुन सक्तैन भन्ने कुराको आभाष अन्य पार्टी र जनतामा उजागर गर्न नसक्दा अविश्वास उत्पन्न हुन्छ। जबसम्म कुनै पनि पार्टीले सरकारमा नबसी चुनाव गराउँदा पनि निष्पक्ष निर्वाचन हुन्छ र सरकारमा नबसी चुनावमा भाग लिन हिचकिचाहट गर्दैनन् र सरकारमा बसेको पार्टीले पनि निर्वाचन निष्पक्ष रूपमा गराई त्यस्तो कुराको आभाष जनतामा छाड्न सक्दैन र यो अविश्वासको बादल लागि रहन्छ तबसम्म प्रजातान्त्रिक संस्कृतिको विकास हुन सक्तैन। साथै पूर्व पन्चका पार्टीहरू, वाम पार्टीहरू र प्रजातन्त्रवादीहरूका पार्टीहरूले यस २०४७ सालको नेपाल अधिराज्यको संविधानलाई आत्मसात् गरी यसै अन्तर्गत शासन संचालन गर्दछन् भन्ने विश्वास दिलाउन सक्तैनन् र दोहोरो चरित्र प्रदर्शन गरिरहन्छन् तबसम्म यस्तो अन्यौल रहिरहन्छ। किनकि निष्पक्ष निर्वाचनबाट नै समय सापेक्ष जनधारणाको प्रतिनिधित्व नै मुलुकको आवश्यकतालाई आत्मसात गर्दछ।

हामीले महात्मागान्धीले भने जस्तै पश्चिमा सभ्यता र शैलीलाई मात्र अनुशरण गर्नुभन्दा हाम्रो भू-राजनैतिक तथा आर्थिक रूपबाट उपयुक्त हुने खालका योजनाको तर्जुमा गर्ने वातावरणको सृजना गर्ने कानूनको

निर्माण गर्नु पर्दछ। भारतका पूर्व प्रधान न्यायधीश पी. एन. भगवतीले भनेको कुरा यस प्रसंगमा महत्वपूर्ण भएकाले यहाँ उल्लेख गर्नु उचित देखिन्छ-

"Let me point out and this is are thing which we must always remember, that where we speak of democracy under our canstitution, we do not mean a democracy which maintains the right to vote but forgets the right to live and work, when we speak of freedom, we do not mean rugged individualism which excludes social organ'zation and economic planning; when we speak of equility, we do not mean political equality qualified by social and ecomomic priviteges and when we speak of economic reconstruction we think less of maximoum produchion, thaugh that is essentioal, than of equitable distribution."

उपरोक्त अनुसार भारतका पूर्व प्रधानन्यायधीशले व्यक्त गर्नु भएको विचार हाम्रा सन्दर्भमा पनि त्यत्तिकै महत्व राख्दछ। यदी यस्ता विषयमा ध्यान नदिने हो भने भोलिका दिनमा जनतामा जनप्रतिनिधि तथा राज्यका तीनै अंगका संचालनका विरूद्ध विद्रोहको भावना उत्पन्न भयो भने त्यसले अवश्य पनि त्यस्ता अंगमा आशिन व्यक्तिहरूमा ठूलो विपत्ति आउन सक्तछ। यसै कुराको पूर्वानुमान गरी पूर्व न्यायमूर्ति भगवतीको कथन यहाँ अझ बढी सान्दर्भिक छ :

"If the legal and sudicial system does not became responsive to the needs of the people and deliver them justice by ensanng to them ther legal rights and social and economic entitlements, some day perhaps not very for off, angry and frastrated people may destroy this system.

२. कार्यपालिकाका कार्य, अधिकारको प्रयोग र जनउत्तरदायित्वको प्रश्न

हामीहरूले माथि उल्लेख गरिसकेका छौं कि प्रजातान्त्रिक व्यवस्थामा कार्यपालिकाको निर्माण व्यवस्थापिकाबाटै भएको हुन्छ। त्यसकारण यिनीहरूको एक अर्कोका अन्योन्याश्रित सम्बन्ध हुन्छ। कार्यपालिकाको राज्य संचालनमा महत्वपूर्ण भूमिका रहेको हुन्छ। विधाइकाले बनाएका कानूनको प्रयोग गर्ने कार्य यसले गर्दछ। कानून अनुसार मात्र चल्ने प्रजातान्त्रिक व्यवस्थाको मुलभूत उद्देश्य भएकाले विधिको शासन (Rule of Law) को यस व्यवस्थामा महत्वपूर्ण स्थान हुन्छ। विधिवेत्ता डाईसे (Dicey) ले १८१९ मा प्रतिपादन गरेको विधिको उचित प्रक्रियाद्वारा मात्र शासन गर्नु पर्दछ भन्ने सिद्धान्तलाई अमेरिका, बेलायत, भारतमा प्रयोग गर्ने कोशिस भएको छ तापनि पूर्ण पालना नभएको गुनासो आइरहन्छ। डाईसेको यस सिद्धान्तको मूख्य उद्देश्य पूर्ण स्वविवेकीय अधिकारमा कटौती हो र यसले कोही पनि कानूनभन्दा माथि हुँदैन सबैले विधि अन्तर्गत रहेर विधि सम्मत शासन गर्नु पर्दछ भन्दछ। मन्टेस्क्यूले प्रतिपादन गरेको शक्ति पृथकीकरणको सिद्धान्तले राज्यका तीन अंगहरूमा शक्तिको बाँडफाँड गर्नुपर्ने र तिनीहरूले शक्ति सन्तुलनका आधारमा जनताप्रतिको उत्तरदायित्व बहन गर्नु पर्दछ।

देशको शासन संचालनमा राज्यका यी तीनै अंगहरूको समान भूमिका रहन्छ तापनि राज्यभित्र भएका खराब वा असल कार्यहरूको अनुभूति कार्यपालिका मार्फत नै आएको हुन्छ। त्यसैले कार्यपालिकाले आफ्ना कार्यहरूको सूचनाको प्रवाह गर्ने र अधिकारको प्रयोग गर्नमा सचेतता अपनाउनै पर्दछ। कार्यपालिकामा आशिन व्यक्तिले देशमा व्यवस्थित रूपमा कानूनतः कार्यहरू गर्नाले र त्यसरी असल नियतले निर्माण भएका कानूनको असल नियतले देश र जनताको हितका लागि प्रयोग गर्नाले व्यवस्थाले निश्चितता पाउँछ। यही निश्चितताम नै देशको उन्नति संभव छ। यसरी कार्य गर्दा राज्यका तीनवटै अंगहरूमा सन्तुलन र सामन्जस्यताको खाँचो छ। यसरी निष्पक्षता र दृढ सोचाइका आधारमा शासन गर्दा व्यक्तिहरूलाई पार्टी विशेषप्रति भन्दा व्यवस्था, राष्ट्र र जनताप्रति उत्तरदायी भई कुशलता एवं लगनशीलता तथा इमान्दारिताका साथ कार्य गर्ने गराउने वातावरणको सृजना गर्न सकेमा राम्रो हुन्छ। अन्यथा योग्यता र इमान्दारिता प्रति आरदभाव नरहने भै पद र पैसाका आधारमा आदरभावको विकास हुन्छ। देशका विभिन्न निकाय र संघ-संस्थामा आशिन व्यक्तिहरू त्यस्ता निकाय र संघ संस्थामा नियुक्ति पाएकाको र तिनीहरूका आश्रित परिवारको आर्थिक स्थितिलाई रेकर्डमा राखी समय-समयमा जाँचबुझ तथा मूल्यांकन गर्ने परिपाटी बसालेमा आर्थिक अनियमितता समाप्त पार्न सकिन्छ। यसो गर्दा उनीहरूलाई त्यस्तो कार्य गरेबापत बस्न, खान, औषधोपचार तथा बालबालिकाको शिक्षा-दिक्षामा खर्च गर्न सक्ने गरी वृत्ति प्रदान गर्नुपर्दछ। छिमेकी राष्ट्र भारतले समेत पाँचौ पे स्केल आयोगको प्रतिवेदन लागू गरी आठ हजार तलव खाने मानिसलाई बाईस हजार तलव पाउने गरी तलव बृद्धि गरिएको छ। त्यसकारण तलब बढाउन पैसा नदेख्ने हाम्रा कार्यपालिकाका मानिसले देशमा भएको भ्रष्टाचार र सरकारी पैसाको चुहावट पनि नदेख्ने भएका छन्। जसले गर्दा राष्ट्र नै लंगडो हुन पुगेको छ। रातो दिन भन्सार, कर र अन्य यस्तै क्षेत्रमा मात्र कार्य गर्न पाउने सपना देख्ने कर्मचारी तन्त्रलाई निष्पक्ष र भ्रष्टाचार रहित बनाउन वास्तवमा एउटा छुट्टै ज्यादै सशक्त भ्रष्टाचार निर्मूल पार्ने निकायको व्यवस्था हुनु नितान्त आवश्यक भएको छ। हाल भएका यी निकायहरू जनताका नजरमा बेकम्बा नै भएकाले खास काम गर्ने निकायको आवश्यकता छ। यस्तो निकायलाई ७५ वटै जिल्लामा जिल्ला स्तरदेखि केन्द्रसम्म राज्यका तीनवटै अंगमा भएका विकारलाई निर्मूल पार्ने कार्य गर्न सक्ने बनाइनु पर्दछ। यसो गर्दा उनीहरूलाई यथेष्ट, निष्पक्ष र कुनै प्रलोभन रहित हुनसक्ने वातावरण बनाउनुका साथै कर्मचारीलाई आवश्यकतानुसार नियुक्ती गर्ने र उनीहरूको आवश्यकतानुसार खुवाउने गर्नु पर्दछ। साथै तिनीहरूमा उत्तरदायित्व बहन गर्ने कुराको बोध गराउनु पर्दछ। अन्यथा सिद्धान्तमा जस्तो सुकै कुरा गरे पनि जनताप्रतिको वास्तविक उत्तरदायित्व बहन गरेको ठहरिदैन।

३. न्यायपालिकाको कार्य र जनउत्तरदायित्वको प्रश्न

राज्यका तीन अंग मध्येको अर्को महत्वपूर्ण अंग न्यायपालिका हो। देश विकासमा यसको पनि त्यत्तिकै सशक्त भूमिका हुन्छ। यदि न्यायपालिकाले देशको विकासप्रति चासो देखाएन भने अन्य दुई अंग कार्यपालिका र व्यवस्थापिकाले मात्र गर्दैमा देशको उन्नति हुन सक्तैन। कुनै पनि देशमा कस्तो खालको शासन व्यवस्था चलेको छ भन्ने कुराको उदाहरण त्यस देशका न्यायपालिकाको भूमिका र अधिकार कस्तो छ भन्ने आधारमा पहिचान गरिन्छ। नेपालमा ३० वर्षे पंचायती शासनकालमा कम विवादमा रहेको अंग न्यायपालिका नै हो। केही अपवादलाई छाडेर र यसबाट भएका निर्णयले राजनैतिक निर्णयको जामा पहिरेनन्। खासगरी दुर्गादास श्रेष्ठ वी. यज्ञमूर्ति बंजाडे भएको मुद्दामा सर्वोच्च अदालतले देखाएको मानवअधिकार तथा व्यक्तिगत स्वतन्त्रता प्रतिको दृष्टिकोणले पनि वास्तवमा यस निकायको छवि केही न केही बच्न गएको हो।

२०४६ सालको ऐतिहासिक परिवर्तन पछि नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालको न्यायपालिकालाई अझ स्वतन्त्र र निष्पक्ष बनाउने सन्दर्भमा नियुक्ति लगायत अन्य कुरामा गरेको व्यवस्थाले निश्चय नै यसको गरिमा बढ्न गएको पनि हो। तर आफूले पाएको अधिकारको प्रयोग गर्दा उत्तरदायित्व बहन गर्नुपर्छ भन्ने भावना न्यायपालिकामा आशिन व्यक्तिहरूमा कताकता हराएको हो कि भन्ने कुरा केही वर्ष यता देखिएका न्यायपालिकाका कार्यले देखाएको पाइन्छ। अमेरिकाका न्यायाधीश कार्डोजोले कानूनको जीवन भनेको न्याय हो (The life of the Law is justice) र न्यायाधीशले कानूनमा जीवन भर्ने कार्य गर्दछन् भनेका छन्। यसै प्रसंगमा Allen भन्ने विद्वानले भनेको उक्ति उल्लेख गर्नु सान्दर्भिक हुन्छ। उनी भन्छन्कि एउटा नराम्रो कानूनको पनि राम्रोसंग प्रयोग हुन्छ भने न्याय प्राप्त हुन्छ तर राम्रो कानूनको प्रयोग पनि गलत रूपमा भएमा अन्याय हुन्छ। न्यायको मर्म भनेको समानता, निष्पक्षता तथा स्वच्छ न्याय प्रदान गर्नु हो। न्याय प्रदान गर्न कानून र न्यायमूर्तिहरूको व्यवस्था गरिएको हुन्छ। वास्तवमा न्यायको अवधारणा स्वतन्त्रता भन्दा पनि अगाडि आएको हो भन्ने कुरा भारतीय सर्वोच्च अदालतले एउटा मुद्दामा निर्णय गर्दा भनेको छ- "It is prior to liberty (Justitia Est Liberate Prior) त्यसकारण न्याय विना कुनै पनि समाजको अस्तित्व संभव छैन। न्यायपालिकाले देशमा खेल्ने भूमिका महत्वपूर्ण हुन्छ। खासगरी व्यक्तिगत स्वतन्त्रताको संरक्षणमा यसले पूर्ण सतर्कता अपनाउनै पर्छ र अन्य विकास सम्बन्धी विषयमा पनि न्यायपालिकाले ठूलो योगदान पुऱ्याउन सक्तछ भन्ने जनभावनालाई नविर्सि न्यायको निरोपण हुनु पर्दछ। जसले जनउत्तरदायित्वको मर्मलाई साकार पार्न सक्तछ।

नेपालमा २०४७ सालको नेपाल अधिराज्यको संविधानले न्यायपालिकालाई स्वतन्त्र र सक्षम बनाउन गरेको संवैधानिक व्यवस्थाले के यसको न्यायिक मर्मलाई साकार पार्न सकेको छ त भन्ने प्रश्न समाजमा उठ्ने गरेको छ। सर्वोच्च अदालतले न्याय निरोपण गर्दा सानो भन्दा सानो असावधानी पुऱ्याएको कारण सम्पूर्ण न्यायपालिकाप्रति नै जनभावना हराएर जान्छ र यसले समाजलाई पुऱ्याएको योगदानको पनि कुनै मूल्य रहँदैन। यस सन्दर्भमा भारतका तत्कालीन उर्जामन्त्रीले एउटा अन्तर्राष्ट्रिय न्यायविदहरूको गोष्ठीलाई संवोधन गर्दा दिनु भएको विचार उल्लेख गर्नु सान्दर्भिक हुन्छ। उहाँ भन्नुहुन्छ-

If is here that a person like me has a very uncamfortable feeling that our judiwary has failed as. Reasons for an approach which ineffect netralises desirable alteratious of status quo may perhaps be graunded more deeply in the very system which we inheritated an adopted in 1950 at the commecement of the coustitution and the earliest class character of these who manned. I have a feeling that our judiciary has anulittingly allowed itself to be undaly obsessed by static Junispradeatial concepls, procedural teehnicalities and rule of construction born and grown in foreign soil and appropriate to other developed societies. They did not cansciously give a thaught to chartering a new course of eralving a jun'sprudence which was truly Indian keeping with the essential radical spirit of our own canstitution and the revalution of rising exceptions. I am unable to find any limitation, express or uplied, in our coustitution (which judiciary like other organs of the state is olbigated to uphold), which prohibets greater adoption of a conceptual and contextual iterpretation of the constitutional provisions we fulfulment of the fundamental faith enshnined therein, there by preventing the grouling atroply of a vital limb of legal endeavour as means of responding to the urges and norms of the order.

यसरी उपरोक्त कुरा उल्लेख गर्दै उहाँले भन्नु हुन्छकि कार्यपालिका र विधायिकालाई बराबर संविधानको संशोधन गरेको भनी दोष लगाइन्छ तर यी सबै कारण न्यायपालिकाले न्यायिक निर्णय गरेको कारणले भएको हो। बेलानर्जिको मुद्दामा भएको निर्णयदेखि केशवानन्द भारतीका मुद्दामा भएका निर्णयकै कारणबाट संविधानमा संशोधन भएको छ। १९७८ मा भएको ४४ औं संशोधनले सम्पत्ति सम्बन्धी अधिकारलाई मौलिक अधिकारबाट झिकी सामान्य संवैधानिक अधिकार बनाएको छ। चाहे प्रदुषण रोक्ने विषयमा होस् चाहे, समानताका विषयमा होस्, चाहे व्यक्तिगत स्वतन्त्रताका विषयमा होस्, चाहे आतंकवाद विरूद्ध लड्ने विषयमा होस् भारतको सर्वोच्च अदालतले खेलेको भूमिकालाई नगन्य मान्न नमिल्ने अवस्थामा पनि त्यहाँ न्यायपालिका प्रतिको गुनासो यथावत कायम रहेको कुरा उपरोक्त उल्लेखित उक्तिले पुष्टि गर्दछ। नेपालमा न्यायपालिकामा उत्तरदायित्वको भावनाको अभाव भएको र संवैधानिक रूपमा स्वतन्त्र र निष्पक्ष बनाउन खोजे पनि सूर्य टोवाको कर मुद्दामा भएको निर्णय, नरेन्द्र दाहाल र गणेश उपाध्यायको समान प्रवृत्तिको एउटै तथ्य भएको मुद्दामा भएका फरक-फरक निर्णय, अन्नपूर्ण राणाको मुद्दामा गोपनियताका विषयमा बोलेका कुरा, मानबहादुर लिम्बु, वी. गजलाल लिम्बुको मुद्दाको सिद्धान्तलाई उल्टाई जालसाजी मुद्दामा मुद्दा गर्ने हदम्याद सम्बन्धमा भएका निर्णयहरू विवाद रहित बन्न सकेनन्। जेहोस् अबेर भए पनि बितिसकेको अवस्य पनि छैन। उत्तरदायित्व बहन गर्ने कुरामा सामान्य नागरिकदेखि सबैले आत्मालाई साक्षी राखेर देशको उन्नतिमा एउटा इटामात्र थप्न सके त्यहिनै आफ्नो उत्तरदायित्व बहन गरेको मान्नुपर्छ।

उपसंहार

मानिसमा आएको भोग विलासिता प्रतिको आशक्ति र अरूले गरेको गलत कार्य पनि म वा हामीले किन गर्न नहुने भन्ने गलत भावनाको विकासले गर्दा समाज विकृतितर्फ उन्मुख भएको छ। सामाजिक मान्यतामा आएको परिवर्तन खासगरी पैसा नै सम्मान र इज्जत हो भन्ने कुरामा केही दशक यता आएर देखिएको विकासले सामाजिक संरचनाको जरामै किरा पारी सकेको छ। सरकारको वास्तविक क्षेत्रमा भन्दा अनावश्यक क्षेत्रमा लगानी गर्ने दृष्टिकोण र शिक्षा क्षेत्रमा गरेको नगन्य लगानी र यस क्षेत्रमा कार्य गर्ने व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोण इत्यादी सम्पूर्ण कुराहरू आर्थिक पक्षसंग सम्बन्धित देखिन्छन्। जबसम्म राज्यका तीनै अंगले पूर्ण दूरदर्शी भएर आ-आफ्ना क्षेत्रमा नीति निर्माण गरी स्वच्छ भावनाले देश निर्माणमा सन्तुलित रूपमा लाग्न सक्तैनन् तबसम्म देशको उन्नति संभव छैन। खराब कुरामा पनि अरूको नक्कल गर्ने प्रवृत्तिले सुधारको संकेत देखाउँदैन। जबसम्म सामाजिक मान्यतामा परिवर्तन ल्याउन सकिदैन र समाजलाई पथभ्रष्ट पार्ने दिग्भ्रमित गराउने तत्वहरूलाई दण्डित गरी समाजमा नङ्ग्याउन सकिदैन जतिसुकै राम्रो कानूनको निर्माणले पनि देशले आफ्नो लक्ष्य पूरा गर्न सक्तैन। विकृतिको विजारोपण सानोभन्दा सानो कुराबाट उत्पन्न भएको भए त्यसलाई समयमै निर्मूल पार्न नसके यसले सामाजिक मान्यतामै आँच ल्याउछ र यसलाई ठीक बाटोमा ल्याउन गाह्रो पर्दछ। अतः यस दिशामा समयमै सोच्नु नितान्त आवश्यक भएको छ।

वर्तमान संविधान र महिला सशक्तिकरणको प्रश्न



- इन्दिरा भट्टराई

नेपाल अधिराज्यको संविधान २०४७ लागू भएको आठ वर्ष व्यतित हुन लागेको छ। यो संविधान लागू भैसकेपछि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा थुप्रै गोष्ठी र सेमिनारहरू सम्पन्न भै सके भने थुप्रै संघ संस्थाहरू पनि स्थापना भैसके तर संविधानले निर्देश गरे अनुसार महिला सशक्तिकरणको दिशातर्फ राज्यले के कति कार्य गरेको छ सोको समीक्षा गर्ने वेला आइसकेको छ। नेपाल अधिराज्यको संविधान २०४७ मा महिला सशक्तिकरणको दिशातर्फ निम्न लिखित प्रावधानहरू समावेश गरिएका छन्।

१. संविधानको प्रस्तावनामा प्रत्येक नागरिकको आधारभूत मानवअधिकार र समानताको ग्यारेण्टी गरिएको छ भन्ने व्यवस्था रहेको छ।

२. संविधानको यो भावनाको प्रतिकूल हुने गरी बनाइएका कानूनहरू बाझिएको हदसम्म अमान्य घोषित गर्ने अधिकार न्यायपालिकालाई संविधानको धारा १ मा प्रदान गरिएबाट लैंगिक समानतामा संविधान सचेत, सजग र निर्देशक देखिन्छ।

३. संविधानको धारा ११ को (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बंचित गरिने छैन। त्यसैगरी ११(३) मा राज्यले नागरिकहरूबीच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था साथै ११(३) को प्रतिबन्धात्मक वाक्यांशले तर महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यस्था गर्न सकिने छ भन्ने सकारात्मक व्यवस्था तथा ११(५) मा समान कामका लागि महिला र पुरूष बीच पारिश्रमिकमा भेदभाव गरिने छैन भन्ने प्रावधानहरू महिला सशक्तिकरण र लैंगिक समानता तर्फ सर्वाधिक महत्वका प्रावधानहरू मानिन्छन्।

४. संविधानको धारा २६(७) मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकाधिक सहभागी बनाउने नीति राज्यले अबलम्बन गर्ने छ, धारा २६(९) मा राज्यले अनाथ बालबालिका, असहाय महिला, बृद्ध, अपांग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अबलम्बन गर्ने छ भन्ने जस्ता व्यवस्था गरिएकाले महिला सशक्तिकरणका प्रयासहरूलाई मूर्तरूप दिन राज्यले यी नीतिहरूलाई राज्य संचालनको आधार बनाउनु पर्ने गरी निर्देशक सिद्धान्तको रूपमा व्यवस्थित गरिएका छन्।

संविधानले निर्देश गरेका महिला समानता सम्बन्धी नीतिहरूलाई व्यवहारिक रूपदिन बन्नुपर्ने अनिवार्य कानूनहरू हालसम्म पनि नबनेको कारणले संवैधानिक इच्छा केवल संविधानमा सीमित रहेको देखिन्छ।

प्रतिस्पर्धा गर्न योग्य बनाउने हदसम्मको आरक्षणले मात्र महिलाहरूको चेतनास्तर बृद्धि गर्न सहयोग पुऱ्याउँछ। केवल प्रतिस्पर्धा वा आरक्षण दुवै मान्यताहरू वेठिक हुन् तर असमानहरू बीचको प्रतिस्पर्धाले लङ्गडो र बलवान वीचको दौड प्रतियोगिता जस्तो हुन्छ, तसर्थ महिलाहरूलाई पनि पुरूष सरह योग्य र सक्षम बनाउन निश्चित समयावधि र योजना तयार गरी त्यसबाट प्राप्त परिमाणको आधारमा प्रतिस्पर्धा कै नीति अबलम्बन गर्नु उपयुक्त हुन्छ।

५. राष्ट्रिय सभामा र प्रतिनिधि सभामा महिलाहरूको प्रतिनिधित्वलाई अनिवार्य गरिएको धारा ४६(१) र धारा ११४ का व्यवस्थाहरू पनि महिलालाई देशको सर्वोच्च निकायमा प्रतिनिधित्व गराउने विशेष व्यवस्थाहरू मान्न सकिन्छ।

उल्लेखित संविधानले निर्देश गरेका महिला समानता सम्बन्धी नीतिहरूलाई व्यवहारिक रूपदिन बन्नुपर्ने अनिवार्य कानूनहरू हालसम्म पनि नबनेको कारणले संवैधानिक इच्छा केवल संविधानमा सीमित रहेको देखिन्छ। संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने मूल जिम्मेवारी पाएको कार्यपालिकाले हालसम्म पनि त्यस्ता कानूनहरूको तर्जुमा गर्ने अग्रसरता नदेखाएकोबाट समाज विकासकै अनिवार्य पक्ष महिला विकास आन्दोलन सहज रूपमा अघि बढ्न सकेको छैन। कार्यपालिका र व्यवस्थापिका स्वयंले आफै अग्रसर भै त्यस्ता कानूनहरूको निर्माण गर्नुपर्नेमा न्यायपालिका समेतलाई गुहारेर न्यायपालिकाबाट निर्देशन भैसक्दा समेत त्यस्ता कानूनहरू बन्न नसक्नुलाई भने बिडम्बना मात्रै मान्ने कि? निर्वाचनका समयमा कुनै सेमिनार, गोष्ठी र भाषणका समयमा सर्वसम्मत भएको महिला समानता संसदमा पुगेपछि विवादित हुनु राजनीतिज्ञहरूमा देखिएको दोहोरो मापदण्डको जल्दोबल्दो उदाहरण हो भन्दा फरक पर्दैन।

सामाजिक चेतनास्तरको विकास एवं महिला समानता केवल नारमा मात्र सीमित रहने तीतो यथार्थता स्वीकार्नु पर्ने बाध्यता छ। सामाजिक चेतना स्तरको विकासका लागि शैक्षिक जागरण र सचेतता अपरिहार्य हुन्छ। त्यस्तै गरी परम्परागत रूपमा चलिआएको धार्मिक अन्धविश्वास, कुरीति, कु-संस्कार र पैतृक मान्यताले जकडिएको समाज महिला

सशक्तिकरणका बाधक तत्वहरू हुन्। प्रत्येक व्यक्तिको चेतना स्तरमा परिवर्तन भएबाट मात्र महिला सशक्तिकरण संभव छ। जसका लागि संविधान, ऐन, कानून, नियम भन्दा प्रत्येक घरमा इमान्दारितापूर्वक लागू गरिने महिला समानता सम्बन्धी दृष्टिकोणको व्यवहारिक कार्यान्वयन धेरै सवल हुन्छ।

महिला सशक्तिकरणका लागि महिला स्वयंमा स्वतः स्फुर्त रूपमा देखिने नारीजागरण अपरिहार्य हुन्छ। औपचारिक सभा सम्मेलनमा नारी समानताको नारा फलाकेर आ-आफ्नो घरमा परम्परागत रूपमा मानि आएका कु-संस्कार र कुरीतिहरूको बन्धनबाट स्वयं नै मुक्त हुन नसक्ने प्रवृत्तिले महिला आन्दोलनलाई केवल विदेशी दातृ समूहद्वारा प्राप्त सहयोग दुरूपयोग गर्ने रूपमा मात्र सीमित गरेको छ। साथै महिला स्वयंमा उत्पन्न हुने हीनताबोध भावना र पर-आश्रित प्रवृत्ति महिलाहरूमै देखिने उनीहरूमा रहेको महिला सशक्तिकरण सम्बन्धी वास्तविक अवधारणाको कमी पनि हो।

संविधानको धारा ११(३) ले निर्देश गरेको महिला सशक्तिकरणको लागि पनि विशेष व्यवस्था गर्न सकिने भन्ने कानून हालसम्म बन्न सकेको छैन। तथापि उक्त भावनालाई समेट्ने गरी आंशिक मात्रामा केही कानूनहरूले सीमित व्यवस्था गरेको पाइन्छ। गाउँ विकास समिति ऐन, २०४८ को प्रथम संशोधन २०५४ र हालै संसदबाट पारित भएको स्थानीय स्वायत्त शासन सम्बन्धी ऐन, २०५५ ले स्थानीय निकायमा महिला प्रतिनिधिहरूको अनिवार्य व्यवस्था गरेको पाइन्छ। त्यसैगरी कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को प्रस्तावनाले कानूनी राज्यको सिद्धान्त अनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले आर्थिक र सामाजिक कारणबाट पछि परेका नागरिकहरूलाई आवश्यक कानूनी सहायता राज्यको तर्फबाट उपलब्ध गराउने उद्देश्य राखेको हुनाले सामाजिक कारणबाट पछि परेका महिलाहरूलाई यो ऐनले विशेष सुविधा उपलब्ध गराउने उद्देश्य राखेको हुनाले सामाजिक कारणबाट पछि परेका महिलाहरूलाई यो ऐनले विशेष सुविधा उपलब्ध गराउने देखिन्छ तर यो ऐन बमोजिम नियमावली नबनेकोले कानून मै सीमित देखिन्छ र हालै मात्र लालमोहर लागेको बहुचर्चित प्रचलित नि.से.ऐन, २०५५ को संशोधनले महिला कर्मचारीहरूलाई सेवा प्रवेश गर्दा परीक्षण अवधी १ वर्षबाट घटाएर ६ महिनामात्र र माथिल्लो तहमा बढुवा हुन तल्लो तहमा काम गरेको अवधि पुरूष भन्दा एक वर्ष कम भए हुने व्यवस्था साथै सेवा प्रवेश गर्ने उम्मेदवारको अवधि ४० वर्षसम्म हुने व्यवस्था भने संविधानको उपरोक्त भावना अनुरूपने भएको देखिन्छ।

महिला समानता र घरेलु हिंसा विरूद्धमा संयुक्त राष्ट्र संघीय विभिन्न प्रस्तावहरूमा नेपालले हस्ताक्षर गरे अनुरूपका धेरै कानूनहरू पनि बन्न बाँकी नै छन्। यसका अलावा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले अनुसन्धानमूलक रूपले तयार गरी श्री ५ को सरकारले गर्नुपर्ने भनी दिएका सुझावहरूको कार्यान्वयन पनि केवल आश्वासनमा मात्र सीमित रहेका छन्।

उल्लेखित कुराहरूका अतिरिक्त सामाजिक चेतनास्तरको विकास नै महिला सशक्तिकरण मूल आधार हो। सामाजिक चेतनास्तरको कुरा गर्दा गरीबी, अशिक्षा र पछ्यौटेपन यसका बाधक तत्वका रूपमा उपस्थित हुन्छन्। तत्पश्चात् महिला सशक्तिकरणको प्रश्नमा उठ्ने एउटा विवाद के हो भने आरक्षण वा प्रतिस्पर्धा मध्ये कुन चाँहि माध्यमद्वारा महिला सशक्तिकरण संभव छ भन्ने एकीन धारणा अहिलेसम्म निर्विवाद रूपमा बन्न सकेको छैन। यसमा स्वयं महिला आन्दोलनका अग्रजहरूको पनि समान धारणा पाइदैन। तर हाम्रो संविधान र प्रचलित कानूनहरूले माथि उल्लेख गरिए बमोजिम आरक्षणकै नीति अबलम्बन गरेको देखिन्छ। मेरो विचारमा प्रतिस्पर्धा गर्न योग्य बनाउने हदसम्मको आरक्षणले मात्र महिलाहरूको चेतनास्तर बृद्धि गर्न सहयोग पुऱ्याउँछ। केवल प्रतिस्पर्धा वा आरक्षण दुवै मान्यताहरू वेठिक हुन् तर असमानहरू बीचको प्रतिस्पर्धाले लङ्गडो र बलवान वीचको दौड प्रतियोगिता जस्तो हुन्छ, तसर्थ महिलाहरूलाई पनि पुरूष सरह योग्य र सक्षम बनाउन निश्चित समयावधि र योजना तयार गरी त्यसबाट प्राप्त परिमाणको आधारमा प्रतिस्पर्धा कै नीति अबलम्बन गर्नु उपयुक्त हुन्छ। प्रजातन्त्र प्राप्ति पछिको यो छोटो अवधिमा महिला जागरणमा देखिएको अभूतपूर्व सफलताले महिला आन्दोलनको दिशामा सकारात्मक संकेत देखा परेको छ। तर महिला आन्दोलनलाई समान विकासको अनिवार्य पाटोको रूपमा स्वीकार नगर्ने केवल महिलाहरूको लागि मात्र हो भन्ने पितृ सत्तात्मक चिन्तन र महिला आन्दोलन पुरूष विरूद्धको आन्दोलन हो भन्ने अतिवादी महिला चिन्तन दुवै प्रवृत्तिहरू महिला आन्दोलनका बाधक हुन्। संविधान स्वयंमा महिला आन्दोलनको लागि बाधक देखिएको छैन, तर संवैधानिक सोचलाई व्यवहारिक रूप दिने अख्तियार पाएका राज्यका हरेक निकायहरूले सक्रियताका साथ योजना मुताविक आफ्नो कर्तव्य निर्वाह गर्नेसम्म हो भने पनि महिला सशक्तिकरणले साकार रूप लिने थियो। संकेतहरू सकारात्मक नै छन् केवल राज्यको इच्छा शक्ति र प्रतिबद्धताको निरन्तरता तथा इमान्दारिता मात्रले पनि महिला सशक्तिकरणले अहम् भूमिका खेल्छ। ●

राष्ट्रिय सभाको औचित्य ....

बढेका दृष्टान्तहरू भेटिन्छन्। जसलाई माथिल्लो सदनलाई सुहाउँदो र बाञ्छनीय मान्न सकिन्न।

माथिल्लो सदनको भूमिकाको बारेमा टिप्पणी गर्दै आवे सिएस (Abbe Sieyes) नाम गरेका एक जना फ्रेन्च चिन्तक तथा क्रान्तिकारीले अठारौं शताब्दीमा नै आफ्नो विचार यस प्रकार प्रकट गरेका छन्- "यदि दोस्रो सदन पहिलो सदनसंग सहमत भएन भने त्यो दुर्भाग्य हुनेछ र पछि त्यो पहिलोसंग सहमत भयो भने त्यो बेकम्मा हुनेछ।"

उपर्युक्त भनाइले माथिल्लो सदनको भूमिकाको बारेमा बडो सटिक टिप्पणी गरेको देखिन्छ। यस भनाइले माथिल्लो सदन तल्लो सदनसंग सहमत मात्र हुने र असहमत मात्र हुने स्वभावको हुनु हुँदैन। तल्लो सदनका काम कारवाहीलाई गुण र दोषको आधारमा वस्तुनिष्ठ तवरले सहमत वा असहमत हुन सक्ने बुद्धिमतापूर्ण निर्णय गर्न सक्ने हुनु पर्छ। अर्थात् निकम्मा सावित हुने र दुर्भाग्य निम्त्याउने दुवै कुराबाट बच्न सकेको खण्डमा मात्र माथिल्लो सदनको भूमिका सार्थक मान्न सकिन्छ।

माथिल्लो सदनको भूमिका प्रभावकारी हुन नसक्दा अथवा माथिल्लो सदनको आवश्यकतालाई पुष्ट्याई गर्ने कार्य हुन नसक्दा व्यवस्थापिकाको संरचना नै परिवर्तन गरिएका दृष्टान्तहरू पनि छन्। दुई सदनात्मक व्यवस्थापिका ग्रहण गर्ने न्यूजिल्याण्डले माथिल्लो सदनलाई खारेज गरी सन् १९५१ देखि तल्लो सदन मात्र भएको एक सदनात्मक व्यवस्थापिका अवलम्बन गरेको उदाहरण पनि हाम्रै सामु रहेको छ।

तसर्थ नेपाल जस्तो गरीब मुलुकको राष्ट्रिय सभाका पदाधिकारी र सदस्यहरूको तलव, भत्ता तथा सुविधाका लागि व्यहोर्नु पर्ने धनरासी जति हुन्छ त्यस अनुरूपको योगदान राष्ट्रिय सभाबाट प्राप्त हुन सकेन भने हामीले पनि न्यूजिल्याण्डको अनुभवबाट पाठ सिक्नु पर्ने हो कि?

सन्दर्भ सामग्रीहरु

१. नेपाल अधिराज्यको संविधान २०४७
२. नेपालको संवैधानिक कानून, कानून अनुसन्धान तथा विकास फोरम (फ्रिडिल), २०५४
३. नेपाल अधिराज्यको संविधान २०४७ को व्याख्यात्मक टिप्पणी, संविधान सुझाव आयोग, २०४७
४. टोपबहादुर सिंह, नेपालको संविधान र संवैधानिक कानून

राष्ट्रिय सभाको औचित्य र यसको भूमिका

हरिप्रसाद उप्रेती

व्यवस्थापिकाको संरचनामा आधारित भएर यसलाई विभाजन गर्दा यसलाई दुई भागमा विभाजन गर्न सकिन्छ। पहिलो एकसदनात्मक व्यवस्थापिका र दोस्रो हो द्विसदनात्मक व्यवस्थापिका। यस विभाजन अनुसार हाम्रो संसद पनि द्विसदनात्मक व्यवस्थापिका भित्र पर्दछ। आजसम्मको संसारकै संसदीय अभ्यासलाई हेर्दा एकसदनात्मक व्यवस्थापिका र द्विसदनात्मक व्यवस्थापिका बनाउनु पर्ने कुनै ठोस र निश्चित मापदण्ड तय गरिएको पाईंदैन। तथापि एकसदनात्मक र द्विसदनात्मक व्यवस्थापिका बनाउनुको पछाडि कुनै तर्क, औचित्य र आधार हुँदै नभएको भने अवश्य पनि होइन। एकसदनात्मक र द्विसदनात्मक व्यवस्थापिकाको पक्ष विपक्षमा राजनीतिज्ञ, संसदविद तथा संवैधानिक कानूनविद्हरूका बीचमा प्रशस्त मतभिन्नताहरू रहेको पाइन्छ।

द्विसदनात्मक व्यवस्थापिकालाई अबलम्बन गर्ने मुलुकहरूले जनसंख्याको आधारमा संसदमा प्रतिनिधित्व गराउने गरी पहिलो वा तल्लो सदन र संघीय राज्य, जाति, जनजाति, धर्म, सम्प्रदाय, सामाजिक आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग राष्ट्रिय जीवनमा ख्याति प्राप्त गरेका व्यक्तित्व आदिका आधारमा प्रतिनिधित्व गराउने गरी दोस्रो वा माथिल्लो सदन बनाउने गरेको पाइन्छ।

द्विसदनात्मक व्यवस्थापिकालाई अपनाउने मुलुकहरूले दोस्रो वा माथिल्लो सदन राख्नुको औचित्य पुष्टि गर्दा मुलतः निम्न प्रकारका तर्कहरूलाई अगाडि सार्ने गरेको देखिन्छ।

१. संघीय संरचना भएको मुलुकमा जनसंख्याको आधारमा चुनिएका प्रतिनिधि मात्र रहने एक सदनात्मक व्यवस्थापिका बनाउँदा संघहरूको हकहित सम्बन्धी भूमिका गौण हुन जाने र त्यसले मुलुकको राष्ट्रिय राजनीतिमा जटिलता उत्पन्न हुने।
२. जनताद्वारा चुनिएका प्रतिनिधिहरू सक्षमता, बौद्धिकता तथा स्पष्टता नभएका व्यक्तिहरू समेत हुन सक्ने भएकाले संसदीय काम कारवाहीलाई चुस्त र सुदृढ पार्न त्यस्ता गुणहरू भएका व्यक्तिहरू रहन सक्ने छुट्टै सदन हुन आवश्यक हुने।
३. बहुजाति, बहुभाषिक मानिसहरू बसोबास भएको मुलुकमा जनसंख्याको वा इलाकाको आधारमा मात्र प्रतिनिधित्व हुने खालको संसदमा अल्पसंख्यकहरूको प्रतिनिधित्व स्वतः हुन नसक्ने हुनाले त्यस्ता व्यक्तिहरू विस्तारै समाजबाट विस्थापित हुन सक्ने।
४. दुई सदनबाट काम कारवाहीको टुंगो लगाउनु पर्दा एक सदनबाट टुंगो लगाइदा लाग्ने समय भन्दा बढी समय लाग्ने हुनाले संसदको गतिविधि जनतासम्म पुग्ने र जनताको प्रतिक्रिया प्राप्त हुने हुनाले कुनै गल्ती त्रुटी भएकोमा सो सुधार गर्ने अवसर प्राप्त हुन्छ।
५. एउटा सदनले गरेको गल्ती त्रुटीलाई अर्को सदनले सुधार गर्न सक्ने हुनाले संसदीय गतिविधि परिपक्व हुन सक्छ।
६. दुई सदनमा छलफल भई पारित भएपछि मात्र विधेयक पारित हुने भएकोले विधेयकमा सर्व पक्षीय छलफल हुने र परिपक्व बनाएर पारित गर्ने संभावना हुन्छ।
७. तल्लो सदन विघटन भएका बखतमा पनि माथिल्लो सदनले दैनिक र प्रक्रियागत काम कारवाहीहरू गरिरहने हुनाले शुन्य वा अभावको स्थिति आइपर्दैन।

> *आजसम्मको संसारकै संसदीय अभ्यासलाई हेर्दा एकसदनात्मक व्यवस्थापिका र द्विसदनात्मक व्यवस्थापिका बनाउनु पर्ने कुनै ठोस र निश्चित मापदण्ड तय गरिएको पाईंदैन ।*

यस पृष्ठभूमिमा हेर्दा हाम्रै संविधान एकात्मक (Unitory) संरचनामा आधारित रहेको हुनाले सामान्यतः द्विसदनात्मक व्यवस्थापिका आवश्यक नपर्ने तर्क आफ्नो ठाउँमा काफी वजनपूर्ण भए पनि संविधान सुझाव आयोगले हाम्रो संसद द्विसदनात्मक बनाउनु पर्ने औचित्यको बारेमा प्रष्ट्याई दिंदै "एक सदनात्मक व्यवस्थाका आफ्नै के विशेषता छन् तापनि संसदको कार्यभार, यसको गहन जिम्मेवारीको प्रवृत्ति र स्वरूप हेर्दा एउटा सदनले गरेको कार्यको परिमार्जन अर्कोबाट हुन सक्ने र एउटा सदनको कार्यव्यस्तताले हुन सक्ने संभावित त्रुटीको सुधार दोस्रोबाट हुने हुन्छ। अनुभवी र प्रतिभाशाली विद्वानहरूलाई राष्ट्रिय गतिविधिमा संलग्न गराई राष्ट्रलाई लाभान्वित गर्नुका साथै विभिन्न जाति तथा वर्गहरूको प्रतिनिधित्व गराउन सकिने पनि हुन्छ। यसबाट व्यवस्थापिकीय पक्ष अझ बढी फराकिलो प्रतिनिधिमुलक हुने विश्वासका साथ प्रस्तुत संविधानले द्विसदनात्मक संसदको व्यवस्था गरेको छ।" भनिएको छ।

उपर्युक्त औचित्यहरूको पृष्ठभूमिमा बनेको हाम्रो सदनको माथिल्लो सभा मानिने राष्ट्रिय सभाले के कस्तो भूमिका निभाइरहेको छ भन्ने प्रश्न संविधान लागू भएको करीब एक दशक बित्न लागेको सन्दर्भमा निश्चय पनि महत्वपूर्ण हुन आउँछ। त्यसै कारणले गर्दा यी हरफकारले खासगरी राष्ट्रिय सभाले हालसम्म देखाएको भूमिकाको बारेमा नै केन्द्रित रही चर्चा गर्ने जमर्को गरेको छ।

क. राष्ट्रिय सभाको संरचना

कुनै पनि संस्था वा निकायको भूमिका कस्तो छ भन्ने बारेमा चर्चा गर्नुभन्दा अगाडि सो को संरचना के कसरी भएको छ भन्ने विषयमा चर्चा गर्नु उपयुक्त हुने भएकोले सर्वप्रथम त्यसकै बारेमा चर्चा गरौं।

संविधानको धारा ४६ ले गरेको व्यवस्था अनुसार राष्ट्रिय सभामा निम्न बमोजिमका ६० जना सदस्यहरू रहने व्यवस्था छ।

(क) श्री ५ बाट राष्ट्रिय जनजीवनका

विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट मनोनित गरिबक्सने दश जना सदस्यहरू।

(ख) प्रतिनिधिसभाबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल संक्रमणीय मतको आधारमा कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने कम्तिमा तीन जना महिला सहित पैंतीस जना सदस्यहरू र,

(ग) प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका स्थानीय निकायका प्रमुख, उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचन मण्डलद्वारा तत् तत् विकास क्षेत्रबाट तीन जनाका दरले एकल संक्रमणीय मतको आधारमा कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने पन्ध्र जना सदस्यहरू।

संविधान सुझाव आयोगले संविधानको मस्यौदामा प्रतिनिधि सभा सदस्यको संख्या १७५ र राष्ट्रिय सभा सदस्यको संख्या ६० उल्लेख गरेकोमा राष्ट्रिय सभा सदस्यको उक्त संख्यालाई कायमै राखे पनि प्रतिनिधित्वको आधारमा फेरबदल गरेर संविधान जारी भयो। झन् प्रतिनिधि सभाको सदस्य संख्यालाई बढाएर १७५ बाट २०५ पारियो। राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सदस्यहरूको क्षेत्र पनि हालको संविधानको जस्तो नभइ संविधान सुझाव आयोगले प्रस्ताव गरेको संरचना यस प्रकार रहेको थियो।

(क)श्री ५ बाट राष्ट्रिय जीवनको विभिन्न पेशामा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट मनोनित गरिबक्सने दश जना सदस्यहरू।

(ख) प्रतिनिधि सभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल संक्रमणीय मतका आधारमा कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने देहाय बमोजिमका पैंतीस जना सदस्यहरू :

१. महिला तीन जना
२. दलित जाति मध्येबाट तीन जना
३. प्रतिनिधि सभामा प्रतिनिधित्व नभएका वा पर्याप्त प्रतिनिधित्व नभएका पिछडिएका जनजातिहरू मध्येबाट नौ जना र
४. अन्य बीस जना

(ग) गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख र जिल्लाका स्थानीय निकायका प्रमुख र उपप्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचन मण्डलद्वारा प्रत्येक विकास क्षेत्रबाट तीन जनाका दरले एकल संक्रमणीय मतका आधारमा कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने पन्ध्र जना सदस्यहरू।

राष्ट्रिय सभाको संरचनाको हकमा संविधान सुझाव आयोगको संविधानको मस्यौदा र वर्तमान संविधानले गरेको व्यवस्था बीच यो अन्तर त रह्यो नै। तर संविधान सुझाव आयोगको उक्त सिफारिसलाई किन फेरबदल गर्नु परेको हो त्यसको कारण भने बुझ्न सकिएको छैन। उपर्युक्त २ वटा व्यवस्थालाई हेर्दा संविधान सुझाव आयोगको राष्ट्रिय सभामा दलित जातिको छुट्टै प्रतिनिधित्व गराउने र पिछडिएका जनजातिको प्रतिनिधि सभामा प्रतिनिधित्व नै हुन नसकेमा वा पर्याप्त प्रतिनिधित्व हुन नसकेमा त्यस्ता व्यक्तिहरूको छुट्टै प्रतिनिधित्व गराउने सिफारिसलाई संविधान जारी गर्दा इन्कार गरिएको प्रष्ट देखिन्छ।

यो यथार्थता आफ्नो ठाउँमा छँदैछ। यसको अतिरिक्त राष्ट्रिय सभा र प्रतिनिधि सभामा प्रतिनिधित्व गराइने सदस्यहरूको संख्या के आधारमा निर्धारण निर्धारण गरिएको हो त्यसको कुनै आधार र औचित्य फेला पार्न भने सकिएको छैन। राष्ट्रिय सभाका सदस्यको संख्या जे भए पनि संविधान सुझाव आयोगले आफ्नो मस्यौदामा पेश गरेको दलित र पिछडिएका जाति, जनजातिहरूका छुट्टै प्रतिनिधित्व गराउने व्यवस्थालाई इन्कार गरिनु आफैंमा एउटा बिडम्बना सावित भएको छ। जसले गर्दा राष्ट्रिय सभाको औचित्यलाई प्रारम्भमा नै चुनौति दिएको निष्कर्ष निकाल्न सकिन्छ।

ख. सदस्यहरुको छनौट

विभिन्न राजनीतिक आस्था र विचारलाई बोक्ने सक्रिय राजनीतिक पृष्ठभूमि भएका व्यक्तिहरू नै जनप्रतिनिधिको रूपमा चुनिएर आउन सक्ने संभावना रहने हुनाले त्यस्ता व्यक्तिहरू तल्लो सदनमा नै चुनिन सक्दछन् भन्ने एउटा स्थापित मान्यता रही आएको छ। त्यसैले माथिल्लो सदनमा प्रतिनिधित्व गर्ने व्यक्तिहरू सक्रिय राजनीतिमा संलग्न नरहेका राष्ट्रिय जीवनमा विविध क्षेत्रमा गहकिलो योगदान दिएका अनुभवी परिपक्व ख्यातिप्राप्त वा लब्ध प्रतिष्ठित व्यक्तित्वहरू वा पिछडिएको जाति जनजाति वा वर्गको प्रतिनिधित्व गर्ने व्यक्तित्वहरू हुनु पर्दछ भन्ने मान्यता रहेको छ। मान्यता यस प्रकारको रहेको भए पनि आजसम्म राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने चेहेराहरूलाई नियाल्दा न्यून संख्यामा मात्र यस प्रकारका व्यक्तित्वहरूले प्रतिनिधित्व गरेको पाइन्छ। राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सदस्यहरू जुनसुकै राजनीतिक दल वा संगठनबाट प्रतिनिधित्व गरेका किन नहुन्, धेरै जसो सक्रिय राजनीतिमा संलग्न रहेका व्यक्तिहरू नै पाइन्छन्। अझ कतिपय सदस्यज्यूहरू त प्रतिनिधि सभाको निर्वाचनमा पराजय भोगिसके पश्चात् राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सौभाग्य प्राप्त गर्ने पनि हुनुहुन्छ। यसले गर्दा राष्ट्रिय सभा पनि परिणामतः प्रतिनिधि सभाकै रूपान्तरण हुन पुगेको महसुस भएको छ। अर्को शब्दमा भन्नुपर्दा राष्ट्रिय सभालाई राजनीतिक दलमा सक्रिय रहेका व्यक्तिहरूलाई रोजगार दिने स्थानको रूपमा परिणत गर्ने दिशातर्फ अभ्यास भइरहेको महसुस गर्न थालिएको छ।

कतिपय सदस्यज्यूहरू त प्रतिनिधि सभाको निर्वाचनमा पराजय भोगिसके पश्चात् राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सौभाग्य प्राप्त गर्ने पनि हुनुहुन्छ । यसले गर्दा राष्ट्रिय सभा पनि परिणामतः प्रतिनिधि सभाकै रूपान्तरण हुन पुगेको महसुस भएको छ । अर्को शब्दमा भन्नुपर्दा राष्ट्रिय सभालाई राजनीतिक दलमा सक्रिय रहेका व्यक्तिहरूलाई रोजगार दिने स्थानको रूपमा परिणत गर्ने दिशातर्फ अभ्यास भइरहेको महसुस गर्न थालिएको छ ।

ग. राष्ट्रिय सभाको भूमिका

माथिल्लो सदनको मुलभूत औचित्य नै तल्लो सदनबाट हतारमा वा आवेशमा आएर गरिने निर्णयबाट उत्पन्न हुनसक्ने गल्ती त्रुटीहरूलाई सच्याउने भूमिका निर्वाह गर्नु हो भन्ने गरिन्छ। तर यी हरप्रकारले हाँसिल गरेको जानकारी गलत छैन भने आजसम्म हाम्रो राष्ट्रिय सभाले निर्वाह गरेको भूमिकालाई केलाउँदा प्रतिनिधिसभाले गरेको काम कारवाहीलाई सच्याएको भन्दा पनि राष्ट्रिय सभाको गल्ती त्रुटीलाई प्रतिनिधि सभाले सच्याएको उल्टो अनुभव हामीसित रहेको छ। २०५२ सालमा पेश गरिएको सन्धी ऐनको पहिलो संशोधन सम्बन्धी विधेयक राष्ट्रिय सभाबाट पारित भए पनि प्रतिनिधि सभाले त्यसलाई रोक्ने कार्य गऱ्यो। त्यो निर्धक्क

पारित भएको भए मुलुकको लागि एउटा दुर्भाग्य सावित हुने टिप्पणी त्यस बखत विभिन्न कोणहरूबाट उठेका थिए। तर सौभाग्यवश त्यो विधेयक पारित हुन पाएन। के आजसम्म प्रतिनिधि सभाले पारित गरेका विधेयकहरू सबै त्रुटी रहित नै थिए त? के त्यसै कारणले गर्दा राष्ट्रिय सभाले प्रतिनिधि सभाबाट पारित भएका विधेयकलाई रोक लगाउनु पर्ने आवश्यकता महसुस नगरेको हो त? यी प्रश्नहरू जति सहज छन् जवाफ त्यति सहज नहुन सक्दछ। प्रतिनिधि सभाका सबै निर्णयसंग सहमत नै हुने हो भने राष्ट्रिय सभाको औचित्य के रह्यो त?

घ. चुनाव प्रक्रिया

संविधानको धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम प्रतिनिधि सभाबाट निर्वाचित हुने तीन जना महिला सदस्य र खण्ड (ग) बमोजिम प्रत्येक विकास क्षेत्रबाट निर्वाचित हुने सदस्यहरूको निर्वाचन समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल संक्रमणीय मतको आधारमा हुने कुरा सुनिश्चित गरी साना राजनीतिक दलहरूको अस्तित्व कायम राख्ने प्रत्याभूति संविधानले दिइरहेको अवस्थामा राष्ट्रिय सभा नियमावली २०४८ को नियम १८२ तथा अनुसूची ६ को देहाय खण्ड (ख) र (घ) मा क्रमशः तीन जना महिला सदस्य र प्रत्येक विकास क्षेत्रबाट ३ जनाका दरले प्रतिनिधित्व गर्ने १५ जना सदस्यहरूको पदावधि कायम गर्दा प्रत्येक २ वर्षमा १ महिला सदस्यको र प्रत्येक विकास क्षेत्रका १ जना सदस्यको पदावधि समाप्त हुने र त्यस ठाउँमा चुनाव गराउने व्यवस्था गरी संविधानको मर्मलाई ठाडै चुनौति दिइएको छ। भन्नुको अर्थ के हो भने १/१ वटा पदका लागि चुनाव गर्ने गरी कानून बनाइन्छ र एक पदका लागि समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल संक्रमणीय मतको आधारमा चुनाव हुनै सक्दैन भने त्यस्तो कानून र त्यस कानून बमोजिम गरिने व्यवहारले संविधानको उल्लेखित व्यवस्थाको खिल्ली उडाएको प्रष्ट हुन्छ।

यदि समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अनुसार एकल संक्रमणीय मतको आधारमा चुनाव गर्न न्यूनतम् संख्या पनि ३ चाहिन्छ भन्ने कुरामा कसैको दुई मत हुन सक्दैन। यही कुरालाई ध्यानमा राखेर संविधानले न्यूनतम संख्या पनि तीन तोकेको छ। यदि संविधानको मर्म अनुसार नै कानून बनाउने र व्यवहार गर्ने प्रतिबद्धता भएको भए महिला सदस्यलाई एक एक जनाको ३ समूह र विकास क्षेत्रका सदस्य १५ जना मध्ये प्रत्येक विकास क्षेत्रबाट एक एक जना गरी पाँच पाँच जनाको ३ समूह पार्नुको सट्टा १५ जना विकास क्षेत्रका सदस्य र ३ जना महिला सदस्य गरी १८ जना सदस्यहरूलाई ६/६ जनाको तीन समूह कायम गरी दुई विकास क्षेत्रका सदस्यहरूको एक पटक र एक विकास क्षेत्र र महिला सदस्यको एक पटक पदावधि पूरा हुने गरी न्युनतम पनि ३ वटा पदकै लागि निर्वाचन गर्ने व्यवस्था कायम गर्न सकिने थियो। तर प्रतिनिधि सभामा धेरै संख्या भएका राजनीतिक दलको अहं र स्वार्थले गर्दा संविधानले तोके अनुरूप चुनाव नभई एक पदका लागि मात्र चुनाव हुने प्रणालीले गर्दा सापेक्षित बहुमत प्राप्त गर्ने उम्मेदवार नै विजयी हुने अभ्यास शुरू गरी समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अनुसार एकल संक्रमणीय मतको आधारमा चुनाव गर्ने संवैधानिक प्रत्याभूतिलाई मृत प्रायः पारियो।

ङ. अल्पसंख्यकहरुको प्रतिनिधि

नेपाल जस्तो बहुभाषिक, बहुजाति भएको मुलुकमा यथासक्य अल्पसंख्यक रूपमा रहेका जातजाति भाषाभाषीहरूको समेत राष्ट्रिय सभामा प्रतिनिधित्व हुनु वान्छनीय ठानिन्छ। सिद्धान्त यस कुरामा कसैको विमती नभए पनि व्यवहारमा यो कुरा अनुभव गर्न सकएिको छैन। अझै पनि आफ्नो समुदायबाट राष्ट्रिय सभाको सदस्य बनाउन नसक्ने नियतीलाई साँचेर बस्न धेरै जातजातिहरू बाध्य भएका छन्। सबै जनजातिलाई समेट्न नसकेसम्म राष्ट्रिय एकीकरणको भावना नहुकने र त्यसले गर्दा राष्ट्रको विकासमा गम्भीर असर पर्ने हुनाले मुलुकले त्यो परिणाम भोग्ने दिन नआओस् भन्ने कामना गर्न सकिन्छ।

(च) महिलाहरुको प्रतिनिधित्व

संविधानको धारा ४६ (१) ले राष्ट्रिय सभामा प्रतिनिधि गर्ने महिलाहरूको संख्या र धारा ११४ ले प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनैतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तिमा ५ प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य गरेको हुनाले उक्त संवैधानिक वाध्यताले गर्दा सो बमोजिम महिलाहरूलाई प्रतिनिधित्व गराउने गरेको पाइएता पनि राष्ट्रिय सभामा उम्मेदवारी दिंदा महिलाहरूकै लागि तोकिएको उम्मेदवारी दिंदा महिलाहरूकै लागि तोकिएको स्थानमा बाहेक महिलाहरूलाई प्राथमिकता दिएर प्रतिनिधित्व गराउने अभ्यास कुनै राजनीतिक दलले पनि देखाउन सकेको छैन। राष्ट्रिय सभामा प्राथमिकता साथ महिलाहरूको प्रतिनिधित्व गराउने कुरामा ठूला राजनीतिक दलहरूको प्रतिबद्धता प्रकट हुन सकेको भए महिला उत्थानकोलागि ठोस योगदान पुग्ने कुरा निश्चित हुने थियो तर बिडम्बना के भयो भने संविधानले निर्दिष्ट गरिदिएको महिलाहरूको आरक्षित स्थान महिलाहरूको सम्पूर्ण हिस्सा मान्ने प्रचलनलाई अगाडि बढाइयो। यथार्थमा संविधानले राष्ट्रिय सभामा महिला ३ जना मात्र र बाँकी ५७ जना पुरूषलाई प्रतिनिधित्व गराउने र प्रतिनिधि सभामा ९५ प्रतिशत पुरूष र ५ प्रतिशत मात्र महिलाको प्रतिनिधित्व गराउने लक्ष्य राखेको अवश्य होइन। तसर्थ त्यस सन्दर्भमा पनि राष्ट्रिय सभाको औचित्य सावित हुन सकेको छैन।

छ. बौद्धिकता र धैर्यताको प्रयोग

संसदका अधिकारीहरू तथा संसद सदस्यहरूको तलब भत्ता तथा सुविधामा वृद्धि गर्ने कुरा आजसम्म पनि आम रूपमा आलोचना, वितृष्णा र विकृतिको रूपमा प्रतिबिम्बित हुने गरेको छ। वास्तवमा मुलुकको अनुहार फेर्ने अभिष्ट बोकेर हिड्नु पर्ने व्यक्तित्वहरूले कर्मचारी, प्रहरी, सेना, शिक्षक, प्राध्यापक आदि राष्ट्रसेवकहरूको जीविकोपार्जनको लागि आवश्यक पर्ने न्यूनतम् तलव, भत्ता तथा सुविधा उपलब्ध गराएर आफ्नो तलव भत्ता र सुविधाको बारेमा सोचेको भए आज सांसदहरूले यतिसारो आलोचित बन्नु पर्ने थिएन। यस्ता कुरामा प्रतिनिधि सभाका सदस्यहरूले त आफ्नो बुद्धिमतापूर्ण निर्णयको पहिचान दिन सकेनन् सकेनन्, राष्ट्रिय सभा जस्तो धैर्यशील, बौद्धिक र परिपक्क मानिने सदन समेत यस सवालमा चुक्न पुग्यो। प्रतिनिधि सभाको यस कदमलाई राष्ट्रिय सभाले रोक्न सकेको भए जन आस्थाको धरोहर बन्न सक्थ्यो तर यो कुरा हाम्रो कामनामा मात्र सीमित हुन पुग्यो।

ज. जनादेशको परिपालना

यद्यपि माथिल्लो सदन प्रत्यक्ष रूपमा जनप्रतिनिधिहरूको सदन होइन। तथापि यस सदनको अन्तिम लक्ष्य जनताहरूको हित र कल्याण गर्नु नै भएकोले परोक्ष रूपमा त्यस सदनले समेत जनादेशको परिपालना गर्नै पर्ने हुन्छ। यसले गर्दा प्रतिनिधि सभा विघटन भएको बेला स्थायी प्रकृतिको मानिने यस सदनले आफ्नो नियमित कार्य संचालन गरे पनि नयाँ र नौलो विषयमा छलफल गर्ने जनादेश गुमाउने हुनाले व्यवहारतः यो सदन पनि विघटन भए सरह मानिने मान्यता रही आएको छ। तर बिगतको हाम्रो संसदीय अभ्यासलाई हेर्दा (२०५२ सालमा प्रतिनिधि सभा विघटन भएको बेला) जनादेशको विद्यमानता बेगर राष्ट्रिय सभाका काम कारवाहीहरू अगाडि

बाँकी २१ पेजमा

उपलब्धि र क्षतिबीच घोषणापत्रका पचास वर्ष

मुकुन्द कट्टेल

आजभन्दा ५० वर्ष अघिमात्र विश्व समुदायले महसुस गऱ्यो कि इतिहासका सबैभन्दा विध्वंशात्मक घटनाहरूका कारण विनासको किनारैमा पुगेको विश्व मानवजातिको संरक्षण मानवअधिकारहरूको सम्मानबाट मात्र सम्भव छ। मानव जन्मदा केवल "मानव" हुन्छ। "अधिकार र सम्मानका दृष्टिले हरेक मानव स्वतन्त्र र समान जन्मन्छ", विश्व मानव घोषणापत्रको पहिलो धाराको पहिलो वाक्य हो यो। र, यही वाक्यको मर्म जीवनको वास्तविकतामा अनुवाद गर्न मानवअधिकार आन्दोलनले पचासौं वर्ष खपत गरिसकेको छ।

यो वर्ष "मानवअधिकार वर्ष" का रूपमा विश्वभर मनाइयो। पर्व वर्ष मनाउने क्रममा विश्वभरि बिगत ५० वर्षका प्राप्तिहरू, उपलब्धीहरू र कमजोरीहरू केलाउने काम पनि भयो, हुँदैछ। सर्सति केलाउँदा बितेका ५० वर्षहरू मानव अधिकारहरूको स्थापना गर्न केहीहद सफल भएका देखिन्छन्। तानाशाही र एकदलीय शासन व्यवस्थाहरू बहुदलीय व्यवस्थामा संक्रमण भएका छन्- खुला र बहुलवादी समाजको निर्माण भएको छ। प्राकृतिक र मानवजन्य विपत्तिका कारण विचल्लीमा परेकाहरूको संरक्षणका लागि विशेष पहल भएको छ। मानवअधिकारहरू जीवनको सांगोपांगो पक्षकै अभिव्यक्ति हुन् भन्ने महसुस भएको छ। र, कुनै पनि बहानामा- जस्तो कि वातावरण संरक्षण, विकास निर्माण आदि आधारभूत मानव आवश्यकताहरूको अवहेलना गर्न पाइन्न भन्ने सम्मति बनेको छ। संयुक्त राष्ट्र संघका वर्तमान महासचिव कोफी आन्नानले अघि सार्नु भएको "संयुक्त राष्ट्र संघ सुधार" कार्यक्रममा संयुक्त राष्ट्र संघ प्रणालीका सम्पूर्ण क्रियाकलापहरूमा मानव अधिकारहरूलाई महत्वपूर्ण र केन्द्रीय पक्षको रूपमा राखिएको छ। तर पचास वर्षे समय सिक्काको अर्को पाटो कम भयावह छैन। त्यो उल्लेख गर्न सहज पनि छैन र "छैन" या "होइन" पक्षलाई हामी प्रत्येकदिन भोगिरहेकै छौं।

मानवअधिकार घोषणाको पचास वर्षलाई विश्वका वर्तमान चिन्तकहरू र बुद्धिजीवीहरू कसरी हेरिरहेका छन् यसबाट पनि पचास वर्षको एउटा सहज मूल्यांकन निकाल्न सकिन्छ। यो शताब्दीकै सबैभन्दा चर्चित विश्लेषक प्रा. नोम चोम्स्की र अन्य प्रतिष्ठित व्यक्तित्वहरूको विचारमा कस्तो रह्यो त यो पचास वर्ष।

विश्वभर अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाइरहेको "इन्डेक्स अन सेन्सर्सिप" ले अंक ३/९८ मा "अभिव्यक्ति स्वतन्त्रताका पचास वर्षहरू" को मूल्यांकन गरेको छ। मानवअधिकार घोषणा पत्रको सफलता र असफलताहरूका सम्बन्धमा टिपोट गरिएका संसारभरिका दृष्टिकोणहरूको एउटा छोटो समीक्षा-

प्रा. नोम चोम्स्की : सम्भवत यो शताब्दीकै सबैभन्दा महान चिन्तक-विश्लेषक, भाषा विज्ञ, संयुक्त राज्य अमेरिका

घोषणापत्रको उपादेयताको मापन निकै कठीन कार्य हो। यसले एउटा सीमा भित्र रहेर मानवअधिकार संस्थाहरू र प्रवक्ताहरूलाई मानवअधिकार उल्लंघन सार्वजनिक गर्ने माध्यम दिएको छ। अन्तर्राष्ट्रिय अनुवन्धहरू कागजी शब्दहरूमा हैन कि तिनीहरूको व्याख्या र लागु गर्ने क्षमतामा अडिग छन्। नरम रूपमै उल्लेख गर्दा पनि यो क्षमता समान रूपमा वितरण भएको देखिन्न। शक्तिशालीहरू आफूलाई मन लागेको गरिरहेकै छन्, कमजोरहरू केवल गुनासो पोख्दछन्। कतिपय घटनाहरूले सावित गरेको छ कि संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेखित शर्तहरू पनि शक्तिशालीहरूका लागि निकम्बा भएका छन्। जस्तो कि संयुक्त राज्य अमेरिकाले १९९८ को शुरूमै प्रष्टसंग घोषणा गऱ्यो कि ऊ चाहेरै वडापत्रको उल्लंघन गर्ने छ।"

विश्वमा केही आतंक राष्ट्रहरू छन् जो घोषणापत्रप्रति अलिकति पनि चासो राख्ने वहानासम्म गर्दैनन्। जस्तो कि १९६५ को पश्चिमाहरूद्वारा सहयोग प्राप्त नरहत्यापछिको इन्डोनेशिया, असीको दशकको सद्दाम हुसेन,

शक्तिशालीहरू आफूलाई मन लागेको गरिरहेकै छन्, कमजोरहरू केवल गुनासो पोख्दछन । कतिपय घटनाहरूले सावित गरेको छ कि संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेखित शर्तहरू पनि शक्तिशालीहरूका लागि निकम्बा भएका छन् । जस्तो कि संयुक्त राज्य अमेरिकाले १९९८ को शुरूमै प्रष्टसंग घोषणा गऱ्यो कि ऊ चाहेरै वडापत्रको उल्लंघन गर्ने छ ।

वास्तवमा मानवअधिकार व्यापार र मोलतोलको मुद्दाको रूपमा पनि प्रयोग भएको छ । निरंकुशहरू र व्यापारिक रूची भएकाहरू लागि मात्र नभएर यो मोलतोल संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको भोटिङ्ग व्यवहारमा पनि अभिव्यक्त भएको छ । यसरी केही निरंकुशहरू र तिनका सहयोगीहरू, जसको घोषणापत्रको स्वीकृतिमा दस्तखत रहेको छ, घोषणापत्रलाई बङ्ग्याउन, मर्काउन र कहिलेकाँही त परिवर्तन गर्नसम्म उद्दत भएको पाइएको छ ।

मानवअधिकार स्ट्यान्डरहरूको लागु गर्ने क्रममा अन्तर्राष्ट्रिय प्रणालीले पाएका सफलताहरूलाइ नयाँ दृष्टिकोणबाट हेरिनु पर्दछ । यसरी हेर्दा उत्सव मनाउनु पर्ने कुनै अवस्था देखिन्न । मानवअधिकार संयुक्त राष्ट्र संघको पचासौं वर्षको गन्ती गरौं, करोडौं डलर विकास कार्यक्रमको विश्लेषण गरौं : दुवैको विश्वमा परेको असर निकै थोर देखिन्छ ।

जुनबेला उसले संयुक्त राज्य र संयुक्त अधिराज्यको सहयोगमा अत्यन्तै आतंक मच्चाएको थियो।

घोषणापत्रका शर्तहरू लागु गर्ने सन्दर्भमा केही सुझाव-सूचीहरू छन् मसंग। त्यो सूचीको सबैभन्दा माथि छ- ढोङ या आडम्बरको अन्त हुनै पर्छ। शक्तिशालीहरूले कमजोरहरूको विरूद्धमा प्रयोग गर्ने हतियार बन्नु हुँदैन- घोषणापत्र।

म्लादिभिर झिरिनोब्स्की : रशीयाली लिबरल प्रजातान्त्रिक पार्टीका नेता

घोषणापत्र हाम्रो समयको बाध्यता हो, आणविक संसारको परिणति हो यो। यस्तो डकुमेन्ट नहुँदो हो त मानवीयताको मृत्यु कुनै पनि बेला अवश्यंभावी थियो। मानवीयता आणविक विवाद, धार्मिक द्वन्द आदिको तानातानमा च्यातिने थियो।

हामी यस्तो देशमा बस्दछौं जहाँ मानवअधिकार विरूद्धका आधारभूत अपराधहरूको कुनै सजाय छैन। न त अपराधीहरूले पीडित समक्ष कुनै वास्तविक पछुतो राख्दछन्। सबैभन्दा खराब पक्ष त यो छ कि अपराध, असभ्यता र कानूनहीनताको कुनै स्वीकार नै गरिन्न।

मार्टिन सिमेका : डोमिनो फोरुमका संपादक, स्लोभाकिया

घोषणापत्र नभएको भए वीसौं शताब्दीको दोस्रो अवधि अझ बढी निरंकुश हुने थियो। राजनीतिक इतिहासमा पहिलो पटक एउटा दार्शनिक अवधारणाले तानाशाही सत्तालाई समाप्त पाऱ्यो। तर, मानवअधिकारको आजको विश्वको अवस्था हेर्दा घोषणा पत्रका सफलता भन्दा असफलता बढी प्रष्टसंग देखा परेका छन्।

प्रत्येक व्यक्तिले, हरेक निरक्षरले घोषणापत्रको असरको महसुस गर्नु पर्छ, अन्यथा स्वतन्त्रताको भाषा अझ दूर्बोध बन्न जान्छ- तिनीहरूका लागि।

कोन्स्टान्टी गोवर्ट : एक लेखक-पत्रकार, पोल्याण्ड

घोषणाको पठन र स्वीकृतिको दस्तखत ज्ञानको रूखमा फलेको फल चाखेजस्तै लाग्छ। विश्वभरका सरकारहरूले अधिकारहरूको नियन्त्रण गलत रहेछ भन्ने बुझ्नुका साथै व्यवहारको महसुस गरी यसलाई अरूले पनि बुझेका छन् भन्ने स्वीकार्नु पर्दछ।

वास्तवमा मानवअधिकार व्यापार र मोलतोलको मुद्दाको रूपमा पनि प्रयोग भएको छ। निरंकुशहरू र व्यापारिक रूची भएकाहरू लागि मात्र नभएर यो मोलतोल संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको भोटिङ्ग व्यवहारमा पनि अभिव्यक्त भएको छ। यसरी केही निरंकुशहरू र तिनका सहयोगीहरू, जसको घोषणापत्रको स्वीकृतिमा दस्तखत रहेको छ, घोषणापत्रलाई बङ्ग्याउन, मर्काउन र कहिलेकाँही त परिवर्तन गर्नसम्म उद्दत भएको पाइएको छ। तैपनि ईश्वरलाई धन्यवाद दिनै पर्छ कि सानोतिनो दया मिलेकै छ।

म्यारी रोविन्सन : संयुक्त राष्ट्र संघीय मानवअधिकार आयुक्त

मानवअधिकार घोषणापत्र एक जीवन्त दस्तावेज हो। यो शताब्दीको अन्ततिर, जब हामी मानवअधिकार घोषणा पत्रको पचासौं वार्षिकोत्सव मनाउँदै छौं, वर्तमानमा देखिएका पीडादायी मानवअधिकार मुद्दाहरूका बारेमा प्राथमिकताका साथ छलफल चलाउनु जरूरी छ। विकासको अधिकार, अपांगहरूको अधिकार, आदिवासी जनताहरूका अधिकार आदि आजका जल्दाबल्दा विषयहरू हुन्।

मानवअधिकार स्ट्यान्डरहरूको लागु गर्ने क्रममा अन्तर्राष्ट्रिय प्रणालीले पाएका सफलताहरूलाइ नयाँ दृष्टिकोणबाट हेरिनु पर्दछ। यसरी हेर्दा उत्सव मनाउनु पर्ने कुनै अवस्था देखिन्न। मानवअधिकार संयुक्त राष्ट्र संघको पचासौं वर्षको गन्ती गरौं, करोडौं डलर विकास कार्यक्रमको विश्लेषण गरौं : दुवैको विश्वमा परेको असर निकै थोर देखिन्छ।

हामी अझै लिंग, जनजाति, धर्मप्रतिको दृष्टिकोण आदिमा विकराल विभेद देख्दछौं। यही दशकमा मात्र दुई पटक नरसंहारका घटना देखा परे। निरपेक्ष गरीबीको रेखामुनि रहेका देशहरूको संख्या अझै ४८ छ।

यत्रो पैसा, प्रयत्न र आशाहरूको लगानीबाट थोरै उपलब्धी मात्र हात लगाउन पाउनु लाजलाग्दो विषय हो। शित युद्ध र यस्तै अन्य पक्षहरूले अन्तर्राष्ट्रिय काममा बाधा पुऱ्याएको कुरा लुकाउनु पर्ने विषय हुँदै होइन। यो समय वास्तवमा "पाठ सिकौं" अभ्यासको समय हो।

एउटा पाठ यो हो कि अधिकारहरूको सार भनेको सबलीकरण हो। गरीबी आफैमा सयौं आधारभूत अधिकारहरूको उल्लंघन हो। प्राथमिकताको कुरा गर्नु पर्दा अधिकार र सबलीकरण बीचको सुमधुर सम्बन्ध नै मेरा प्राथमिकताका कुराहरू हुन जान्छन्।

अन्तमा, आजको विश्व यस्तो छ जहाँ "उल्लेख्य शान्तिमाथि पदाशीन धनीहरू शासन गर्नु आफ्नो अधिकार र कर्तव्य सम्झन्छन्", गरीबहरू "सेवा गर्न र पीडा भोग्न बाध्य पारिन्छन्।" प्राध्यापक नोम चोम्स्कीका व्यंगात्मक यी उद्दरणहरूले कोरेको विश्वको वर्तमान अवस्थामा परिवर्तन आउन सके विश्वमा मानवअधिकारहरूको बहाली भएको एउटा मापदण्ड हात लाग्ने थियो कि !

सम्वैधानिक परिषदको ....

संचालन गर्दै जानु आवश्यक हुन्छ। यसका लागि जुन पदाधिकारीको नियुक्तिको सिफारिस आवश्यक हुन लागेको छ अर्थात् जुन पदाधिकारीको पद रिक्त हुन लागेको छ सो भन्दा केही समय अगाडि सो पदको लागि उपयुक्त हुने व्यक्तिहरूको व्यक्तिगत विवरण सहित निजले पुऱ्याएको योगदान समेत प्रष्ट देखिने गरी सम्पूर्ण सदस्यहरूलाई उपलब्ध गराउने व्यवस्था होस् जसले गर्दा ती व्यक्तिहरूको विषयमा आवश्यक छानवीन गर्न सदस्यहरूलाई पर्याप्त समय रहोस् र हरेक सदस्यले आफूले राखेका विचारहरूको कदर भएको महसुस गरी बाहिर आएर गुनासो गर्नु पर्ने अवस्थाको अन्त होस्। यो सब कार्यको लागि संवैधानिक परिषद्को छुट्टै कार्यालय र दक्ष कर्मचारीहरू हुन जरूरी हुन्छ। यसको अभावमा अभिलेख मात्र राख्ने कार्य गर्नु पनि असंभव प्रायः हुन्छ। यस कार्यालयले संवैधानिक परिषद्ले नियुक्तिका लागि सिफारिस गर्ने संवैधानिक निकायका पदाधिकारीहरूको पदावधिको अवधि, उक्त रिक्त पदका लागि योग्यता पुगेका संभाव्य व्यक्तिहरूको व्यक्तिगत विवरण र पृष्ठभूमि सहितको नामावली अद्यावधिक गरी निकायगत रूपमा छुट्टाछुट्टै राख्ने कार्यको जिम्मेवारी प्राप्त गरोस्। यस प्रकार अद्यावधिक गरिएका नामहरू मध्येबाट संवैधानिक परिषद्ले छनौट गरी सार्वजनिक छलफलका लागि प्रस्तावित गरेमा ती व्यक्तिहरूको सार्वजनिक छवि कस्तो रहेछ भनी जनताको अभिमत बुझ्नलाई सजिलो हुनेछ। यसरी सार्वजनिक छलफलबाट प्राप्त अभिमतलाई समेत मध्यनजर राखी संवैधानिक परिषद्ले छानवीनको प्रक्रियालाई अगाडि बढाएर एउटा निर्क्यौलमा पुगी नियुक्तिका लागि सिफारिस भएमा संवैधानिक परिषद्को भूमिका सही रूपमा प्रयोग हुन सक्ने केही विश्वास गर्न सकिन्छ। संवैधानिक परिषद्को औचित्यता माथि प्रश्नचिन्ह खडा हुन नदिन एउटा संयन्त्रको विकास गरिहाल्नु आवश्यक भइसकेको तर्फ संविधानले जिम्मेवार ठहर गरेका व्यक्तिहरूको ध्यान जानु जरूरी छ।

नेपाल अधिराज्यको संविधान र महिला मानवअधिकारको सवाल

कमला पराजुली

समयक्रमले विकाससँगै हामी पनि २१ औं शताब्दीमा पाइलो राख्न लागिसकेका छौं। विश्वमा कति धेरै प्रगति भयो, मानव सभ्यता कहाँबाट कहाँ पुगिसक्यो लेखाजोखा राख्न आफैमा मुस्किल भइसकेको छ। मानव मष्तिष्कबाट निर्मित कृत्रिम मानव (रोवर्ट) वाट समेत विज्ञान र प्रविधिका ठुला-ठूला कामहरू हुन थालिसकेका छन्। तर हाम्रो देशमा अझ पनि हामी मानवअधिकारको अर्थ खोजिरहेका छौं, मानवअधिकारको परिभाषा लगाइरहेका छौं र जीवनरक्षाको भीख मागिरहेका छौं। एउटा मानिसले मानिस भएर, आफूलाई मानिस सम्झेर बाँच्नका लागि आवश्यक आधारभूत आवश्यकताको लागि संघर्ष गर्दागर्दै जीवन गुमाउने प्रक्रिया चालिरहेको छ। सायद यस्तै प्रक्रियाले हाम्रो देशको राणा शासनको अन्त्य भयो, निरंकुश पंचायती व्यवस्थाको अन्त्य भयो र देशमा प्रजातन्त्रको स्थापना भयो। प्रजातन्त्रको स्थापना भएर जनपक्षीय संविधान निर्माण भएको समेत सात वर्ष पूरा भइसकेको छ, तर अझ पनि देशका झण्डै ७५ प्रतिशत नागरिकहरूले देशको मूल कानून संविधानको अर्थ, मर्म र भावना अनुकूल बाँच्ने अधिकार पाइरहेका छैनन्। जनताको आधारभूत आवश्यकता, नैसर्गिक अधिकार, मौलिक हक र स्वतन्त्रताको कुनै अर्थ र महत्व छैन। प्रजातन्त्र र मानवअधिकारको अर्थ र परिभाषा मात्र पुस्तकका पानाहरू र नीतिनिर्माणका भाषणहरूमा सीमित भएको छ। जनताहरू जसले प्रजातन्त्रका लागि आफ्नो जीवनको लामो समय ती आशाहरू आज जतातते निरासा भएर ओइलाइरहेका छन्।

यसरी सम्पूर्ण जनताहरू जसलाई संविधानले हक, अधिकार र स्वतन्त्रता प्रदान गरेको छ तापनि त्यस्तो अवस्था माझ महिलाहरू जसलाई कानून र संविधानमा समेत भेदभाव र अंकुश लगाइएको छ। अनि समाजमा मानिस भएर बाँच्न पाउने अधिकारमा समेत कुठाराघात गरिएको छ। एकातिर हाम्रो धर्म, संस्कृतिमा नारी भनेका घरका लक्ष्मी हुन्, सरस्वती र दुर्गाका प्रतिक हुन् भनिन्छ, अर्कोतिर संविधान (२०४७) को धारा ११ मा समानताको हक प्रदान गर्दै जाती, धर्म, वर्ण, लिङ्ग, कुनै पनि आधारमा भेदभाव गरिने छैन भन्ने मान्यतालाई पनि उल्लेख गरिएको छ। यसै धारा अन्तर्गत अझ महिलाहरूका सवालमा अझ धेरै विशेषाधिकार समेत प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ तर मुलुकी ऐन अंशवण्डाको १० नं. मा सम्पत्ति सम्बन्धी अधिकारमा "छोरा र स्वास्नीलाई मात्र खान-लाउन दिने प्रावधान छ, छोरीलाई छैन। संविधानमा उल्लेखित समानताको धारणा अनुरूप महिला र पुरूष माझ समानता ल्याउन कानूनमानै परिवर्तन ल्याउन आवश्यक छ। नेपाली महिलाको पक्षमा संविधानमा व्यवस्था भए अनुसार, संविधानको भावना अनुरूप अझ पनि कानून बन्न सकिरहेका छैनन्। संविधानको धारा २० मा शोषण विरूद्धको हक प्रदान गरेको छ तर यो हक पनि कुनै प्रभावपूर्ण अवस्थामा देखिदैन। रोजगार, विवाह र अन्य लोभ लालचामा फकाएर चेलीबेटी बेचबिखन र दास-दासी बनाउने र जबरजस्ती गर्ने प्रक्रियालाई रोक लगाउन सकिरहेको छैन। त्यस्तै संविधानको धारा १२ मा स्वतन्त्रताको हक अन्तर्गत महिला अधिकारमा जोड दिइएको छ भने संविधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्तमा महिलाको शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा विशेष प्राथमिकता दिंदै राज्यले नीति लिनेछ भनेर व्यवस्था गरिएको छ।

धारा ११४ मा ५ प्रतिशत महिला प्रतिनिधि सभामा अनिवार्य रूपमा पठाउनु पर्ने र प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा पठाउनु पर्नेमा अनिवार्य ३५ जना सदस्य मध्ये ३ जना महिला सदस्य हुनु पर्ने व्यवस्था समेत गरिएको छ।

तर उल्लेखित व्यवस्थालाई व्यवहारिक रूपमा सही प्रयोग नगरेर यात संविधानको मर्मलाई औपचारिकताको कवजले ढाकेर निस्कृय पारिएको अवस्था छ। त्यस्तै संविधानको धारा ८-१० मा नागरिकता सम्बन्धी व्यवस्थामा पितृत्वको (वंशजको) आधारमा मात्र नागरिकता प्राप्त गर्न सकिने व्यवस्था गरी नागरिकता प्राप्तिको सवालमा असामनता कायम हुन पुगेको छ। र विदेशीसंगको वैवाहिक सम्बन्धपश्चात् नागरिकता प्रदान गरिने सवालमा पनि असमान व्यवस्था गरिएको छ।

एकातर्फ संयुक्त राष्ट्र संघको महासभामा महिला विरूद्ध हुने सबै किसिमका भेदभावहरूको अन्त्य (CEDAW) सम्बन्धी अभिसन्धिमा पनि १९९१ मा नेपालले हस्ताक्षर समेत गरिसकेको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय सन्धिमा हस्ताक्षर गरिसकेपछि त्यसलाई आफ्नो राष्ट्रमा कार्यान्वयन गराएर तीन वर्षसम्ममा प्रतिवेदन पठाइ सक्नु पर्ने प्रावधान हुँदाहुँदै पनि अहिलेसम्म बाझिएका कानूनहरूमा परिवर्तन पनि गरिएको छैन र प्रतिवेदन समेत पनि पठाइएको छैन।

यसरी एकातर्फ अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा सहमति जनाउने र अर्कोतर्फ राज्यको मूल कानूनमै भेदभावपूर्ण कानूनी प्रावधानहरू राखिनुले नेपाल अधिराज्यको संविधानले महिला मानवअधिकारको सवाललाई कति सुरक्षित गराएको छ? आफैमा एउटा गम्भीर प्रश्न छ। नेपालको सामाजिक संरचना, भौगोलिक बनौट,आर्थिक अवस्था, धर्म, संस्कृति, राजनीति, कानून सम्पूर्ण पक्षबाट त महिलाहरूमाथि भेदभाव भएकै छ भने देशको मूल कानूनबाट समेत महिला अधिकारको रक्षा गर्न सकिएको देखिदैन। अतः वर्तमान संविधानले महिला मानवअधिकारको सवाललाई कुठाराघात नै गरेको यथार्थ प्रष्ट हुन आउँछ।

●

संवैधानिक परिषद्को भूमिका

- हरिकृष्ण कार्की
अधिवक्ता

नेपाल अधिराज्यको संविधान, २०४७ ले सर्वोच्च अदालतका प्रधान न्यायाधीश, निर्वाचन आयोगको प्रमुख आयुक्त लगायत आयुक्तहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरू, लोकसेवा आयोगका अध्यक्ष तथा सदस्यहरू र महालेखा परीक्षकको नियुक्तिको सिफारिस गर्ने कार्य समेतको अधिकारयुक्त संवैधानिक परिषद्को व्यवस्था गरेको छ। संवैधानिक परिषद्को काम, कर्तव्य र अधिकार यो संविधान र अन्य कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ भन्ने प्रावधान राखी कानूनको निर्माण गरी संवैधानिक परिषद्को कामलाई विस्तार गर्न सकिने अवस्था देखिन्छ तर संविधान लागू भएको ८ वर्ष व्यतित भइसक्दा पनि यस विषयमा कुनै कानून बनाउने प्रयत्नसम्म पनि नदेखिनुले विधायकहरूले संवैधानिक परिषद्को कामलाई संविधानमा उल्लेख गरिएका संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिका सिफारिसमा मात्र सीमित गर्नु उपयुक्त सम्झेका हुन् भनी अनुमान गर्नुभन्दा अर्को विकल्प रहँदैन।

संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभामा विपक्षी दलको नेता समेत ५ सदस्य रहने व्यवस्था गरेको छ भने प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्नका लागि न्याय मन्त्री

र सर्वोच्च अदालतका एक जना न्यायाधीश सदस्यको रूपमा रहने व्यवस्था गरेको छ। यस प्रकार राज्यका प्रमुख अंगका रूपमा रहने कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुखहरूका साथै सरकारले गर्ने र गरेका गलत कामहरूको लेखाजोखा गरी सचेतकको भूमिका निर्वाह गर्ने र भावी प्रधानमन्त्रीका लागि तयार भएर बस्ने विपक्षी दलका नेतालाई समेत समावेश गरी परिषद्को गठन गर्नु पर्ने आवश्यकता संविधान निर्माताहरूले जिम्मेवार व्यक्तिहरूले गरेको सिफारिसबाट नियुक्त भएका संवैधानिक निकायका पदाधिकारीहरूले त्यस्ता निकायहरूमा स्वतन्त्रता र निष्पक्षता कायम राख्न सक्छन् भन्ने विश्वास संविधान निर्माताहरूले लिएको पाइन्छ। यो कुरा संविधानको व्याख्यामा सहायक सामग्रीको रूपमा लिन सकिने संविधान निर्माताहरूबाट तयार भएको नेपाल अधिराज्यको संविधान २०४७ को व्याख्यात्मक टिप्पणीको अध्ययनबाट पाउन सकिन्छ।

संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने संवैधानिक निकायका पदाधिकारीहरू एक पटक नियुक्त भइसके पश्चात् कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको आधारमा पदमुक्त गर्ने भनी प्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव श्री ५ बाट स्वीकृत

संवैधानिक परिषद्ले आफनो कार्यविधि आफैं व्यवस्थित गर्न सक्ने व्यवस्था संविधानले गरेको छ । संविधान लागु भएको ८ वर्ष व्यतित भइसक्दा पनि कार्यविधि व्यवस्थित भएको जानकारीमा आउन सकेको छैन । बरू संवैधानिक परिषद्मा हाल बसिरहनु भएका अध्यक्ष तथा सदस्यहरू र संवैधानिक परिषद्मा बसी सक्नु भएका व्यक्तिहरूबाट समेत जब नियुक्ति गर्ने समय आउँछ, वैठक बोलाई प्रधानमन्त्रीज्यूले गोजीबाट नाम निकालेर पढ्नु हुन्छ, तिनीहरूको ऐतिहासिक पृष्ठभूमि के कसो र अरू के कति त्यस पदको लागि उपयुक्त हुने व्यक्तिहरू छन्, सिफारिस गर्नुपर्ने व्यक्तिलाई नै सिफारिस गर्नुपर्ने आधार के ? भन्नेकुरा जानकारी हुँदैन भन्ने खालको सार्वजनिक अभिव्यक्तिहरू सुन्न र पढ्न पाइएको छ ।

सर्वप्रथमत संवैधानिक परिषद्का कुनै पनि सदस्यले आफनो भूमिका सक्षमतापूर्वक र प्रभावकारी ढंगबाट निर्वाह गर्न सहज हुने किसिमको कार्यविधि व्यवस्थित गरी सो कार्यविधि अनुरूप परिषद्का कामलाई संचालन गर्दै जानु आवश्यक हुन्छ ।

गरिबक्सेको अवस्थामा मात्र पदमुक्त हुने जटिल संवैधानिक व्यवस्था गरेको छ। यस प्रक्रियाबाट पदमुक्त हुने कुरा असम्भव प्रायः हुन्छ भन्ने कुरा अन्य मुलुकहरूको उदाहरण पनि विरलै मात्र भेटिनुबाट स्पष्ट हुन्छ। यसमा पनि हाम्रो संविधान निर्माताले संवैधानिक निकायका पदाधिकारीहरूलाई निडरतासाथ काम गर्न सकुन् भन्ने उद्देश्यले संविधान संशोधन भन्दा जटिल प्रक्रिया पार गरेर मात्र पदमुक्त हुने व्यवस्था राखेको छ। संविधान संशोधन हुनका लागि सम्पूर्ण सदस्य संख्याको दुई तिहाई उपस्थित भई उपस्थित संख्याको दुई तिहाई बहुमतबाट पारित भए पुग्छ भने संवैधानिक पदाधिकारीलाई पदमुक्त गर्न सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमत हुनु आवश्यक छ।

बिगत आठ वर्षयता संवैधानिक परिषद्ले गरेका नियुक्तिहरूमा संविधान निर्माताले राखेको उद्देश्य अनुरूप भएको छ भन्ने अनुभूति हुन सकेको छ त? भन्ने प्रश्न अहमं रूपमा उठ्ने गर्दछ। संविधानको प्रयोग उद्देश्य अनुरूप हुन सकेन भने त्यो संविधान निस्प्राण बन्दछ। संविधान र संविधानले परिकल्पना गरेको व्यवस्थाप्रति नै वितृष्णा जागेर आउने अवस्था सृजना हुन्छ। संवैधानिक परिषद्को नियुक्तिको सिफारिस विवादमुक्त हुन सकेनन्। संविधानले तोकेको न्यूनतम् योग्यता पुगेका व्यक्तिहरूमध्ये योग्य, सक्षम, इमान्दार, लगनशीलतापूर्वक आफ्नो दायित्व निर्वाह गरी आएका व्यक्तिहरूको नियुक्तिको सिफारिस गर्नेभन्दा बहुमतको आधारमा परिषद्का सदस्य भित्रका प्रभावशाली व्यक्तिहरूको रक्त सम्बन्ध भित्र पर्ने व्यक्तिहरू खोजी नियुक्तिको लागि सिफारिस गर्ने प्रवृत्तिले नियुक्तिको सिफारिस विवादास्पद बनाएको कुरा आम चर्चामा आएको विषय हो। यस अतिरिक्त कुनै नियुक्तिको सिफारिसमा जेष्ठता नै एक मात्र आधारको रूपमा हेरिनु पनि नियुक्तिको सिफारिसलाई विवादास्पद बनाउने माध्यम बनेको छ। यदाकदा जेष्ठतालाई त्याग्ने चर्चा आउँदा बहुमतवाला सदस्यहरूले आफ्नो पार्टी (दल) लाई अमुक व्यक्तिले पूर्ण सहयोग गर्दैन त्यसकारण यसलाई नाघेर अर्को व्यक्तिलाई सिफारिस गर्नुपर्छ भन्ने विषयले प्रमुखता पाएको देखिन्छ। संवैधानिक परिषद जस्ता निकायहरूको संस्थागत विकासका आधारमा प्रभावकारी भूमिका खेलेमा मात्र संविधानले



गरेका व्यवस्थाहरू गतिशील हुन सक्छन् भन्ने कुरामा विश्वास राख्ने कानून व्यवसायीहरूको एक मात्र व्यवसायिक संगठन नेपाल वार एसोसिएशनले आफ्नो केन्द्रीय कारिणी परिषद्को बैठकको अवसरमा २०५४/८/२१ र २२ गते संवैधानिक परिषद्को भूमिका र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रभावकारिताको विषयमा छलफल कार्यक्रमको आयोजना गरेकोमा सहभागी कानून व्यवसायीहरूले आयोगका प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्तिको सिफारिस उच्च मर्यादा पालन गर्न नसक्ने, असक्षम, अनैतिक तथा आफ्नो कर्तव्य, अधिकार र दायित्वबोध गर्न नसक्ने व्यक्तिहरूलाई गरिएको हुँदा भ्रष्टाचार गर्ने व्यक्तिहरू उपर कार्वाही गर्न नसक्ने अवस्था सृजना भएको भन्ने समस्या पहिचान गरी सम्बन्धित निकायहरूमा पठाएको पाइन्छ। आफ्नो योग्यता, सक्षमता र इमान्दारिताको कारणबाट नभई बाह्य प्रभावका आधारमा सिफारिस भई नियुक्ति पाएका व्यक्तिहरूबाट प्रभावकारी एवं निष्पक्ष भूमिकाको अपेक्षा गर्नु मुर्खता सिवाय अरू केही हुन सक्तैन।

संवैधानिक परिषद्ले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्ने व्यवस्था संविधानले गरेको छ। संविधान लागु भएको ८ वर्ष व्यतित भइसक्दा पनि कार्यविधि व्यवस्थित भएको जानकारीमा आउन सकेको छैन। बरू संवैधानिक परिषद्मा हाल बसिरहनु भएका अध्यक्ष तथा सदस्यहरू र संवैधानिक परिषद्मा बसी सक्नु भएका व्यक्तिहरूबाट समेत जब नियुक्ति गर्ने समय आउँछ, बैठक बोलाई प्रधानमन्त्रीज्यूले गोजीबाट नाम निकालेर पढ्नु हुन्छ, तिनीहरूको ऐतिहासिक पृष्ठभूमि के कसो र अरू के कति त्यस पदको लागि उपयुक्त हुने व्यक्तिहरू छन्, सिफारिस गर्नुपर्ने व्यक्तिलाई नै सिफारिस गर्नुपर्ने आधार के? भन्नेकुरा जानकारी हुँदैन भन्ने खालको सार्वजनिक अभिव्यक्तिहरू सुन्न र पढ्न पाइएको छ। यसै कार्यविधिका आधारमा संवैधानिक परिषद्का कार्य अगाडि बढाउने हो भने कुनै समयमा संवैधानिक पदाधिकारीहरूको नियुक्तिमा गतिरोध आउन सक्ने संभावनालाई नकार्न सकिदैन।

संविधान निर्माताले राखेको उद्देश्य अनुरूप संवैधानिक परिषदले आफ्नो भूमिका निर्वाह गरी संवैधानिक पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्दा सिफारिस पाउने र सिफारिस गर्ने दुवैले गौरवको अनुभूति गर्न सक्ने अवस्था भएमा त्यस्ता पदाधिकारीहरूबाट मात्र स्वतन्त्र, निस्पक्ष एवं स्वच्छ ढंगबाट आफ्ना कार्य संचालन गर्न सक्ने छन् र संविधानले पनि सकारात्मक गति लिने आशा गर्न सकिन्छ। यसो गर्नका लागि सर्वप्रथमत संवैधानिक परिषद्का कुनै पनि सदस्यले आफ्नो भूमिका सक्षमतापूर्वक र प्रभावकारी ढंगबाट निर्वाह गर्न सहज हुने किसिमको कार्यविधि व्यवस्थित गरी सो कार्यविधि अनुरूप परिषद्का कामलाई

बाँकी २६ पेजमा

युवा अधिकार र राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रावधानहरू

प्रकाश ज्ञवाली

- प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले नोकरी रोज्ने र काम गर्नको निम्ति उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र बेकारीबाट रक्षा पाउने अधिकार छ। (धारा २३,१)

- प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ। शिक्षा कमसेकम प्रारम्भिक तथा आधारभूत चरणहरूमा निःशुल्क हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ। उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ। (धारा २६,१)

सन् १९४८ मा संयुक्त राष्ट्र संघद्वारा पारित मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रोजगारी र शिक्षाको सवाललाई प्रमुखता दिएर उपरोक्त व्यवस्था गरिएको छ। घोषणापत्रमा उल्लेख गरिएका सवालहरूलाई आ-आफ्नो देशमा कार्यान्वयन गर्ने प्रतिवद्धतासहित नेपाल लगायत् विश्वका प्रायः राष्ट्रहरूले यसलाई अनुमोदन गरिसकेका छन्।

हाम्रो देशमा युवाअधिकारको स्थिति, राष्ट्रद्वारा प्रतिबद्धता जनाइएका सवालहरू र कार्यान्वयन पक्षको बारेमा चर्चा गर्दा सन्तुष्टि लिने ठाउँ देखिँदैन। युवा समाजको ऐना हो। सबैभन्दा सचेत, राष्ट्र निर्माणको उर्जा र सामाजिक जनजीवनको नेतृत्व भनेको युवा वर्ग नै हो। तसर्थ युवाहरूको हक, हित र अधिकार प्राप्तिका निम्ति हरेक राष्ट्रका नीतिहरू परिलक्षित हुनु अत्यन्त आवश्यक हुन्छ। तर, हामीकहाँ राज्यद्वारा गरिएका प्रतिवद्धता र व्यवस्थाहरू व्यवहारको कसीमा नउत्रने समस्याले गर्दा युवा अधिकारको सवाल दयनीय छ। स्वभावैले राष्ट्रका हरेक तह र तप्काका जनता समस्याको भूमरीमा चपेटिनु परेको वर्तमान अवस्थामा युवावर्ग पनि त्यसैको नियति भोग्न बाध्य छ।

वर्तमान अवस्थामा हाम्रो देशका युवाहरूको ज्वलन्त अधिकारका रूपमा उठाउने सवालहरू शिक्षा र रोजगार हुन्। यी सवालहरूमा रहेका समस्यालाई समाधान गर्नको निम्ति विश्वव्यापी ढंगबाट पनि विभिन्न कानूनी प्रयत्नहरू भएका छन्। युवाहरूको हक, हित र समस्याहरूमा केन्द्रित रहेर अहिलेसम्म संयुक्त राष्ट्र संघद्वारा "मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८" का साथै "खेलकुदमा रंगभेद विरूद्धको अभिसन्धी १९८५", "जनजाति बीच शान्ति, आपसी सद्भाव र समझदारीका आदर्शहरू युवामाझ प्रवर्द्धन गर्ने घोषणापत्र १९६५", "रोजगार नीति अभिसन्धी १९६४", "रोजगार तथा व्यवसायमा भेदभाव विषयको अभिसन्धी १९५८", "शिक्षामा भेदभाव विरूद्धको अभिसन्धी १९६०", "शिक्षामा भेदभाव विरूद्धको अभिसन्धीको विषयलाई लिएर पक्षराष्ट्रहरूका बीच उत्पन्न विवादको समाधानका लागि सम्झौता वा मिलाइदिने आयोग गठन गर्ने विषयको उपलेख १९६२" जस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरू पारित भएका छन्।

युवाहरूले पाउनु पर्ने न्यूनतम आधारभूत अधिकारका बारेमा विभिन्न राष्ट्रहरूका संविधानमा विशेष व्यवस्था गरिएको छ। खासगरी मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ जारी भइसकेपछि नागरिकका मौलिक अधिकारहरूको बारेमा मूल कानूनमै स्पष्ट व्यवस्था गर्ने प्रचलन विकसित भएको पाइन्छ। कुनै पनि अधिकारहरूको उपभोग गर्ने बिषयमा पक्षपातपूर्ण व्यवहार गर्न नहुनेतर्फ यस्ता व्यवस्थाहरूमा विशेष जोड दिइएको पाइन्छ।

शिक्षा र रोजगारको सवाललाई विभिन्न मुलुकहरूमा राज्यको नीति निर्देशक सिद्धान्त र मौलिक अधिकार शिर्षक अन्तर्गत व्यवस्था गरेको पाउँछौं। भारतको संविधानको धारा २९(२) मा भनिएको छ - "No citizen shall be denied admission into any educational institution maintained by the state or receiving aid out of state funds on grounds only of religion, race, caste, language or any of them." (धर्म, जाति, भाषा आदिको आधारमा कुनैपनि शैक्षिक संस्थामा भर्ना हुनबाट कसैलाई पनि वञ्चित गरिने छैन।) त्यसैगरी धर्म, भाषा आदिको भेदभाव विना शैक्षिक संस्थाहरू खोल्न र संचालन गर्न पाउने अधिकारलाई अझ सुनिश्चित पार्न धारा ३० (१) मा "... all minorities, whether based on religion or language, shall have the right to establish and administer educational institutions of their choice." (अल्पसंख्यक जातिहरूलाई आफ्नो इच्छाअनुरूप शैक्षिक संस्थाहरू स्थापना र संचालन गर्ने अधिकार छ) भन्ने व्यवस्था भारतीय संविधानमा गरिएको छ। सोही संविधानको धारा ३९ मा " The state shall, in particular direct its policy towards securing that childhood and youth are protected against exploitation and against moral and material abandonment" (बचपन र युवालाई नैतिक र भौतिक शोषणबाट मुक्त गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।) भन्ने व्यवस्थाबाट बालक र युवाहरूलाई नैतिक मूल्य र मान्यतामा उन्मुख बनाउनेतर्फ जोड दिइएको छ। यसका साथै भारतको संविधानको धारा ४१ मा "The state shall, within the limits of its economic capacity and development, make effective provision for securing the rights to work, to education and to public assistance in cases of unemployment, old age, sickness and disablement, and in other cases of undeserved want" (राज्यले आर्थिक क्षमता र विकासको दायरामा रहेर बेरोजगार, बृद्ध, विमारी तथा अशक्तहरूको सवालमा काम गर्ने अधिकार, शिक्षाको अधिकार र सार्वननिक सहयोग प्रदान गर्ने व्यवस्था मिलाउने छ।) भनिएबाट बेरोजगार, वृद्ध तथा अशक्तहरूको निम्ति प्रभावकारी कदम चाल्नु पर्ने तथा शिक्षा र रोजगारको अधिकार ग्यारेण्टी गर्ने तर्फ जोड दिइएको छ।

शिक्षाको अधिकारलाई सुनिश्चितता प्रदान गर्दै जापानको संविधानको धारा २६ मा उल्लेख गरिएको छ- "All people shall have the right to receive equal education corresponding to their ability as provided by law. All people shall be obligated to have all boys and girls under their protection receive ordinary education as provided by law. Such compulsory education shall be free." (कानून अनुसार सबैलाई समान शिक्षाको अधिकार छ। सबैलाई समान र अनिवार्य शिक्षामा सहभागी गराइनुपर्छ। अनिवार्य शिक्षा निःशुल्क हुनेछ।) त्यसैगरी शिक्षाको अधिकारका सम्बन्धमा डेनमार्कको

संविधानको धारा ७६ मा "People have right to receive free primary education." (सबै नागरिकलाई निःशुल्क प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार छ।) भनिएको छ।

यस्तै चीनको संविधानको धारा ४५,४६ र ४९ मा शिक्षाको अधिकार माथि जोड दिइएको छ "citizens of china have the right as well as the duty to receive education. This applies only to the early school education. Education is compulsory at the earlier levels. No one is denied education and non can refuse to send his children to the school." (चिनीयाँ नागरिकहरूलाई शिक्षाप्राप्त गर्ने अधिकारका साथै कर्तव्य पनि छ। कसैलाई पनि प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकारबाट वञ्चित गरिने छैन र कसैले पनि आफ्ना बच्चाहरूलाई शिक्षा प्राप्त गर्नबाट वञ्चित गर्न सक्ने छैनन। प्राथमिक शिक्षा सबैको लागि अनिवार्य छ।) भनी चीनको संविधानले शिक्षालाई अधिकारका साथै कर्तव्यको रूपमा पनि ग्रहण गर्नुपर्ने व्यवस्था गर्दै आफ्ना छोराछोरीहरूलाई शिक्षा प्रदान गर्ने सवालमा अभिभावकको भूमिका समेत स्पष्ट गरेको छ।

त्यसैगरी नेदरल्याण्डको संविधानको धारा २०८ मा सबैको लागि निःशुल्क शिक्षाको व्यवस्था गर्ने सवाललाई मौलिक अधिकारको रूपमा उल्लेख गरिएको छ भने आयरल्याण्डको संविधानको धारा ४२ को (२) र (३) बाट शिक्षाको अधिकारमाथि जोड दिइएको छ। १२

संयुक्त राष्ट्रसंघद्वारा सन् १९६५ मा पारित "जनजाति बीच शान्ति, आपसी सद्भाव र समझदारीका आदर्शहरू युवामाझ प्रवर्द्धन गर्ने घोषणापत्र" मा युवाहरूलाई शान्ति, न्याय, स्वतन्त्रता, आपसी आदर र समझदारीको भावनामा हुर्काइने, युवाहरूलाई शिक्षा प्रदान गर्ने र उनीहरूको सम्पूर्ण बौद्धिक क्षमताको विकास गर्ने, जाति, रंग, जातीय उत्पत्ति वा विश्वास जस्ता कुराको भेदबीना र आधारभूत मानवअधिकार तथा सम्पूर्ण जनजातिको स्वनिर्णयको अधिकारको सम्मानमा सम्पूर्ण मानिसहरूको प्रतिष्ठा र समानताको ज्ञान दिई युवाहरूलाई हुर्काइने जस्ता सवालहरूमा विशेष जोड दिइएको छ। मानव प्रयासका प्रत्येक क्षेत्रमा युवाहरूले खेलिरहेको महत्वपूर्ण भूमिकालाई हृदयंगम गर्दै घोषणा गरिएको कूल ६ वटा सिद्धान्तहरूमा उल्लेखित उक्त घोषणापत्रमा युवाहरूलाई आफ्ना दायित्वहरूप्रति सचेत हुन आव्हान गरिएको छ। विविध माध्यम वा स्वरूपबाट हुने मानवअधिकार उल्लंघनका विरूद्ध युवाहरूका राष्ट्रिय/अन्तराष्ट्रिय संगठनहरूलाई प्रोत्साहित गर्ने, युवा संगठनहरूको माध्यमद्वारा युवाहरूलाई सुशिक्षित बनाउने तर्फ घोषणापत्रमा विशेष जोड दिइएको छ।

त्यसैगरी संयुक्त राष्ट्र संघद्वारा सन् १९६४ मा पारित रोजगार नीति अभिसन्धिको धारा १ (१) मा "With a view to stimulating economic growth and development, raising levels of living, meeting manpower requirements and overcoming unemployment and under employment, each member shall declare and pursue, as a major goal, an active policy designed to promote full, productive and freely chosen employment." (आर्थिक बृद्धि र विकास प्रवर्द्धन गर्न, जीवनस्तर उकास्न, जनशक्तिका आवश्यकता पूरा गर्न, बेरोजगारीबाट मुक्त गर्न सबै सदस्यहरूले पूर्ण उत्पादक र स्वतन्त्रतापूर्वक छानिएको रोजगारीको विकास गर्ने नीतिलाई एउटा प्रमुख लक्ष्यको रूपमा घोषणा र उपयोग गर्नेछन्।) भनिएबाट राष्ट्रको आर्थिक उन्नति र विकासको निम्ति रोजगारीका प्रशस्त वातावरणहरू खुल्ला गरी त्यसबाट अत्यधिक उत्पादन वृद्धि गर्ने तथा त्यसको निम्ति सशक्त, जाँगरिलो र क्रियाशिल युवाशक्तिलाई व्यापक परिचालन गर्ने सवालमा जोड दिइएको छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले पनि शिक्षा र रोजगारका बारेमा विभिन्न व्यवस्थाहरू गरेको छ। संविधानको धारा २६ (१) मा ".... सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने" व्यवस्था छ। त्यसैगरी धारा २६ (६) मा "देशको मुख्य सामाजिक-आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई क्रमशः रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरूको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ" भनिएको छ भने धारा २६ कै (७) मा "महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ" भन्ने व्यवस्था गरिएको छ। यसका साथै वर्तमान संविधानको धारा १२ को २ (ङ) ले स्वतन्त्रतापूर्वक कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्न पाउने अधिकार प्रदान गरेको छ।

यी व्यवस्थाहरूले युवाहरूलाई प्रत्यक्ष फाइदा पुग्ने भएतापनि बेरोजगारीबाट संरक्षण पाउने वा त्यसको विकल्प सम्बन्धी अधिकार, अनिवार्य तथा निःशुल्क एवं वैज्ञानिक सर्वसुलभ र व्यवहारिक शिक्षा प्राप्त गर्न पाउने तथा सबै प्रकारका शिक्षामा समान अवसर प्राप्त गर्ने अधिकार, युवाहरूले सामाजिक- आर्थिक विकृतिहरूबाट बचनको निम्ति प्राप्त गर्न सक्ने सुविधाहरू सम्बन्धी अधिकार, सामाजिक विकास, शान्ति, आपसी सम्बन्ध जस्ता सवालहरूमा सहभागी हुने युवाहरूको सामाजिक दायित्व सम्बन्धी अधिकार, खेलकूद तथा उचित स्वास्थ्य सेवाको अधिकार, सांस्कृतिक सुरक्षाको अधिकार जस्ता युवाहरूसंग प्रत्यक्ष सरोकार राख्ने थुप्रै अधिकारहरूको बारेमा वर्तमान प्रजातान्त्रिक संविधानमा कुनै व्यवस्था गरिएको छैन। शिक्षा र रोजगारको सम्बन्धमा संविधानमा उल्लेखित सवालहरू पनि स्पष्ट र पर्याप्त छैनन्।

यस्तो अवस्थामा नेपाली युवाहरूको अधिकारका प्रत्यक्ष सवालहरूलाई लिएर छुट्टै कानून बनाउन सकिन्छ कि सकिंदैन भन्ने प्रश्नको जवाफमा अधिवक्ता टिकाराम भट्टराई भन्नुहुन्छ - "अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूबाट उत्पन्न दायित्व पूरा गर्ने क्रममा राज्यले संविधानसंग नबाझिने गरी छुट्टै कानूनी व्यवस्था गर्न सक्तछ तर वर्तमान संविधानको धारा ११ (३) मा महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि छुट्टै कानूनद्वारा व्यवस्था गर्न सकिने प्रावधान रहेको छ। त्यसदेखि बाहेक युवावर्गको लागि भनेर छुट्टै कानूनद्वारा व्यवस्था गर्न भने संविधान स्वयंले निषेध गरेको छ।"

अधिवक्ता भट्टराईका अनुसार "नेपाल पक्ष राष्ट्र भएका सन्धिहरू नेपालमा कानून सरह लागू हुने व्यवस्था "सन्धि ऐन २०४७" ले गरेको छ।" तर वर्तमान संविधान निर्माण हुनुअघि नै नेपालले मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र खेलकुदमा रंगभेद विरूद्धको अभिसन्धि १९८५ लाई अनुमोदन गरिसकेको भएता पनि छुट्टै कानून बनाउन सक्ने र तद्अनुरूप कार्यक्रमहरू तय गर्ने संभावनालाई इन्कार गरिएको छ। फलस्वरूप अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप संविधान तथा कानूनमा युवावर्गको हितका सम्बन्धमा उचित ध्यान दिइएन र शिक्षा तथा रोजगारका सवालमा अस्पष्ट नीति अवलम्बन गरियो।

हुनत, युवाहरूको हक, हितलाई मध्यनजर गर्दै शिक्षा, रोजगार, खेलकुद तथा मानसिक एवं शारीरिक विकासका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्र संघद्वारा पारित गरिएका सबै दस्तावेजहरूलाई नेपालले अनुमोदन गरेको छैन। मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा प्रतिबद्धता जनाइसकेको अवस्थामा यस्ता महत्वपूर्ण सवालहरूबाट नेपाल टाढिनु पर्ने कुनै कारण छैन। तर त्यो भन्दा पहिला नेपालक अधिराज्यको संविधान २०४७ मा उल्लेख गरिएका र अन्तर्राष्ट्रिय रूपमा प्रतिवद्धता जनाइसकेका दस्तावेजहरूमा उल्लेखित सवालहरूलाई कार्यान्वयन गर्नु पहिलो प्राथमिकताको विषय हो। यसतर्फ नेपालको सरकारले समयमै ध्यान दिनु अत्यन्त आवश्यक छ।

युवाहरूको निम्ति नेपालले जतिसुकै अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाए पनि युवाहरूको निम्ति विशेष कानूनी व्यवस्था र कार्यक्रम संचालन नगर्दासम्म त्यसको पूर्ण पालना हुन सक्तैन। यस अर्थमा वर्तमान संविधानबाट पनि पूर्ण सन्तुष्टि लिन सक्ने ठाउँ छैन। वर्तमान संविधानको परिप्रेक्ष्यमा युवाहरू अहिले पनि पीडित नै छन्। देशको सबै भन्दा महत्वपूर्ण शक्ति "युवा" को हक, हितको बारेमा अस्पष्ट रहनु प्रजातान्त्रिक संविधानप्रति सन्तुष्टि लिन सक्ने पक्ष होइन। तसर्थ नेपाली युवाहरूले प्राप्त उपलब्धीहरूको रक्षा र कार्यान्वयन तर्फ जोड दिंदै थप अधिकार प्राप्तीको निम्ति संगठित र सचेत ढंगले संघर्ष संचालन गर्नु अपरिहार्य छ।

मेरो कथाको पात्र

– आत्माराम शर्मा

मधुले हामीलाई सदाको लागि छोडेर गएको आज १५ दिन भयो। अब हाम्रा सामु ऊ कहिल्यै उपस्थित हुने छैन। अहिले मेरा सामु उसको र मेरो बीच घटेका बिगतका केही संस्मरण मात्र दिमागमा ताजा भएर बसेका छन्। जीवनमा घट्ने नयाँ घटना क्रमले, पुराना संस्मरण र घटनालाई नबिर्साओस् भनेर म त्यस दिन उसको र मेरो बीचका महत्वपूर्ण क्षणलाई डायरीमा लेख्नको लागि सोचिरहेको थिएँ। यसरी डायरी लेख्न सिकाएको पनि मलाई मधुले नै हो।

म त्यस दिन बिहान चाडै उठेर मधुसंग सम्बन्धित भएर बितेका मेरो महत्वपूर्ण दिनहरूलाई डायरीमा लेख्दै थिएँ। बाहिर मलाई कसैले- "अंकल! अंकल!! भनेर बोलायो"। स्वर कुनै परिचित केटाकेटीको थियो, म लेख्न छोडेर जुरूक्क उठेर बाहिर गएँ। ढोकामा मधुका छोरा र छोरी उभिरहेका थिए। मलाई देख्ने बितिक्कै उनीहरूले नमस्ते अंकल भनेर दुवैले हात जोडे। "नानी हो भित्र आउन भनेर बोलाएँ" उनीहरू भित्र आउन चाहेनन्। "हैन अंकल हामी स्कूल जानु पर्छ नबसौं, यो खाम लिनुहोस् बुबा बिन्नु भन्दा अगाडि यो तपाईलाई दिनु भनेर आमासंग भन्नुभएको रहेछ यी लिनुहोस्" भनेर बन्द खाम छोडेर ढोकैबाट उनीहरू फर्किए।

उनीहरूले दिएको खाम लिएर म कोठाभित्र पसें र नेपाली कागजको खामभित्र जतनले राखिएको अरू केही थिएन, त्यो मधुको डायरी थियो। डायरीको अगाडि पानामा मेरो मृत्यु पछि यो साथी सागरलाई दिनु भनेर लेखिएको थियो। मैले त्यो डायरी सरसर्ती पल्टाएर हेरें, त्यसभित्र उसको बिगत २१ वर्षमा घटेका महत्वपूर्ण घटनाहरू सिलसिलाबद्ध टिपिएका थिए। उसको त्यो डायरी मैले मोटामोटी रूपमा हेरेपछि मेरो मन नमीठोसंग उमठिएर आयो। भित्रभित्रै मुटु भक्कानिएर आँखा रसाए। त्यस दिन पनि मलाई उसको सम्बन्धमा केही लेख्न मन लागेन। त्यसपछि मैले उसको बारेमा केही लेखिन र धेरैदिनसम्म केही लेख्न जाँगर पनि चलेन।

एक दिन म स्कूलमा पढाएर घर फर्किरहेको थिएँ, बाटोमा मधुको श्रीमती र छोरा, छोरीसंग भेट भयो। उनीहरू तीनै जनाले गलैंचा बुन्ने धागो तयार गर्ने ऊनको एक-एक थैला बोकेका थिए। ऊन काल्ने पेशा यो शहरमा हेपिएको मजदूरी पेशाका रूपमा चिनिन्थ्यो। बाँच्नको लागि उनीहरूले गरेको कठोर संघर्ष र दुःखद् जीवन देखेर म सामान्य भलाकुसारी गरेर त्यहाँबाट मनमा अनेक कुराहरू खेलाउँदै कोठामा पसें र मधुको र मेरो बीचका बिगतका दिनहरू सम्झँदै डायरीमा लेख्न थालें।

मैले वि.ए. पास गरेर २०३७ सालमा जब म स्कूलमा शिक्षक भएर प्रवेश गरे त्यसदिन देखि उसंग मेरो परिचय भएको हो। मधु म भन्दा अगाडि अर्थात् २०३५ सालदेखि त्यही स्कूलमा पढाउँदै आएको शिक्षक थियो। हाम्रो पहिलो दिनको भेटमा नै उसले आफ्नो घर खोटाङ जिल्लामा भएको कुरा बताएको थियो। आइ. ए. सम्मको पढाई पूरा गरेपछि उसले पढ्न छोडेको थियो। मधुको गम्भीर, भलाद्मीपन र कम बोल्ने स्वभावदेखि स्कूलका अन्य शिक्षकहरू अलि सर्तक हुने गर्दथे र ऊ भित्री रूपले पंचायत विरोधी राजनीति गर्छ भनेर मधुको अनुपस्थितिमा बेलाबखत चर्चा पनि हुने गर्दथ्यो। त्यसैले अन्य शिक्षकहरू उसंग नजिकको सम्बन्ध राख्न चाहादैनथे। उसको कुराकानी र व्यवहारबाट ऊ पक्का सरकारको विरोधी हो भन्ने पनि देखिन्थ्यो। एक दिन उसले मलाई सोधेको पनि थियो- "सागरजी, तपाईलाई राजनीतिप्रति कत्तिको रूची छ? मतलब यो वर्तमान कुहिएको राजनीतिप्रति तपाईको सोचाइ र धारणा के छ? मैले त्यस दिन भनेको थिएँ"- मधुजी मलाई राजनीतिप्रति पटक्कै चाख छैन, मेरो रूची एउटै छ त्यो हो साहित्यको अध्ययन गर्नु। त्यसपछि उसले मलाई साहित्यमा राजनीति घुसेका विदेशी र स्वदेशी पत्रपत्रिका र पुस्तकहरू पढ्न दिन थाल्यो, जुन मेरो गहिरो अध्ययन र रूचीको विषय बन्यो। त्यस खालको अध्ययनले राजनीति प्रति मेरो चाख क्रमशः बढ्दै गयो र हामी बीच गहिरो मित्रता पनि बढाउँदै लग्यो।

यस खालको मित्रता र सम्बन्ध विकसित हुँदाहुँदै पनि मैले उसलाई विरोधी राजनीति नगर भनेर सम्झाउँदा उल्टै मलाई समेत राजनीति गर्न सल्लाहा दिने गर्दथ्यो। एक दिन उसले मलाई सम्झाउँदै भन्यो- "सागरजी तपाईंको साहित्य अध्ययन र लेखनमा रूची छ, तपाई त्यसैबाट देश र जनताको सेवा गर्नुहोस्, मेरो राजनीतिमा रूची छ म त्यसैमा लाग्छु, हामी एक अर्काको रूचीको सम्मान गरौं।" मधुले भनेका यी कुराहरूलाई मैले हुन्छ भनेर स्वीकार गरें।

मधुले उतिखेर नै मलाई बताएको थियो- २०३६ सालको विद्यार्थी आन्दोलनमा ऊ दुई महिनासम्म जेल परेको रहेछ। त्यसपछि नै उसको राजनैतिक जीवन शुरू भएको थियो र पंचायत विरोधी आन्दोलनमा लाग्दा पटक-पटक जेल परेको थियो। २०४२ सालमा शिक्षकहरूको ठूलो शिक्षक आन्दोलन भयो। त्यसमा मधु चार महिनासम्म जेल पऱ्यो त्यसपछि शिक्षकको जागिर सदाको लागि अन्त्य भयो र राजनैतिक पार्टीको पूर्णकालीन कार्यकर्ता बनेर झोला बोकेर मधु गाउँ पस्यो। करीब १० वर्षसम्म मेरो र मधुको भेटघाट भएन। यतिसम्म कि ऊ मऱ्यो या जिउँदो छ त्यो समेत थाहा हुन सकेन। २०५१ सालको जनै पूर्णिमाको दिन पशुपतिको मन्दिरमा अचानक उसंग मेरो भेट भयो। साथमा श्रीमती, ८-१० वर्षका दुई छोराछोरी पनि संगै थिए। त्यसदिन हामी बीच धेरै लामो कुराकानी हुन पाएन, सन्चो विसन्चोको सामान्य भलाकुसारी गरियो र एक महिनापछि मेरो घरमा स-परिवार जम्मा हुने मिति निश्चय गरेर हामी छुट्टियौं।

एक महिनापछि शनिबार बिहान मधुका सपरिवार मेरो घरमा आए र दुवैका एकअर्काको परिवारको परिचय पनि त्यस दिन भयो। त्यो दिन हामी दुवैका परिवारको लागि उल्लासको रूपमा बित्यो। पुरानो साथी, पुरानो चिनजान र सम्बन्धले नयाँ रूप लियो। हामी बीच दिनभरि तत्कालीन अवस्थाका विविध विषयका सम्बन्धमा, राजनैतिक दृष्टिकोण र सोचका बारेमा लामो कुराकानी भयो। राजनीतिप्रति उसमा तिव्र वितृष्णा बढेको रहेछ, उसको पार्टी र पार्टीका नेताहरूले लिएको लाइन र विचारसंग ऊ पूर्ण असहमत रहेको थाहा भयो। मधुका कुराबाट थाहा हुन्थ्यो- ऊ केही पछुतो माने जस्तो, केही गुमाए वा हराएर आत्तिए जस्तो, केही दिक्दारी वा थकित भएर हार खाए जस्तै अनुभूति मैले त्यस दिन गरें। लामो समयसम्मको कठोर भूमिगत जीवनले गर्दा शरीर अस्वस्थ रोगी भएकोले उसमा उतिखेरको फूर्तिलोपन पनि देखिएन। रोगी शरीरको उपचारको लागि काठमाडौंमा केही महिना बस्ने गरी पहाडबाट आएको रहेछ, उसले मलाई मेरो टोलमा कोठा भाडामा खोजिदिन अनुरोध गऱ्यो र साँझको खाना पनि मेरो घरमा नै खाएर उनीहरू मामाको छोराको कोठामा बस्न गए।

दुई हप्तापछि मधुका सपरिवार मेरो घरसंगैको टोलमा आएर बस्न थाले। त्यस पछिका दिन उसंग मेरो बारम्बार भेटघाट हुन थाल्यो। हामी फुर्सदको समयमा सुन्दरीजल, गोकर्णको जंगलमा गएर घण्टौं घण्टा कुरा गर्ने गर्दथ्यौं। मधु बिगत भूमिगत कालका संस्मरणहरू सुनाउने गर्दथ्यो। नेता, कार्यकर्ता र जनता बीच संगसंगै रहेर काम गर्दा घटेका घटनाहरूको सम्बन्धमा उसले मलाई सुनाउँदा म जिल्ल परेर सुनिरहन्थे। कतिपय नेताहरूको कम्जोर चरित्रका कारण पार्टीले भोग्नु परेका समस्याहरूको जीवन्त घटनाहरू सुनाउने गर्दथ्यो। धेरैदिनसम्म भोकभोकै बस्नु परेको, पुलिसले पिछा गर्दा जंगलमै बास बस्नु परेका आदि क्षणहरू उसले रोचकता पूर्वक भन्ने गर्दथ्यो। उसका हरेक कुराहरू सुन्दा ऊ एउटा बिगत पार्टीको जीवन्त इतिहास नै हो भन्ने मलाई महसुस गर्दथ्यो। उसलाई हरेक नेताहरूको लगनशीलता, समर्पणको भाव, त्यागका साथै उनीहरूका कमी कमजोरी, देखावटी आडम्बर, द्वैध चरित्र, अवसरवाद एक-एक थाहा थियो।

मधुलाई क्यान्सर भएको रहेछ, त्यसै रोगले काठमाडौं आएको दुई वर्षपछि उसको मृत्यु भयो । त्यस दिनदेखि मेरो अन्यन्य मित्र मधुले हामी सबैलाई टुहुरो बनाएर गयो । मर्नुभन्दा दुई महिना अगाडि उसले मलाई भनेको थियो- "सागर मेरो मृत्यु पछि तिमीले मेरो डायरी लिनु, त्यसमा तिम्रो लागि धेरै नै कथावस्तु, पात्र र घटनाहरू छन् । त्यसबाट तिमीलाई यथार्थवादी साहित्यको रचना गर्न सजिलो हुने छ"।

मधुको र मेरो मित्रताका दिनहरू हामीले लामो समयसम्म पछि पनि बिताउन पाएनौं। मधुलाई क्यान्सर भएको रहेछ, त्यसै रोगले काठमाडौं आएको दुई वर्षपछि उसको मृत्यु भयो। त्यस दिनदेखि मेरो अन्यन्य मित्र मधुले हामी सबैलाई टुहुरो बनाएर गयो। मर्नुभन्दा दुई महिना अगाडि उसले मलाई भनेको थियो- "सागर मेरो मृत्यु पछि तिमीले मेरो डायरी लिनु, त्यसमा तिम्रो लागि धेरै नै कथावस्तु, पात्र र घटनाहरू छन्। त्यसबाट तिमीलाई यथार्थवादी साहित्यको रचना गर्न सजिलो हुने छ"। उसले गहभरी आँशु पारेर मलाई डायरीको सम्बन्धमा केही बताएको थियो। यिनै कुरा मनमा एकतमासले उठेपछि मैले मेरो डायरीमा यिनै कुराहरू टिप्न उसको डायरी पल्टाएर हेरें। त्यस डायरीमा क्रमबद्ध रूपमा घटनाक्रमहरू टिपिएका थिए। त्यसबाट कथा लेख्नको लागि पात्र र घटनाक्रमहरू मेरो डायरीमा टिप्न थालें-

- पार्टीको नेता क. एच.एम. विरामी पर्दा घडी बेचेर उहाँलाई दिएँ।
- पार्टीलाई ठूलो आर्थिक संकट परेकोले पहाड डाँडाथोकको जग्गा विक्री गरेर पार्टीलाई रकम बुझाएँ।
- क. एच. एम. ले पार्टीको सेल्टरमा पार्टी काममा सहयोग गर्ने महिलालाई बलात्कार गरेकोले निजलाई पार्टीले कार्वाही गरी पार्टीबाट निकाल्यो। आजका मितिदेखि उसले गरिआएको पार्टी कामको जिम्मा मैले नै लिएँ।
- हाम्रो पार्टी जिल्ला कमिटीले पार्टी निर्माण नभएको चार वटा गाविसमा पार्टी कमिटी निर्माण गऱ्यो।
- जिल्ला कमिटीका सचिव क. केशवले पार्टीमा आर्थिक हिनामिना गरेकोले निजलाई कार्वाही गरियो।

म त्यस दिन मधुको डायरीका प्रत्येक पानाहरू पल्टाउँदै मेरो कथाको घटना र पात्रहरू उतारी रहेको थिएँ। मधुको घरवेटीले आएर मधुको छोरी आधा घण्टा अगाडि रगत छादेर एक्कासी मरेको खबर मलाई सुनाए। मैले चुपचाप उसको कुरा जिल्ल परेर सुनिरहे र मधुको डायरी पल्टाएर यस वर्षको मुख्य घटनामा म आफैले लेखिदिएँ- "मेरो मृत्यु भएको ठीक ४५ दिनमा छोरी सरलाको क्षय रोगको उपचार गर्न नसकेर मृत्यु भयो।"

●

अधिकार यात्रा | कुन्दन अर्याल

अभियुक्त अभिभावकको छायाँ

नेपालगञ्ज जेलका जेलरको कार्यालय कोठाभित्र हामी उनीसंग अनुरोध गरिरहेका थियौं। तर उनी हामीलाई जेलभित्र लैजान निकै डराइरहेका थिए। अनेक किसिमका अपराधीहरू छन्, हामी तपाईको सुरक्षा गर्ने सक्दैनौं भन्ने जेलरलाई हामीले सम्झाई बुझाई गऱ्यौं। घेरै बन्दीहरू रहने नेपालका ठूला जेलहरू मध्येको एउटा त्यस जेलभित्र हामीले थुप्रै बन्दीहरूसंग कुरा गऱ्यौं। नेपालका सबै जेलहरूमा जस्तै त्यहाँ पनि ठाउँकै समस्या हामीले देख्यौं। साँघुरो ठाउँ।

नेपालगञ्ज जेलको महिलाहरू राख्ने भागमा केटाकेटीको अवस्था देखेर हामी विचलित भयौं। महिला बन्दीहरूसँग रहेका केटाकेटी मध्ये गौरी विश्वकर्माको अवस्थाले हामीलाई गम्भीर बनाएको थियो।

आफ्ने लोग्ने मारेको अभियोगमा जेल परेकी नन्दकलीले छोरीलाई पनि साथै ल्याइन्। त्यतिखेर गौरीको उमेर चार वर्ष पनि पुगेको थिएन। तीन वर्ष पछि गौरीलाई उनका एक आफन्तले जेल बाहिर लगे। गौरीका लागि जेल बाहिरको जीवन झन कष्टकर रह्यो। दुई वर्ष पछि उनी फेरी रूँदै जेलभित्रै आइ पुगिन। हामीले भेट्दा उनी जेल बाहिर जान डराउने भएकी थिइन्। आखिर जे भए पनि जेलभित्र उनको आमाको छायाँ थियो। उनी जेलबाट सिदा पाउँदिन थिइन्।

मैले जेलको थोत्रे पर्खालालाई पृष्ठभूमिमा पारेर गौरी र उसकी आमाको फोटो खिचें। काठमाडौं आइपुगेपछि मैले त्यस केटीका बारेमा चार परिच्छेदमा लेखें र तस्वीर सहित त्यो व्यहोरा सन् १९९३ को मानवअधिकार वर्ष पुस्तकमा छापियो। बाँके जिल्लाको मानवअधिकार अवस्था बताउने खण्डमा हामीले गौरीको कथा महत्वका साथ छापेका थियौं। गौरीका बारेमा लेखिएको छोटो विवरणको अन्तिम परिच्छेदमा मैले यस्तो लेखेको थिएँ- "सुर्खेत, डाँडा छापेकी नन्दकलीलाई २०४५ मै बीस वर्षका लागि कैद सजाय सुनाइएको थियो। हाल उनका दुवै आँखा मोतिया बिन्दुको शिकार भएका छन्। बालिका गौरी आमालाई चार पर्खालभित्र डोऱ्याइरहेकी छन्। गौरीका लागि अहिलेसम्म पर्खाल बाहिर कुनै ठाउँ छैन।"

जेलमा रहेका केटाकेटीको उद्धार गर्ने संस्थाहरू आजकाल धेरै देखिएका छन् । ६ वर्ष अघि जेलसम्बन्धी रिर्पोटिङ्ग गर्दा मैले जेलमा रहेका केटाकेटीको फोटो खिंचेको थिएँ । ती फोटाहरू छापिएका पनि थिए । सुवास भूजेल, विनोद बुढाथोकी, गोपालबहादुर तामाङ्गहरू अब जेलमा अवश्यै छैनन् । उनीहरू कहाँ कहाँ पुगिसके होलान् । तर नेपालका जेलहरूमा केटाकेटीको संख्या अझै शुन्य भएको छैन ।

मैले पचास सालको जाडोमा नेपालगञ्ज गएर फर्किएपछि गौरीको कथा लेखेको थिएँ। अहिलेसम्म ऊ ठूली भइसकी होली।

केही महिनाअघि फ्रान्स स्थित अन्तर्राष्ट्रिय प्रीजन वाच नामक संस्थाका प्रतिनिधिहरूले नेपालसम्म आइ केही जेल हेरेपछि प्रेस सम्मेलनको आयोजना गरेका थिए। जेलको बारेमा भएको प्रेस सम्मेलनमा जाँदा मैले पुराना कुराहरू सम्झिएँ।

पेट्रेशीया एन्ड्रीओलो र सोफिया चावानेतले काठमाडौंको महिला जेल लगायत वीरगञ्ज र चरिकोटको जेल पनि हेरे। ती केटीहरूले जेलमा क्षमताभन्दा बढी मान्छे कोचिएको देखे, फोहर देखे। औषधि उपचारका लागि पर्याप्त बजेट नभएको थाहा पाए।

बहुदल आएको दुई वर्ष पछि उन्नानचास सालको अन्त्यतिर मैले नेपालका जेलहरूको नराम्रो अवस्थाका बारेमा लामो रिर्पोटिङ्ग गरेको थिएँ। त्यो रिर्पोटिङ्ग आवरण कथाका रूपमा प्राचीमै छापिएको थियो।

छयालीसको जनआन्दोलनको सफलता पछि जेलको सुधार गर्नुपर्ने कुरा उठ्न थाल्यो। त्यतिखेर नेताहरूमा जेल जीवनको अनुभव ताजै थियो। नेपाली कांग्रेसका बद्रीराम भण्डारीको संयोजकत्वमा कारागार सुधार समिति २०४७ बन्यो। समितिले बडो मेहनतका साथ प्रतिवेदन तयार गऱ्यो र सरकारलाई बुझायो। २०४७ साल माघ १९ गते त्यो समितिले सरकारलाई बुझाएको प्रतिवेदनमा एक हरफ यस्तो थियो- "कारागार सुधार समिति २०४७ ले कार्यारम्भ गर्दा यसको सुझावहरूलाई धुलोले छोपी देला भन्ने प्रबल चिन्ता हुँदा कारागार सुधारको महत्वपूर्ण कार्य अगाडि बढाउन कारागार स्थायी कमिटीको माग पेश गरेका छौं।"

तर अन्तरिम कालमा कागजमा मात्र भए पनि भएका जेल सुधारका प्रयत्नहरूलाई समयक्रममा धुलोले ढाकी सकेको छ। जनस्तरमा प्रजातन्त्र र मानवअधिकार चेतना बढेको छ। तर सरकारहरूमा प्रजातन्त्र र मानवअधिकारप्रतिको प्रतिबद्धता बढ्न सकेको छैन। हाम्रा नेताहरूको जेल अनुभव पनि विस्मृतिको गर्भमा पुगिसकेको छ।

जेल सुधारका कुराहरू अब ज्यादै मसिनो स्वरमा उठ्न थालेका छन्। प्रजातन्त्र र मानवअधिकारको अवधारणालाई अघि सार्नेहरूले जेललाई सुधार गृह ठानेर त्यसैगरी व्यवहार गर्नुपर्छ भन्न थालिएको घेरै पहिलेदेखि हो। बहुदल आएपछि अलि समय त्यस्तो कुरा सोच्न थालिएको पनि थियो। तर आजकाल फेरि जेल सुधारको कुरा हराएको छ।

जेलमा रहेका केटाकेटीको उद्धार गर्ने संस्थाहरू आजकाल धेरै देखिएका छन्। ६ वर्ष अघि जेलसम्बन्धी रिर्पोटिङ्ग गर्दा मैले जेलमा रहेका केटाकेटीको फोटो खिंचेको थिएँ। ती फोटाहरू छापिएका पनि थिए। सुवास भूजेल, विनोद बुढाथोकी, गोपालबहादुर तामाङ्गहरू अब जेलमा अवश्यै छैनन्। उनीहरू कहाँ कहाँ पुगिसके होलान्। तर नेपालका जेलहरूमा केटाकेटीको संख्या अझै शून्य भएको छैन।

आज पनि नेपालका जेलहरूमा सत्तरी पचहत्तर जना केटाकेटीहरू छन्। यस बीच अनेक संघ संस्थाहरूद्वारा जेलका केटाकेटीको उद्धार पनि भइरहेको छ। तर संख्या शून्य हुन किन सकिरहेको छैन?

प्रहरी प्रशासनले बाह्र-तेह्र वर्षका केटाकेटीलाई चौधको बनाएर कारवाही चलाइदिएको देखिन्छ। केटाकेटी जेल पुऱ्याइन्छन्। नेपाल भ्रमण वर्षको शुरुवातका क्रममा समातिएका सोह्र जना सडक बालकहरू जेल पुऱ्याएका थिए। तर बालअधिकार संस्थाहरूको पहलमा ती सबै जसो नाबालक अवस्थामा रहेको ठहर भयो। सबैजसो केटाकेटी छुटे।

प्रहरीले उमेर बढाएर जेल पुऱ्याउने केटाकेटी थोरै हुन्छन्। अभिभावक जेल पर्दा संगसंगै जेल यात्रा गर्ने केटाकेटीहरूको समस्या नै ठूलो छ। जिउ मास्ने, बेच्ने र गर्भपतनको अभियोगमा जेल पर्ने महिलाहरू नेपालमा धेरै हुन्छन्। त्यस्ता महिलाहरूका सन्तान आमाहरूसंगै जेलमै रहन रूचाउँछन्। बाहिर उनीहरूको संरक्षण गर्ने कोही नहुने भएकोले पनि उनीहरू त्यसरी ठूला बन्दीहरूसंग जेलमै बस्न बाध्य हुन्छन्। हुन त जेल प्रशासनमा दर्ता भएपछि त्यस्ता केटाकेटीले सिदा पनि पाउँछन्। तर जेलमा उनीहरू असल कुरा सिक्ने वातावरणमा हुँदैनन्।

आफ्ना बाबुहरूसंग जेल बस्ने केटाकेटी पनि हुन्छन्। तर आजकाल संघ-संस्थाले जेलका केटाकेटीप्रति बढी चासो देखाउन थालेपछि त्यस्ता संघ-संस्थालाई झुक्याउन पनि थालिएको छ। केही महिना अघि जेलमा बासंग बसिरहेको एउटा बालकलाई जेल बाहिर ल्याएर एउटा संस्थाले पढाउन थाल्यो। उ त्यस संस्थाको संरक्षणमा रहन थाल्यो। तर समय क्रममा थाहा भयो जेलमा रहेको व्यक्ति उसको काका थियो। उसलाई संघ-संस्थाको आँखामा पार्नकै लागि जेलमा काकासंग बस्न पुऱ्याइएको थियो। उसका बाबु आमा दुवै ज्यूँदै थिए।

काकालाई बाबु भनेर उद्धारक संस्थालाई किन झुक्याइएको होला? प्रष्ट छ, झुक्याउने त्यो जुक्ति गरीबीकै उपज हो। यो गरीब देशमा समाजसेवीहरू पनि छन्, उपकारी व्यक्तिहरू पनि छन्। असहायहरूको उद्धार पनि भइरहेको छ। जेलमा आफ्ना अभियुक्त अभिभावकहरूसंग रहेका केटाकेटीहरूप्रति सरोकार राख्ने संस्थाहरू पनि छन्। तर "जेल केटाकेटी बस्ने ठाउँ होइन" भन्ने कुरा भनाइमा मात्र सीमित छ।

पेट्रेशीया र सोफियाको प्रीजन वाच जस्ता अनेकौं संस्थाहरूले जेलमा रहेका संसारभरिका केटाकेटीप्रति चासो दर्शाउँदै आएका छन्। एकातिर सुधारका प्रयत्नहरू छन्, अर्कोतिर झन-झन् लम्बिरहेको बाटो जस्तो समस्या छ। संसारभरि नै यस्तै छ। पचास सालमा मैले भेटेको गौरी जेलमा छैन। तर नयाँ-नयाँ गौरी र उसका दाजु भाइहरू अभियुक्त अभिभावकको छायाँमुनि सुरक्षित रहेर अनुभव गरिरहेका छन्। ●

विहे : एक विहंगावलोकन

- नरनाथ लुइँटेल

आधुनिकताको रङ्गमा रङ्गिएकाहरूले विहेलाई "म्यारिज" भन्न मन पराउँछन्। मनकै कुरा गर्ने हो भने विहे भन्नु नै दुई मनको मिलन हो। मनको मिलन अर्थात "म्यारिज" जस्तो महत्वपूर्ण कार्यमा "मनी" को हस्तक्षेप अवांछित मानिनु पर्ने हो। यही अवांक्षित हस्तक्षेपका कारण वांक्षित परिणामहरू छ्यासछ्यास्ती प्राप्त भइरहेका छन्। परिणाम भनेको उपलब्धी पनि हो। यसर्थ विहे माथि चलिरहेको "मनीको हस्तक्षेप" सम्झेर माथिङ्गल हल्लाउनु जरूरी छैन। नाफाको अपार व्यापार वेरोकटोक चलिरहेको छ। आधुनिक मुना र मदनहरूको अमूल्य मनको मिलन सिर्फ "मनी" ले गरिरहेको छ। आउनोस् "मनी" ले सम्पन्न गर्ने गरेका मिलन अर्थात विहेबारे अलिकति विहंगावलोकन गरौं।

नवधनाढ्य धनप्रसादको कान्छो छोरो धनञ्जय "धुन्दुकारी" यही मंसिरमा २५ वर्षे लक्का जवान भयो। धनप्रसादका बूढा बूढीले गृह सल्लाह गरे, यस पटक धनञ्जयको विहे गरिदिई हुँदै हुन्न। प्रोजेक्टमा १०/१२ हजारको जागीरसमेत ज्युनार गरिरहेको धनञ्जयले बाबु आमाको प्रस्ताव त स्वीकार गऱ्यो तर, शर्तसहित। टि. भी. डेक, मोटर साइकिल, दुई चार चार जोर सुट, बेडिङ बिस्तरा, ज्याक दराज, सोफालगायत्का जिन्सी सामान बाहेकै नगद रू. ५ लाख दिने जवाँ मर्दकी छोरी पाए वरियाँत ठोकेर यही मंसिरमा विहे गर्ने। धनञ्जयको यो घोषणा बाबु धनप्रसादलाई पनि मन पऱ्यो। छोराको दीर्घकालीन सोच देखेर गर्व पनि लाग्यो। भोलिपल्टैदेखि धनप्रसादले आसे पासेहरू जम्मा गरी डुग्गी पिटे - नगद (चेक पनि होइन) रू. ५ लाखको गाँठ गन्न सक्ने कोही छ छोरीको बाउ? छ भने कुरा छिनौं आऊ।

एक कान दोकान मैदान हुँदै धनप्रसादको यो डुग्गी भरतपुरे साहुको कानसम्म पुग्यो। त्यसै साँझ साहुको सारा परिवार घर सल्लाहमा जुट्यो। जेठो छोरो बुद्धिमानले बुद्धिमत्तापूर्ण तर्क प्रस्तुत गऱ्यो- हेर्नोस्, बैनी रूपा तल्लो जातको, अनुहार आइतवारको, कङ्गाल केटोसंग पिरेम र सिरेम गर्दै सल्केकी छ। ५ लाख जाबो हाम्रो हैसियतका निम्ति केही हैन, धनी परिवार छ, प्रोजेक्टमा जागीरे रै छ, ठाकठुक कुरो मिलाउँ र रूपालाई त्यही धनप्रसादको छोरोसंग अन्भाइ दिउँ। इज्जतमा, इज्जत नातामा नाता! उसको कुरा सबैको चित्त बुझ्यो। भोलिपल्टै भरतपुरे साहूको जेठो छोरो बुद्धिमान धनप्रसादको घर हाजिर भयो। कुरा छिनियो, एकै हप्ताको म्याद राखेर विहेको तिथि तोकियो।

दुवै पट्टी विहेको यावत तम्तयारी र व्यवस्थापन गर्न एक हप्तामा हम्मेहम्मे नै पऱ्यो। यद्यपि तोकिएको दिन दुईटा बस र एउटा कार रिजर्भ गरेर व्याण्ड बाजासहित धनञ्जयको विहेको वरियाँत भरलपुरे साहूको आँगनमा ओर्लियो। साँझ झमक्कै परिसकेको थियो। जन्ती पर्सने कार्यसंगै स्वयम्वर पनि सकियो। पंडित बाजेको आतेपाते संगै सिन्दूर हाल्ने साइत



आइ पुग्यो। धनञ्जय ठाँटिएर हातमा सिन्दूर लिएर उठ्न मात्र के भ्याएको थियो एक हुल ठिटाहरू जग्गेमै पसेर उपद्रवी तालको ढिस्युँ प्रारम्भ गरे। कहाँ के भयो, कसले के गर्दै छ कसैलाई केही पत्तो भएन। आक्रमणको पहिलो चरणमै बेन्चमा दुईतिर राखेका मडन्टोलहरू झ्याप्फुप भइसकेका थिए। अँध्यारो बीचमै चार जना लाठेहरू दुलहातिर केन्द्रित भएछन्- विचरा दुलाहा ठोकनथापा ध्यौंसुरे। वरियाँत भागा भाग, घरगाउँले भागाभाग/ दुलही बेपत्ता। आधा घण्टाको हुलहाल र गोदागोध पछि स्थिति साम्य भयो अर्थात दुलहीलाई उसको "लभर" ले लिएर हिडिंसक्यो। त्यसपछि दुलहीको दाजुले भूइँको मडन्टोल उठाएर वाल्यो- जग्गे कुरूक्षेत्रमा परेको धर्ती जस्तो उजाड उजाड देखियो। दुलाहा करेसाको डिलमा उद्मुन्टो लाएर लडिरास्वेको, माला चुँडिएको कोट, सुट तीन चार ठाउँ कतै च्यातिएको कतै उध्रिएको, टाउकोमा चोट, दाहिने खकाल्नी खुस्किएको, देब्रे खुट्टा मर्किएको। अरू कतिका टाउका फुटे, कतिका हात खुट्टा भाँचिए कुनै हिसाब किताब थिएन। दुलाहा धनञ्जय धुस्रै र फुस्रै भएर रित्तो हात वरियाँत लिई फर्कियो। यो अरू केही थिएन, सिर्फ विहेमाथि "मनी" को उपद्रवीपूर्ण हस्तक्षेप थियो।

तपाईंले सुन्नु भएको छ कि छैन, मैले देखेको अर्को एउटा विहेको पनि छोटकरी वर्ण गरौं हे त ! राजधानी भन्दा नजिकैको एउटा अर्ध शहरदको मध्यम वर्गीय परिवारकी माइली छोरी सरला शिलस्वभावले सरल थिइन्। आइ. ए. सम्मको पढाइ सकेर घरमै गृहकार्य गर्दै बसेकी सरलालाई माग्नु गएको मोतिजङ्गले सरलाका बा आमासंग सरलाका साथसाथै एउटा हिरोहोण्डा मोटर साइकिल पनि माग गऱ्यो। बा आमाले हुन्छ पनि भन्न सकेनन्। हुन्न पनि भन्न सकेनन्। चल चल्तीको रू.७५ हजार नफ्याँकी हिरोहोण्डा नआउने। हिरो होण्डा नदुईंक्याई ज्वाई नपाइने। बूढाबूढीको मौनतालाई उसले "मौनम समर्पत्ति लक्षणम्" भन्ने अर्थ लगायो। कुरा छिनियो। वरियाँत जाने दिन तोकियो।

बाबु बाजेकै पाला देखिको सम्पत्तिको धाक देखाउँदै आएको मोतिजङ्ग ठाँटसंग सिंगारिएर नौमति बाजा बजाउँदै दिउँसोकै लगन छोप्न दुलहीको घर पुग्यो। दुलही घरको आँगन पनि यथाशक्य सिंगारिएको थियो। जीपबाट मोतिजङ्ग ओर्लिना साथै आँगनको ओरपर एक नजर लगायो। खाट पलङ्ग, गड्धुवाका निम्ति मालताल, कुर्सी दराज, सबै थिए तर उसको माग बमोजिमको हिरो होण्डा कतै देखेन। पुरेत बाजेले आफ्नो कर्म काण्ड सुरू गरे। दिउँसैको लगन भएको हुनाले कतिपय कर्मकाण्डका आइटम छोट्करी पनि भए। कन्यादानको महत्वपूर्ण आइटम आयो। दुलहा त नून खाएको कुखुरा झैं घोसेमुन्टो लाएर बस्या छ, छ। लिने र दिने नभै कन्यादान आइटम सम्पन्न नै नहुने। दिनेहरू पंक्तिवद्ध भएर जौ तिलकुश लिएर उभिएका छन् तर दुलाहा चट्पटाउँदैन। लगन उम्किने बेला भइसक्यो। जग्गेमा हाहाकार मच्चियो, किन दुलहालाई के भो कन्यादान थाप्न किन तयार भएनन् ! प्रश्न कौतहुल र खुल्दुलीलाई दुलाहाको एकै वाक्यले शामन गऱ्यो- "आँगनमा हिरो होण्डा तैनाथ नभएसम्म म कन्यादान पनि थाप्दिन दुदही अन्माउनु पनि पर्दैन।"

मोतिजङ्ग जस्तो योग्यवर नउम्काउन सरलाका बाबु आमाले १० कठ्ठा जमिन बन्दकी राखी ऋणपान गरेर पैसा जुटाइ हिरोहोण्डा खरीद गर्न पठाएका थिए, कुन्नि कुन कारणले हो लिन जानेहरू आइपुगेका थिएनन्। यता हिरो होण्डा दान हात नपरी कन्यादान नथाप्ने दुलाहा मोतिजङ्गको दृढ अडान प्रदर्शन भएपछि दुलही सरलाले पनि एउटा बलियो अठोट गरिछन्। लग्न खुस्केको आधा घण्टा भइसकेपछि गुर्राउँदै र हुर्रिंदै एउटा हिरो होण्डा डिलमा घ्याच्च रोकियो। त्यो देख्नासाथ दुलहीले दुलाहापट्टीबाटआएका लुगा कपडा चटाचट उतारिन, गहना फुकालिन्, मान्छेहरू आँखा झिम्म पनि नझिम्काइ हेरिहेका थिए, उनले ती सबै गरगहना र कपडा हिरोहोण्डालाई पहिऱ्याउन थालिन्। हेर्दा हेर्दै दुलहीका घाँटीको तिलहरी मोटर साइकिलको हेण्डिलमा लट्किया। दामी बाहिरी सारी मोटर साइकिलको पछाडिपट्टी लेपेटियो। मूल्यवान साटनको बाहिरी चोलो अगाडिपट्टी टाँगियो। यति गरिसकेपछि छेउको मेचमा दुलही चढिन् र सानो स्पीच दिइन्- "लौ दुलाहा साहेब ! तिमी दुलही लिन आएका रहेन छौं, मोटर साइकिल लिन



आएको रहेछौ, मोटर साइकिल तयार छ, बाबा आमा! मोटर माइकिलनै कन्यादान गरी दिनोस् !" उनी तुरुन्तै मेचबाट ओर्लिइन् र जगेको केराको थान अड्याउन गाडिएको किलो जोडले उखेलिन र काँधमा लिएर उनी कुर्लिन् "मलाई अन्माउन या जोर जबरजस्ती गर्न को आउँदो रहेछ उसको करङ् ठुन्का पार्न मैले पनि जानेकी छु।" बाबु आमा हेरेका हेरे भए, दुलाहा मोतिजङ्ग लोप्रे कान लाएर दुलही पनि र मोटर साइकिल पनि छोडेर फिर्ता भएको बैरङ चिट्ठी ! म्यारिजमा मनी हस्तक्षेपको यो स्वादलाग्दो अर्को घटना थियो।

यस्तै यस्तै खालको अर्को एउटा विहेमा म जन्त नै गएको छु। अगुल्टाले हानेको कुकूर विजुली चम्किंदा तर्सन्छ भने झैं जग्गेमा बसेकी दुलहीको ढसमस्स बेछन्दको जीउ देखेर लौ यहाँ पनि के उधुम हुने हो भन्ने लाग्दालाग्दै विहे निर्विघ्नतापूर्वक सम्पन्न भयो। दुलही अन्माउने बेलामा दाइजोको सामान लोड गर्न लगेको दुलाहापट्टीको एउटा ट्रकमा नअटेर दुलहीपट्टीबाटै अर्को एउटा ट्रकको बन्दोबस्त गरियो। नगदको बोल कबोल के कति थियो त्यो त थाहा भएन तर जिन्सी सामान कै मूल्य (गरगहनासमेतको हरहिसाब गर्दा) अनुमानित ८ लाख नाघ्यो। दुलाहा पनि सम्पत्तिमा कहलिएकै थिए। यो उपद्रो झन थपियो। साँझ झमक्क पर्दा दुलाहाको घरमा ढसमस्सकी दुलही भित्रिइन्। दाइजोको सरसमान थन्क्याउन ४ जना लाठेहरूलाई साढे दुई घण्टा लाग्यो। दुलही अन्माउनु भन्दा अघिको बहुभोज पेटमा छड्की रहेकै थियो, थप्नु पर्ने आवश्यकता ठानिनँ र मै जस्ता ठेट्ने साथीहरू पल्टी रहेको खाटमा घुस्रिएर निन्द्रा देवीको शरण परें।

उज्यालो हुन दुई घण्टा बाँकी हुँदै दुलहा घरमा शुरू भएको भिन्दै किसिमको सटरपटरर सञ्चाक सुरूक्कले मेरो निन्द्रा खुल्यो। सुन्छु कोही सुस्केरा काडीरहेको छ, कोही ठसठस् कनिरहेको छ। कसलाई के भयो भनेर अड्कल काट्दा नकाट्दै सुहागरातको निम्ति सिंगारिएको कोठाबाट एउटा नवजात शिशुले आफ्नो आगमनको पहिले संकेत गऱ्यो "च्याँहार च्याँहार"। कुखुरा बास्न नभ्याइ हिजो भित्र्याएकी दुलहीले सफलतापूर्वक जन्माएको घुतमुने छोरो पो वासेको रहेछ। म जऱ्याक जुरूक्क उठें र कोठावाट बाहिर निस्किएँ- उतापट्टी सुहागरातको निम्ति सिंगारिएको कोठाको ढोका अगाडि १२ घण्टा अगाडिसम्मका दुलाहा १२ घण्टा पछाडि जन्मिएको घुतमुने छोराको पिताश्री पुरपुरोमा हात राखी झोक्राइरहेका थिए। मैले उनलाई एकै पटक डब्बल वधाइ दिएँ र झिर्समिर्समै बाटो लागें। यसरी सम्पत्तिमा सम्पत्ति, साउँमा साउँ ज्याजमा व्याज हात पार्ने दुलाहालाई विचरा भन्नु कुनै आवश्यकता थिएन।

माथि वर्णित विहेका वर्णन केवल केही नमूना मात्रै हुन्। विहे भएको भोलिपल्टै दुलहीले पासो लगाइ आत्महत्या गरेको, कुनै दुलाहाले मेटासिड घुड्क्याइ दम्पच भएको आदि इत्यादि अनगिन्ति घटना सुनिएको छ देखिएको छ। दाइजो प्रयाप्त नपाएका कारण कैयौं दुलाहाले, दुलाहाका आमा बाबुले दुलहीलाई पिटिपिटि मारेको, मट्टितेल खन्याएर डढाएको, धारिलो हतियार प्रयोग गरी खुब्रुक्कै पारेको जस्ता घटना पनि प्रशस्तै प्रकाशमा आउने गरेका छन्। यो सबै अर्थात म्यारिजमा मनीले गरेको हस्तक्षेप पूरक परिणाम हुन्।

जब जब मेरो हातमा हिजो आज विहेका निम्तापत्रहरू पर्छन्, विहेमा जन्त जाने वा जग्गेमा जागरम बस्ने कुराको सम्झना मात्रले पनि मलाई काम ज्वरो छुट्न थाल्छ, सारसौंदा करणहरू त्यसै त्यसै चिल्चिलाउन थालेको अनुभव हुन्छ। कुन उत्पात र उपद्रव देख्नु पर्ने हो भन्ने त्रासले त्रस्त हुन्छु। विहे गर्ने नाम र निहुँमा दुलहीको हत्या कि आफू आत्महत्या गर्ने तनाबाना बुन्न थालेको हो भन्ने प्रश्न मनभरी मडारिन थाल्छ। म्यारिजमाथि मनीको हस्तक्षेपले मेरो मनस्थिति हतप्रभ बनाइरहेको छ र म तमाशा हेर्न बाध्य छु।

का.जि.का. द. नं. २१/०४९/५०























मानवअधिकार सम्बन्धी चेतना उन्नत बनाउन मानवअधिकार साहित्यको अध्ययन गरौं ।